यौनशिक्षा-३

आयुर्वेद आदि

वाजीकरण आदि

सङ्कलन : मोहन प्रसाद सापकोटा

सङ्कलन एवं नेपालीमा भावानुवाद : मोहनप्रसाद सापकोटा

विषयसूची

विषयसूची

विषयसूची

विषयसूची समाप्त भयो

पुरुष वा पतिको महत्व

(क) अष्टाङ्ग सङ्ग्रह :

न तु ता अपि शोभन्ते जरसानुगता इव । पुंयोगेन विना स्त्रीणां स हि संवननं परम्॥

पुरुष(पति)सँग नमिसिएसम्म स्त्री शोभायमान हुँदैनन्, बूढी जस्ता देखिन्छन् । पुरुष नै स्त्रीका लागि उत्तम जोडी हो ।

स्त्री वा पत्नीको महत्व

(क) **अष्टाङ्ग सङ्ग्रह :**

सारो हि जीवलोकस्य स्त्री स्त्रीगुणसमन्विता । स्त्रियः साद्ध्व्य प्रसुवते नरान् गुणमयानिव ॥
गोत्रवृद्धिकराह्येता गृहिण्यो गृहदेवताः । गृहं हि हीनमेताभिर्न श्रीमदपि शोभते ॥

जीवलोकको सार भनेका स्त्री हुन् । गुणवान् र पतिव्रता स्त्रीले त्यस्तै सन्तान जन्माउँदछन् । यिनले गोत्र बढाउँदछन् । असल गृहिणी घरकी देवी हुन् । उनी बिनाको घर शून्य हुन्छ । कुनै पनि किसिमको समृद्धिले पनि शोभा पाउँदैन ।

(ख) **कात्यायनस्मृति :**

मान्या चेन्म्रियते पूर्वं भार्य्या पतिविमानिता । त्रीणि जन्मानि सा पुंस्त्वं पुरुषः स्त्रीत्वमर्हति ॥

माननीय हुँदाहुँदै पनि पतिबाट अपमानित भएर मर्ने पत्नी तीन जन्मसम्म पुरुषत्वको र पुरुष स्त्रीत्वको अधिकारी हुन जान्छन् ।

(ग) **चरक संहिता :**

वाजीकरणमग्र्यं च क्षेत्रं स्त्री या प्रहर्षिणी ॥

सबभन्दा उत्तम वाजीकरण क्षेत्र (पुरुष जननेन्द्रिय) हो । उक्त क्षेत्रलाई हर्षित (उत्तेजित) बनाउने भनेकी स्त्री नै हुन् । (क्षेत्रको अर्थ खेत र यो प्रसङ्गमा स्त्री हुन् । किन कि तिनकै गर्भाशयमा गर्भको टुसा उम्रने गर्दछ) ।

इष्टा ह्येकैकशोऽप्यर्था परं प्रीतिकरा स्मृताः ।
किं पुनः स्त्रीशरीरे ये सङ्घातेन प्रतिष्ठिताः (व्यवस्थिताः) ॥

एक एक इच्छित विषयले धेरै प्रीति उत्पन्न गर्दछ । पुनः जब स्त्रीका शरीरमा सबै इच्छित विषय एकत्रित भएर रहेका हुन्छन् भने त्यहाँ प्रीतिको पराकाष्ठा नहुने कुरै भएन ।

सङ्घातो हीन्द्रियार्थानां स्त्रीषु नान्यत्र विद्यते । स्त्र्याश्रयो हीन्द्रियार्थो यः स प्रीतिजननोऽधिकम् ॥

इन्द्रियले चाहने विषयभोगका समूह स्त्रीहरूमा नै हुन्छ, अन्यत्र हुँदैन । हुन त रूप, रस आदि विषय अन्यत्र पनि रहेका हुन्छन् तर ती त्यति चाहना गर्दैनन् । जुन इन्द्रियविषय स्त्रीमा आश्रित हुन्छ त्यसले नै बढी प्रीति उत्पन्न गराउँदछ ।

स्त्रांषु प्रांातांवशेषण स्त्रांष्वपत्यं प्रांतांष्ठतम्। धमाथा स्त्रांषु लक्ष्मांश्च स्त्रांषु लोकाः प्रांतांष्ठताः॥

स्त्रीहरूमा विशेष किसिमले प्रीति रहेको (स्थापित, प्रतिष्ठित) हुन्छ । स्त्रीमा नै सन्तान रहेको हुन्छ । स्त्री मा नै धर्म, धन र लक्ष्मी रहेको हुन्छ । स्त्रीमा नै सबै लोक रहेको हुन्छ ।

सुरूपा यौवनस्था या लक्षणैर्या विभूषिता । या वश्या शिक्षिता या च सा स्त्री वृष्यतमा मता॥

रूपवती, युवती, शुभ लक्षण भएकी, सही आज्ञा पालन गर्ने (उच्छृङ्खल नहुने) र शिक्षित (कामकला अन्य ज्ञान भएकी) स्त्री नै वाजीकरणका लागि सर्वश्रेष्ठ स्त्री हुन्छन् भन्ने मान्यता छ ।

नानाभक्त्या तु लोकस्य दैवयोगाच्च योषिताम्। तं तं प्राप्य विवर्धन्ते नरं रूपादयो गुणाः॥

रुची र भाग्य अनुसार स्त्रीमा हुने रूप आदि गुणहरू अनुकूलको पुरुषलाई पाएर बढ्ने वा घट्ने गर्दछ ।

(घ) दक्षस्मृति, अध्याय ४ :

गृहवासः सुखार्थाय पत्नीमूलं गृहे सुखम्। अपत्यं धर्मकार्याणि शुश्रूषा रतिरुत्तमा ।
दाराधीनस्तथा स्वर्गः पितृणामात्मनश्च हि॥

घरमा बस्नु सुखका लागि हो र घरको सुखको आधार पत्नी हो । स्त्रीबाटै सन्तान, धर्मकार्यको सम्पादन, सेवा-लाभ, रति-सुख, पितृ-उद्धार र स्वर्ग पाउन सकिन्छ ।

(ङ) पराशरस्मृति, अध्याय १० :

डामरे समरे वापि दुर्भिक्षे वा जनक्षये । वन्दिग्राहे भयार्त्ते वा सदा स्वस्त्रीं निरीक्षयेत्॥

भयमा, युद्धमा, अकालमा, जनसंहारमा, बन्दी हुँदा तथा आतङ्कका समयमा सधैं आफ्नी पत्नीको हेरचाह गर्नू ।

(च) भागवत महापुराण, चौथो स्कन्ध, अध्याय २६ :

यदि न स्याद्गृहे माता पत्नी वा पतिदेवता॥ व्यङ्गे रथ इव प्राज्ञः को नामासीत दीनवत्॥

यदि घरमा आमा हुनु हुन्न र पतिलाई देवतासमान मान्ने पत्नी पनि छैन भने त्यो घर पाङ्ग्रा नभएको रथ समान हुन जान्छ, अनि त्यस्तो घरमा कुनचाहीँ बुद्धिमान दीन पुरुष भई बस्न मन पराउँदछ र ?

(छ) मनुस्मृति, अध्याय ३ :

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः । यत्रैतास्तु न पूज्यन्ते सर्वातत्राफलाः क्रियाः ॥
शोचन्ति जामयो यत्र विनशत्याशु तत्कुलम् । न शोचन्ति तु यत्रैता वर्धते तद्धि सर्वदा ॥
जामयो यानि गेहानि शपन्त्यप्रति पूजिताः । तानि कृत्याहतानीव विनश्यन्ति समन्वतः ॥
तस्मादेताः सदा पूज्याः भूषणाच्छादनाशनैः । भूतिकामैर्नरैर्नित्यं सत्कारेषूत्सवेषु च ॥
सन्तुष्टो भार्यया भर्त्ता भर्त्रा भार्या तथैव च । यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम् ॥
यदि स्त्री न रोचेत पुमांसं न प्रमोदयेत् । अप्रमोदात्पुनः पुंसः प्रजनं न प्रवर्त्तते ॥
स्त्रियां तु रोचमानायां सर्वं तद्रोचते कुलम् । तस्यां त्वरोचमानायां सर्वमेव न रोचते ॥

जहाँ नारीको पूजा हुन्छ, त्यहाँ देवताहरु निवास गर्दछन् जहाँ गरिँदैन त्यहाँ गरिने सबै कर्महरु निष्फल हुन्छन् । जुन कुलमा स्त्रीहरु दुःखी हुन्छन् त्यो कुल चाँडै नाश हुन्छ । जुन कुलमा दुःखी हुँदैनन् त्यो कुल सधैं बढ्दछ । जुन घरमा अपमान सहन नसकी स्त्रीहरुले श्राप दिन्छन् त्यो घर विषप्रयोग आदि जस्ता विपत्तिमा परेर नाश भएर जान्छ । त्यसैले ऐश्वर्य चाहने पुरुषले वस्त्र, गहना आदिले कुनै शुभ कर्म वा विवाह आदिमा स्त्रीहरुलाई सत्कार गर्नुपर्दछ । जुन कुलमा रहेका पतिहरु आफ्ना पत्नीदेखि र पत्नीहरु आफ्ना पतिदेखि प्रसन्न हुन्छन् त्यो कुलको निश्चय नै कल्याण हुन्छ । यदि स्त्रीलाई प्रसन्न राख्न सकिएन भने तिनले आफ्ना पतिलाई वंश चलाउन सहयोग गर्दिनन् । स्त्री वस्त्रादिले शोभित हुँदा कुल नै शोभित हुन्छ भने स्त्री मलिन हुँदा कुल नै मलिन रहन्छ ।

(ज) मनुस्मृति, अध्याय ९ :

कालेऽदाता पितावाच्यो वाच्यश्चानुपयन्पतिः । मृते भर्तरि पुत्रस्तु वाच्यो मातुररक्षिता ॥
अर्थस्य संग्रहे चैनां व्यये चैव नियोजयेत् । शौचे धर्मेऽन्नपक्त्यां च पारिणा ह्यस्य योजने ॥
या रोगिणीस्यात्तुहिता संपन्ना चैव शीलतः । साऽनुज्ञाप्याधिवेत्तव्या नावमान्या च कर्हिचित् ॥
देवदत्तां पतिर्भार्यां विन्दते नेच्छत्यात्मनः । तां साध्वीं बिभृयायान्नित्यं दीनां प्रियमाचरन् ॥

१६-१७ वर्षकी छोरीको विवाह नगर्ने पिता, ऋतुमती हुँदा सम्भोग नगर्ने पति तथा बाबुको मृत्यु पछि आमाको रेखदख नगर्ने पुत्र निन्दनीय हुन्छन् । प्रसन्न राख्नका लागि स्त्रीलाई पैसा जम्मा गर्ने, घरखर्च चलाउने, घर सफासुग्घर राख्ने, धर्मकार्य सफल बनाउने तथा घरका मूल्यवान वस्तुको रेखदेखको जिम्मा दिने गर्नू । दीर्घरोगी नै भए पनि पतिव्रता पत्नीलाई हैँला नगर्नू । अर्को विवाह गर्न चाहेमा उनको अनुमति लिएर गर्नू । विवाह इच्छाको होइन विधिको विधान हो जस्तीसँग विवाह भएपनि देवताकै पूजा सम्झी पुरुषले उनको उचित पालनपोषण गर्नू ।

विधाय वृत्तिं भार्यायाः प्रवसेत कार्यवान्नरः । अवृत्तिकर्षिता हि स्त्री प्रदुष्येत्स्थितिमत्यपि ॥
विधाय प्रोषिते वृत्तिं जीवेन्नियममास्थिता । प्रोषितो त्वविधायैव जीवेच्छिल्पैरगर्हितैः ॥
प्रजनार्थं स्त्रियः सृष्टा सन्तानार्थं च मानवाः । तस्मात्साधारणो धर्मः श्रुतोपत्न्यासहोदितः ॥
तथा नित्यं यतेयातां स्त्रीपुंसौ तु कृतक्रियौ । यथा नाभिचरेतां तौ वियुक्तावितरेतरम् ॥

परदेश जाँदा पत्नीको भरण-पोषणको समुचित व्यवस्था गरेर मात्र जानू, किनकि भोखप्यास र अभावले उच्च शीलवतीलाई पनि बाटो बिराउन विवश पार्दछ । यसरी व्यवस्था गरी पति परदेश गए पत्नीले संयमित भई नियमहरुको दृढ पालना गर्नू । ईश्वरले गर्भधारण गर्न तथा सन्तान जन्माउन स्त्रीको र गर्भाधान गराउन पुरुषको सृष्टी गरेका हुन् त्यसैले वेदमा स्त्री-पुरुषको सहधर्मको विधान भएको हो । स्त्रीपुरुषले एक पटकको विवाह-बन्धनको सम्बन्धलाई आमरण निभाउने प्रयास गर्नुपर्दछ । छुट्टै बस्न वा कुनै कुरो लुकिछिपी गर्नु हुँदैन ।

(झ) **याज्ञवल्क्यस्मृति, विवाहप्रकरण :**

लोकानन्त्यं दिवः प्राप्तिः पुत्रपौत्रप्रपौत्रकैः । यस्मात्तस्मात्स्त्रियः सेव्याः कर्तव्याश्च सुरक्षिताः ॥

यस लोकमा वंशवृद्धि तथा परलोकमा छोरा, नाती, पनातीले गर्दा सद्गति प्राप्त हुने माध्यम भएका स्त्रीको रक्षा र उचित पालन-पोषण गर्नुपर्दछ ।

(ञ) **विष्णुपुराण, दोश्रो अंश, अध्याय ६ :**

...माहिषकश्चैव....रुधिरान्धे पतन्ति..।

पत्नीको नराम्रो पेसाबाट बाँच्ने पति वा पुरुषहरू रुधिरान्ध नामको नरकमा खस्दछन् ।

सहवासका गुण

(क) राजवल्लभ निघण्टु :

व्यवायो धात्वपचयं कुरुते रत्यपत्यदः॥

मैथुनले धातु नाश गर्दछ तथा रतिसुख र सन्तान सुख दिन्छ ।

स्मृतिमेधायुरारोग्यपुष्टीन्द्रिययशोबलैः । अधिकानन्दजरसो भवन्ति स्त्रीषु संयुताः॥

विधिपूर्वक गरिने मैथुनले दिमागको ग्रहण गर्ने क्षमता, आयु, आरोग्यता, पुष्टी, इन्द्रियलाई बल, यश र शारीरिक बल प्राप्त हुन्छ । यसरी गरिने मैथुन बढी आनन्ददायक हुन्छ ।

सहवास गर्ने उमेर

(क) चरक संहिता :

नर्ते वै षोडशाद्वर्षात्सप्तत्याः परतो न च । आयुष्कामो नरः स्त्रीभिः संयोगं कर्तुमर्हति ॥

लामो आयु चाहने १६ वर्षभन्दा कम उमेरका र ७० वर्षभन्दा माथिका पुरुषले सहवासमा संलग्न नहुनू ।

अतिबालो ह्यसम्पूर्णसर्वधातुः स्त्रियं व्रजन् । उपतप्येत सहसा तडागमिव काजलम् ॥

अति कम उमेरको अर्थात् १६ वर्षभन्दा मुनिको बालक जसको रसदेखि वीर्यसम्मका धातु पूर्णरूपमा विकसित भएको नै हुँदैन, ती सहवासमा संलग्न हुन्छन् वा कृत्रिम यौनसन्तुष्टी लिन खोज्दछन् भने ती कम पानी तलाउ सुकेजसरी वा त्यसमा आश्रित वस्तु ५टपटाए जसरी अकस्मात् हुने धातु नाशबाट दुब्लो र दुःखी हुन पुग्दछन् ।

शुष्कं रूक्षं यथा काष्ठं जन्तुदग्धं विजर्जरम् । स्पृष्टमाशु विशीर्येत तथा वृद्धः स्त्रियो व्रजन् ॥

जसरी सुकेको र चिल्लो नभएको कीराले खाएर मक्किएको काठ छुनासाथ धुलो भएर नाश हुन्छ त्यसैगरी वृद्ध पुरुष पनि सहवासले गर्दा चाँडै नाश हुन्छ ।

सहवासका लागि दिनको अन्तर

(क) **अष्टाङ्ग सङ्ग्रह :**

द्व्यहाद्वसन्तशरदोः पक्षाद्वद्वृष्टिनिदाघयोः । सेवेत कामतः कामं हेमन्ते शिशिरे बली ॥

वसन्त र शरद् ऋतुमा दुई दिनको फरकमा, ग्रीष्म र वर्षा ऋतुमा पन्ध्र दिनको फरकमा तथा हेमन्त र शिशिर ऋतुमा (दुवैको) बल हेरी पुरुषले ग्राम्यधर्ममा संलग्न हुनू ।

(ख) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

सेवेत कामतः कामं तृप्तो वाजीकृतां हिमे । त्र्यहाद्वसन्तशरदोः पक्षाद्वर्षानिदाघयोः ॥

यौन सम्बन्धी वा सन्तानोत्पादन सम्बन्धी वैद्य-औषधी वा खानपिनको प्रयोग गरिरहेका पुष्ट स्त्रीपुरुष हेमन्त र शिशिर ऋतुमा इच्छा अनुसार ग्राम्यधर्ममा संलग्न हुनू । ग्राम्यधर्मलाई वसन्त र शरद् ऋतुमा तीन तीन दिनको र ग्रीष्म र वर्षा ऋतुमा पन्ध्र पन्ध्र दिनको अन्तर बनाउनू ।

(ग) **आयुर्वेद महोदधि :**

एक प्रहर (रातदिनको आठ भागको एक भाग, लगभग तीन घण्टा) रात बितेपछि उन्नत कुचस्तन भएकी स्त्रीसँग सधैं वीर्य एवं बलवर्धक पदार्थ सेवन गर्ने र रमण गर्न चाहनेले रमण गर्नू र तृप्त हुनू (र तृप्त पार्नू) ।

पुष्टधातुः समाग्निश्च निश्चिन्तोनीरुजः सुखी । नित्यं सेवेत युवतीं यथाशास्त्रं तदोपरि ॥

शरीरका सात वटै धातु पुष्ट हुने, पाचन शक्ति समान अवस्थामा हुने, चिन्तामा नडुबेको, रोग नलागेको र सुखी पुरुषले युवती (पत्नी) लाई शास्त्र अनुसार (बार्नुपर्ने दिन र समय बारेर) नित्य सेवन गर्नू ।

अहोरात्रात्परं केचित् षडहादपरे परे । मासेन याति शुक्रत्वमन्नं पाकक्रमादिति ॥

कोही वैद्य एक दिनरात बिताएर स्त्री-रमण गर्नु भन्दछन् भने कोही छ दिनरात बिताएर स्त्री-रमण गर्नु भन्दछन् किन कि पाचन क्रम अनुसार खाएको अन्न एक महिनामा वीर्य बन्दछ (भन्ने तिनको तर्क छ) ।

विचार्यैवं नृपः सम्यग्विचार्यादौ च रेतसः । कुर्वन्ति रागं नारीणामन्यथा रोगसम्भवः ॥

राजाले आफूमा रहेको वीर्यको अवस्था राम्ररी बुझेर मात्र ग्राम्यधर्ममा संलग्न हुने गर्नू, नत्र रोग लाग्दछ ।

(घ) भावप्रकाश सांहेता :

सेवेत कामतः कामं बलाद्वाजीकृतो हिमे । प्रकामं तु निषेवेत मैथुनं शिशिरागमे ॥
त्र्यहाद्वसन्तशरदोः पक्षाद्वृष्टिनिदाघयोः ॥

हेमन्त ऋतुमा वाजीकरणका ओखती खाई बलियो भएर इच्छा अनुसार ग्राम्यधर्ममा संलग्न हुनू । शिशिर ऋतुमा पनि इच्छा अनुसार नै ग्राम्यधर्ममा संलग्न हुनू । वसन्त र शरद् ऋतुमा तीन-तीन रातको अन्तरालमा तथा वर्षा र ग्रीष्म ऋतुमा पन्ध्र-पन्ध्र रातको अन्तरालमा ग्राम्यधर्ममा संलग्न हुनू ।

(ङ) राजवल्लभ निघण्टु :

त्रिभिस्त्रिभिरहोभिश्च सेवेत प्रमदां नरः । सर्वेष्वृतुषु ग्रीष्मेषु पक्षान्मासाद्व्रजेद्बुधः ॥

बुद्धिमान मानिसले सबै ऋतुमा तीन-तीन रात बिराएर सहवासमा संलग्न हुनुपर्दछ । तर ग्रीष्म ऋतुमा पन्ध्र-पन्ध्र रातमा वा एक-एक महिनामा सहवास गर्नुपर्दछ ।

(च) सुश्रुत संहिता :

त्रिभिस्त्रिभिरहोभिर्हि समेयात्प्रमदां नरः । सर्वेष्वृतुषु घर्मे तु पक्षात्पक्षाद् व्रजेद् बुधः ॥
(समेयात्-संगच्छेत् । घर्मे-ग्रीष्मे)

यस सम्बन्धमा सुश्रुत भन्दछन्-बुद्धिमान् मानिसले सबै ऋतुमा तीन-तीन रातको अन्तरालमा ग्राम्यधर्ममा संलग्न हुनू । तर, ग्रीष्म ऋतुमा पन्ध्र- पन्ध्र दिनमा संलग्न हुनू ।

चाहना मारेर सहवास नगर्दा हुने हानी

(क) **भावप्रकाश संहिता :**

शरीरे जायते नित्यं देहिनः सुरतस्पृहा । अव्यवायान्मेहमेदोवृद्धिः शिथिलता तनोः॥

प्राणीका शरीरमा नित्य सहवास गर्ने चाहना उत्पन्न हुन्छ । इच्छा हुँदा सहवास गरिएन भने त्यसले प्रमेह, बोसो वृद्धि र शरीरमा शिथिलता हुने गर्दछ ।

आयुष्मन्तो मन्दजरा वपुर्वर्णबलान्विताः । स्थिरोपचितमांसाश्च भवन्ति स्त्रीषु संयताः॥

नियमानुसार ग्राम्यधर्ममा संलग्न हुने पुरुषको आयु लामो हुन्छ, पाचनशक्तिको कमजोरी र बूढचौली चाँडै आउँदैन, शरीरको वर्ण चम्किलो भइरहन्छ, बल नाश हुँदैन, मासु स्थिर भएर बढिरहने गर्दछ ।

(ख) **राजवल्लभ निघण्टु :**

असेवनान्मेहमेदोग्रन्थिरग्नेश्च मार्दवम्॥

चाहना मारेर मैथुन नगर्दा प्रमेह, बोसोविकार, गाँठिरोग र पाचनशक्ति कमजोर हुने रोग निस्कन सक्दछ ।

अत्यांधक सहवासले गर्ने असर

(क) अष्टाङ्ग सङ्ग्रह :

भ्रमक्लमोरुदौर्बल्यबलधात्विन्द्रियक्षयः । अपर्वमरणं च स्याद्विशेषेणातिमैथुनात्॥

अति नै सहवास गर्नाले भ्रम, मानसिक थकाई, तिघ्रामा दुर्बलता, बल आयु र इन्द्रिय क्षय र विशेषतः अकाल मृत्यु हुने गर्दछ ।

(ख) भावप्रकाश संहिता :

क्षयवृद्ध्युपदंशाद्या रोगाश्चातीव दुर्जयाः । अकालमरणश्च स्याद्भजतः स्त्रियमन्यथा॥

अयोग्य प्रकारले स्त्री-सेवन गर्ने पुरुषलाई क्षयरोग, वृद्धिरोग, उपदंश आदि जस्ता रोग हुन्छन् र अकालमै मृत्यु पनि हुन सक्दछ । (सहवासका नियम रात्रिचर्या प्रकरण दिइएको छ, हेर्नू) ।

(ग) राजवल्लभ निघण्टु :

ग्लानिकाम्पोरुदौर्बल्यं धात्वेन्द्रियबलक्षयः । क्षयवृद्ध्युपदंशाद्या जायन्तेऽतिव्यवायतः॥
अतिव्यवायाज्जायन्ते श्वासकासज्वरादयः॥

धेरै सहवासमा संलग्न हुनाले मानसिक थकाई, कम्पन, तिघ्रा कमजोर हुने तथा धातु, इन्द्रिय र बल नाश हुने समस्या हुन्छ । क्षयरोग र उपदंश जस्ता रोग हुन पुग्दछ । अत्यधिक मैथुनले दम, खोकी, जरो आदि रोग निकाल्दछ ।

सहवास पछि तत्काल ध्यान दिनुपर्ने कुराहरू

(क) अष्टाङ्ग सङ्ग्रह :

स्नानाङ्गरागव्यजनेन्दुपादमांसासवक्षीररसान् रसालाम् ।
भक्ष्यान्सिताढ्यान्सलिलं सुशीतं सेवेत निद्रां च रतान्ततान्तः ॥

ग्राम्यधर्म पछि थकित व्यक्तिले नुहाउनू, चन्दन आदि दल्नू, पङ्खाको हावा खानू, चन्द्रमाको किरण सेवन गर्नू, मास, आसव (आयुर्वेदीक मदिरा), दूध, मासुको रस, सिखर्नी, चिनी बढी भएका खानपिन, चिसो पानी र निद्राको सेवन गर्नू ।

स्त्रीसंसर्गाद्धि सद्यः स्यात्क्लीबता बलिनामपि । एवं त्वाप्यायते शीघ्रं तेषां शुक्रं च धाम च ॥
दृष्ट्वाऽऽयुरोजःशुक्रानां क्षयं मेढ्राश्रयान् गदान् । वायोः कोपमधर्मं च मूढः प्राप्नोत्यतोऽन्यथा ॥

ग्राम्यधर्म्यले गर्दा बलिया व्यक्तिमा तत्काल नपुंसकता (कमजोरी) अवश्य नै आउने पर्दछ । यसरी माथि बताइएको विधि गर्नाले पुरुषको शुक्र र शुक्रस्थान तुरुन्त पुष्ट हुन्छ । यसको उल्टो गरिए त्यस्ता व्यक्तिको आयु, ओज र शुक्र क्षय हुन्छ तथा उसलाई प्रमेह, वायुका रोग र अधर्म हुन्छ ।

(ख) अष्टाङ्ग हृदय :

स्नानानुलेपनहिमानिलखण्डखाद्यशीताम्बुदुग्धरसयूषसुराप्रसन्नाः ।
सेवेत चानु शयनं विरतौ रतस्य तस्यैवमाशु वपुषः पुनरेति धाम ॥

ग्राम्यधर्म पछि पतिपत्नीले नुहाउनु वा आआफ्ना जननेन्द्रिय राम्ररी धुनु पर्दछ । यसपछि ऋतु अनुसार चन्दन, कस्तूरी आदिको लेप दुवैले शरीरमा दल्नु पर्दछ । शितल वायुको सेवन गर्नु पर्दछ । मिश्री, (शुद्ध) मिठाई, शीतल जल, (मनतातो) दूध, मासुको रस, मासको रस, (परम्पराले दिने भए) हल्का मदिरा (सुरा) वा चामलको मदिरा विशेष (प्रसन्ना) मध्ये कुनै एक ठिक्क मात्रामा खाई पिई पुनः सुत्नु पर्दछ । यसो गर्नाले तिनका शरीरमा पुनः शक्तिसञ्चार हुने गर्दछ ।

(ग) काश्यप संहिता :

बीजेऽवसिक्ते विधार्यावसर्पेत् । शीतोदकेन च शौचं कुर्यात् ।
तत ऊर्ध्वमग्निकर्मप्रतापायासव्यायामशोकादिवर्जनमिति ॥

(सन्तान प्राप्तिका उद्देश्यले गरिने सहवासमा) वीर्याधान भएपछि त्यसलाई ग्रहण गरी स्त्रीले बेग्लै सुत्नु पर्दछ । (यसको अभिप्रायः पुनः सहवासमा संलग्न नभइयोस् भन्ने हो) । ग्राम्यधर्म सकिएपछि चिसो पानीले गुप्ताङ्ग आदि सफा गर्नु पर्दछ । (चिसो पानीले स्त्रीको गुप्ताङ्गका मांसपेशी खुम्चन्छन् र गर्भ

बस्ने सम्भावना बढा हुन्छ) । यसपछि आगोको नजिकै बसी कुनै काम गर्न, (चर्को) घाम ताप्न, परिश्रम गर्न, व्यायाम गर्न र शोक गर्न हुँदैन ।

(घ) **चरक संहिता :**

गत्वा स्नात्वा पयः पीत्वा रसं वाऽनु शयीत ना । तथाऽस्याप्यायते भूयः शुक्रं च बलमेव च ॥

सहवास पछि पुरुषले नुहाएर दूध वा मासुको रस पिई सुत्ने गर्नू । यसो गर्नाले उ पुनः वीर्य र बलले पूर्ण हुने गर्दछ ।

(ङ) **भावप्रकाश संहिता :**

स्नानं सशर्करं क्षीरं भक्ष्यमैक्षवसंस्कृतम् । वातो मांसरसः स्वप्नः सुरतान्ते हिता अमी ॥

रातमा मैथुनमा संलग्न भएपछि नुहाएर चिनी वा मिस्री मिसाइएको दूध पिउनु, सक्खर हालेर बनाइएका लड्डू आदि पदार्थ खानु, बाहिर निस्केर शुद्ध हावा खानु, मासुको रस पिउनु र आनन्दसँग सुत्नु हितकर हुन्छ ।

(नोट : प्रायः सबै स्मृति र पुराणहरूले जुठोसूतक र ग्रहणमा बाहेक रातमा नुहाउन निषेध गरेको हुनाले सहवास पछि आ-आफ्ना जननेन्द्रिय राम्ररी सफा गर्नु नै शास्त्रसम्मत हुन्छ । आर्यावर्तभन्दा बाहिर बस्नेहरू रातमा पनि नुहाउन सक्दछन् ।)

यौन क्षमता बढाउने परिस्थिति

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

सेव्याः सर्वेन्द्रियसुखा धर्मकल्पद्रुमाङ्कुराः । विषयातिशयाः पञ्चशराः कुसुमधन्वनः ॥

ग्राम्यधर्ममा संलग्न हुन चाहनेले (सो समयमा) (१) कर्णप्रिय सङ्गीत (कानका लागि मनपर्ने कुरा), (२) छाम्दा नरम लाग्ने कुरा (छालाका लागि मनपर्ने कुरा), (३) हेर्दा नै आनन्द लाग्ने रूप (आँखाका लागि मनपर्ने कुरा), (४) स्वादिष्ट खानपिन (जिभ्रोलाई मनपर्ने कुरा) र (५) अत्तर आदि सुगन्ध (नाकलाई मनपर्ने कुरा) को अवश्य प्रयोग गर्नुपर्दछ किन कि यी पाँच कुरा नै कामदेवका पाँच बाण हुन् ।

इष्टा ह्येकैकशोऽप्यर्था हर्षप्रीतिकराः परम् । किं पुनः स्त्रीशरीरे ये संघातेन प्रतिष्ठिताः ॥
नामापि यस्या हृदयोत्सवाय यां पश्यतां तृप्तिरनाप्तपूर्वा ।
सर्वेन्द्रियाकर्षणपाशभूता कान्तानुवृत्तिव्रतदीक्षिता या ॥
कलाविलासाङ्गवयोविभूषा शुचिः सलज्जा रहसि प्रगल्भा ।
प्रियंवदा तुल्यमनःशया या सा स्त्री वृष्यत्वाय परं नरस्य ॥

माथि बताइएका मिठा सङ्गीत आदि हरेकले पनि हर्ष र माया उत्पन्न गर्दछन् । यी कुरा जब नारीका शरीरमा मिलेर प्रकट हुन्छन् अनि त के कुरा गर्नु र ! यी अत्यन्त मनमोहक हुन पुग्दछन् । किन कि जुन नारीको नाम मनमा तरङ्ग र उत्कण्ठाको कारण हुने गर्दछ, जसलाई हेरेका बेलामा मनमा अपूर्व सन्तोष हुन्छ, जुन नारी कान आदि सबै इन्द्रियलाई आफूतिर आकर्षित गर्ने जाल जस्ता हुन्छन्, जो पतिको आचरणरूपी व्रतमा दीक्षिता हुन्छन्, जसले चौसठ्ठी वटा कामकलाका विज्ञ हुन्छन्, जो विलास र लीलाले सुन्दर अङ्गले तथा जवानीले विभूषित हुन्छन्, जो शरीर, वस्त्र र मनले पवित्र हुन्छन्, लजाउँदछन् तर एकान्त रतिकालमा उत्ताउला हुन्छन्, जो मिठो बोल्दछन् र जो पतिको समान हुने खालको कामेच्छा गर्दछिन् ती नारी वाजीकरणका सर्वश्रेष्ठ कारण हुने गर्दछन् ।

आचरेच्च सकलां रतिचर्यां कामसूत्रविहितामनवद्याम् ।
देशकालबलशक्त्यनुरोधाद् वैद्यतन्त्रसमयोक्त्यविरुद्धाम् ॥

देश, समय, शारीरिक बल र मानसिक शक्तिको अनुकूल हुनेगरी अनेक थरी कामशास्त्रमा बताइएका चौसठ्ठी कला सहितको निन्दित कर्म विहीन तथा आयुर्वेदको सिद्धान्तको प्रतिकूल नहुने गरी रतिकर्मको सेवन गर्नुपर्दछ ।

अभ्यञ्जनोद्वर्तनसेकगन्धस्रक्चित्रवस्त्राभरणप्रकाराः ।
गान्धर्वकाव्यादिकथाप्रवीणाः समस्वभावा वशगा वयस्याः ॥

दीर्घिका स्वभवनान्तर्निविष्टा पद्मरेणुमधुमत्तविहङ्गा ।
नीलसानुगिरिकूटनितम्बे काननानि पुरकण्ठगतानि ॥
दृष्टिसुखा विविधा तरुजातिः श्रोत्रसुखः कलकोकिलनादः ।
अङ्गसुखर्तुवशेन विभूषा चित्तसुखः सकलः परिवारः ॥
ताम्बूलमच्छमदिरा कान्ता निशा शशाङ्काङ्का । यद्यच्च किञ्चिदिष्टं मनसो वाजीकरं तत्तत् ॥
मधु मुखमिव सोत्पलं प्रियायाः कलरणना परिवादिनी प्रियेव ।
कुसुमचयमनोरमा च शय्या किसलयिनी लतिकेव पुष्पिताग्रा ॥
देशे शरीरे च न काचिदर्तिरर्थेषु नाल्पोऽपि मनोविघातः ।
वाजीकराः सन्निहिताश्च योगाः कामस्य कामं परिपूरयन्ति ॥

गाजल लगाउने, बुकुवा घस्ने, सेचन गर्ने, नुहाउने, अत्तर आदि हाल्ने, माला लगाउने, हार लगाउने, रङ्गविरङ्गका कपडा लगाउने, अनेक थरी गहना लगाउने, गीत गाउन जान्ने, कविता आदि रची साहित्यमा रुची राख्ने, पुराण आदिका कथामा पोख्त, पतिको जस्तै स्वभाव भएकी, समान उमेरकी, अधीनमा रहने, घर नजिकै कमलका पराग तथा महले मदोन्मत्त चराहरूले सहित भएको तलाउ, नीलो पर्वतको नजीकै रहेको वन, सहरको नजिकै रहेको उपवन, आँखालाई सुख प्रदान गर्ने कोइलीको मिठो स्वर, शरीरलाई सुख दिने खालका तथा फरकफरक ऋतु अनुसारका श्रृङ्गार आभूषण; मनलाई आनन्द दिने पत्नी, पुत्र, नाति, दाजुभाई, दीदिबहिनी, नोकर आदि परिवार; पान, स्वच्छ र शुद्ध मदिरा, प्रिय नारी, जुनेली रात र अन्य मनलाई आनन्द दिने चाहे जस्तै खानपिन र विहारले वशीकरण हुने गर्दछ । अनि प्रियाको अनुहार जस्तो कमलको पत्तीले सहित भएको अंगूरको मदिरा, प्रियाको जस्तै मिठो स्वरले बज्ने बीणा (आदि), फूलको सुन्दर ओछ्यान, नरम पात र फूल भएका लहरा, देश र शरीरमा डाँका र रोगको अभाव, शान्ति, स्वस्थता, शब्द गीत आदि विषयमा स्वेच्छाचारीताको अभाव, सबै किसिमको सुखको उपलब्धता र सबै खालका वाजीकरणका मिश्रणको हर समयको सुलभता : यी सबैले त कामदेवको पनि कामना पूर्ण गरिदिन्छन् ।

(ख) आयुर्वेद महोदधि :

वायौ प्रवर्त्तिते चैव गात्रभङ्गं शिरोव्यथा । शून्यत्वं चैव मनसो विषादी क्रोधएव च ॥
सन्तापः परमं शोषं तृषा स्वप्नविपर्ययः ॥

वायुविकार बढेपछि वा शुक्र वा वीर्य निस्कनु पर्ने ठाउँमा हावा निस्कन थालेपछि शरीरका अङ्ग शिथिल हुन थाल्दछन्, टाउको दुख्दछ, मन शून्य हुन्छ, दुःख वा पछुतो हुन्छ, रिस उठ्दछ, मानसिक दुःख हुन्छ वा शरीर भतभती पोल्दछ, अति नै शोष हुन्छ, तिर्खा लाग्दछ र उल्टो निद्रा (राती नसुत्ने दिउस सुत्ने) हुन थाल्दछ ।

तत्र शीतं गुरु स्निग्धं मधुरं बृंहणं तथा । शीतं सन्तर्प्पणं हृद्यं सेव्यमन्नादिकं नरैः ॥
मनसो हर्षणं यद्यत्तत्सर्वं वृष्यमुच्यते ॥

यस अवस्थामा मानिसले शीतल, पचाउन कठिन हुने, चिल्ला, मिठा, पोषिला, शरीरलाई पुष्ट पार्ने र मनलाई प्रसन्न पार्ने अन्न आदि खानु पिउनु पर्दछ ।

(ग) भावप्रकाश संहिता :

विलासिनामर्थवतां रुपयौवनशालिनाम् ।
नराणां बहुभार्याणां विधिर्वाजीकरो हितः॥
स्थविराणां रिरंसूनां स्त्रीणां वाल्लभ्यमिच्छिताम्॥
योषित्प्रसङ्गात्क्षीणानां क्लीबानामल्परेतसाम् ।
हिता वाजीकरा योगाः प्रीणयन्ति बलप्रदाः॥
एतेऽति पुष्टदेहानां सेव्याः कालाद्यपेक्षया॥

सौखिन (विलासी), धनी, रूप र यौवनले सम्पन्न तथा धेरै पत्नी हुने पुरुषका लागि वाजीकरणको विधि हितकर हुन्छ । यसैगरी जो बूढो भएर पनि सहवास गर्ने चाहना राख्दछन्, जो स्त्रीबाट अति धेरै माया पाइरहुँ भनेर कामना गर्दछन्, असित सहवासले गर्दा जो दुब्लाएका छन्, सो उपचार गर्न सकिने खालका नपुंसक छन् तथा जसको थोरै वीर्य छ तिनका लागि वाजीकरणको विधि हितकारक, बलदायक र पुष्टिकारक हुने गर्दछ । हृष्टपुष्ट शरीर भएका मानिसले पनि देश, काल आदि विचार गरेर मात्र वाजीकरणका ओखती खाने गर्नुपर्दछ ।

भोजनानि विचित्राणि पानानि विविधानि च । गीतं श्रोत्राभिरामाश्च वाचः स्पर्शसुखस्तथा॥
यामिनी चन्द्रतिलका कामिनी नवयौवना । गीतं श्रोत्रमनोज्ञश्च ताम्बूलं मदिरा स्रजः॥
गन्धा मनोज्ञा रूपाणि चित्राण्युपवनानि च । मनसश्चाप्रतीघातो वाजीकुर्वन्ति मानवम्॥

अनेक थरी विचित्र भोजन, विविध प्रकारका पिउने कुरा, कर्णप्रिय वचन, छालालाई प्रिय लाग्ने कपडा र आभूषणको स्पर्श, चन्द्रमाको किरण भएको रात, युवती स्त्री, कान र मनलाई प्रिय लाग्ने गीत आदि, पान, मदिरा, माला, सुगन्ध, चित्रविचित्र स्वरूप, फूलको बगैंचा र जसले गर्दा मनमा चोट पर्दैन त्यस्ता कर्म : यी कुराले पुरुषलाई घोडाको जस्तै सहवास गर्ने शक्ति उत्पन्न गर्दछन् ।

(घ) विष्णुधर्मोत्तरपुराण :

सौराष्ट्री रोचना रोध्रं मधूकं त्रिफला मधु । भद्रमुस्तानि चूर्णानि वाजीकरणमुत्तम्॥

गोपीचन्दन, गोरोचन (वंशलोचन ?), लोध, महुवा, त्रिफला, मह र नागरमोथेको धुलो मर्दानगी बढाउनमा उत्तम ओखती हुन्छ ।

(ङ) हारांत सांहेता :

सरागविभ्रमकथालापैः सम्वर्द्धते मनः । शुक्रक्षये शुक्रवृद्धिं कथयिष्यामि साम्प्रतम्॥

मायालु भाषाको चापलुसी, स्त्रीसम्बन्धी कथाप्रसङ्ग आदिले मनको चाहना बढाउनू। वीर्यक्षय भई हुने नपुंसकतामा खाइने वीर्यवर्धक औषधीहरूका बारेमा बताइन्छ ।

यौनक्षमता नाश गर्ने कुराहरू

(क) भैषज्य रत्नावली :

अत्यन्तमुष्णकटुतिक्तकषायमम्लं क्षारं च शाकमथवा लवणाधिकं च ।
कामी सदैव रतिमान्वनिताभिलाषी नो भक्षयेदिति समस्तजनप्रसिद्धिः ॥

अति तातो खानपिन, अति पिरो, अति तितो, अति टर्रो, अति अमिलो, अति क्षारयुक्त, अति सागपात र अति नुन : यी कुराले यौनक्षमता नाश गर्ने हुनाले मानिसले यी कुराको प्रयोग नगर्नू ।

वीर्य नाशगर्ने कुराहरू

(क) अर्कप्रकाश :

असम्यङ्मारित स्वर्ण ... वीर्यं च नाशयेत् ।

रास्री भस्म नभएको स्वर्णभस्मले वीर्य पनि नाश गर्दछ ।

वीर्य नाश हुने कारण

(क) **अष्टाङ्ग सङ्ग्रह :**

चिन्ताजराभ्यां शुक्रं तु व्याधिभिः कर्मकर्शनात्॥
क्षयं गच्छत्यनशनात् स्त्रीणां चातिनिषेवणात्।

चिन्ता, बूढचौली, रोग, अत्यधिक परिश्रम, (पौष्टिक) खानाको अभाव र अति स्त्री-सहवासले वीर्य नाश हुन्छ ।

(ख) **आयुर्वेद महोदधि :**

जामुनु, खयर र आँपको दाउराले तताइएको "तडाग" जलले वीर्य नाश गर्दछ । मस्तुले वीर्य बढाउँदैन । अधिकांश सागपात वीर्यका लागि लाभदायक हुँदैनन्।

विषरोगज्वराच्चैव ह्यभिघातात्क्षयादपि । शुक्रं याति क्षयं नृणां ...।

विषाक्त वा विषजन्य पदार्थ, रोग, जरो; घाउ वा चोटपटक र क्षयरोग जस्ता कुनै पनि शरीरका धातु सुक्ने रोगका कारणले पुरुषको वीर्य वा शुक्र नाश (क्षय) हुन्छ ।

(ग) **चरक संहिता :**

जरया चिन्तया शुक्रं व्याधिभिः कर्मकर्षणात्। क्षयं गच्छत्यनशनात्स्त्रीणां चातिनिषेवणात्॥

बूढचौली, चिन्ता, रोग, अति धेरै काम गर्नाले गर्दा शरीर क्षीण हुनाले, भोकभोकै बस्नाले र अति धेरै सहवास गर्नाले वीर्य क्षीण हुन्छ ।

क्षयाद्भयादविश्रम्भाच्छोकात्स्त्रीदोषदर्शनात्। नारीणामरसज्ञत्वादविचारादसेवनात्॥
तृप्तस्यापि स्त्रियो गन्तुं न शक्तिरुपजायते । देहसत्त्वबलापेक्षी हर्षः शक्तिश्च हर्षजा॥

धातुहरू त्यसमा पनि विशेषगरी वीर्य क्षय हुनाले, डरले, अविश्वासले, स्त्रीमा कुनै दोष देखिनाले, स्त्रीहरू रसीक वा रसज्ञ नहुनाले, अभिचार वा तन्मन्त्रका प्रभावले, कहिल्यै सहवास नगर्नाले र सहवासबाट अघाएका पुरुषमा पनि सहवासको शक्ति उत्पन्न हुँदैन । उत्तेजनाले शरीर, मन र बलको अपेक्षा राख्दछ भने सहवास क्षमता हर्षले उत्पन्न हुने गर्दछ ।

(घ) **भैषज्य रत्नावली :**

चिन्तया जरया शुक्रं व्याधिभिः कर्मकर्षणात्। क्षयं गच्छत्यनशनात्स्त्रीणां चातिनिषेवणात्॥

धेरै चिन्ता, बुढचौली, रोग, दुःखदायक काम, भोको बस्ने कार्य, धेरै मैथुन आदि कारणले पुरुषको वीर्य नाश हुन्छ ।

वीर्य नाश भएर गर्ने असर

(क) **अष्टाङ्ग सङ्ग्रह :**

शुक्रक्षयात् भयाच्छोकादविस्रम्भादसेवनात्॥ अतिहर्षादतिस्थौल्यान्मलोपचयतः श्रमात्। स्त्रीणामकौशलाद्दोषदर्शनादभिचारतः॥ मेढ्रामयात् सुमहतः क्रोधतोऽधर्मकीर्त्तनात्। तृप्तस्यापि स्त्रियो गन्तुं न शक्तिरुपजायते॥

शुक्र क्षय भएपछि, डरले, शोकले, आत्मविश्वास कम हुनाले, सहवासमा संलग्न नहुनाले, धेरै उत्तेजित हुनाले, धेरै मोटो हुनाले, शरीरमा धातुजन्य मल थुप्रनाले, परिश्रमले, सहवाससम्बन्धी कलाको ज्ञान नहुनाले, स्त्रीमा कुनै दोष हुनाले, कसैले मन्त्रतन्त्र गरिदिनाले, जननेन्द्रियमा कुनै रोग हुनाले, धेरै ठूलो ध्वज हुनाले, रिसाइरहनाले र धर्मविरोधी कुरामा रम्नाले जतिसुकै तागतिला कुरा खाएपिएपनि पुरुषसँग स्त्रीलाई खुशी पार्ने अर्थात् सन्तुष्ट पार्ने शक्ति हुँदैन ।

(ख) **आयुर्वेद महोदधि :**

...तेन धातुक्षयो भवेत्॥

त्यसले गर्दा (वीर्य नाश हुनाले) शरीरका बाँकी छ वटै धातु (रगत, पित्त, मासु, बोसो, मासी र हाड) पनि नाश हुन थाल्दछ ।

सर्वेषामेव धातूनां प्रधानं शुक्रमुच्यते । तस्मिन् क्षीणे क्षयं यान्ति मांसरक्तरसादयः॥

धातुहरूमा शुक्रलाई प्रमुख धातु भनिन्छ । त्यो नाश हुँदा मासु, रगत, रस आदि सबै धातु नाश हुन्छन् ।

तेनाङ्गं शुष्यते नृणां बलक्षीणाश्च मानवाः । न भवेत्कर्मसामर्थ्यं स्त्रीषु हर्षो न जायते॥

त्यसले गर्दा मानिसका अङ्ग सुक्दछन्, बल नाश हुन्छ, काम गर्ने शक्ति हुँदैन र स्त्रीमा वा स्त्रीप्रति आनन्द पनि हुँदैन ।

सन्तानको महत्व

(क) **अष्टाङ्ग हृदय :**

अच्छायः पूतिकुसुमः फलेन रहितो द्रुमः । यथैकश्चैकशाखश्च निरपत्यस्तथा नरः ॥

जस्तो छाया नदिने, गनाउने फूल फुल्ने, फल नफल्ने, ठिङ्ग एक्लो र एउटा मात्र हाँगा हुने वृक्ष हुन्छ त्यस्तै छोरा, छोरी, नाति नातिना नहुने मानिस हुन्छ ।

स्खलद्गमनमव्यक्तवचनं धूलिधूसरम् । अपि लालाविलमुखं हृदयाह्लादकारकम् ॥
अपत्यं तुल्यतां केन दर्शनस्पर्शनादिषु । किं पुनर्यद्यशोधर्ममानश्रीकुलवर्धनम् ॥

छोरा, नाति आदि सन्तान जब बच्चा हुँदा लड्दैपड्दै हिँडने गर्दछन्, राम्ररी बोल्न पनि सक्दैनन्, धुलोमैलोले लतपत हुन्छन् र तिनका मुख पनि राल आदि लतपतिएको हुन्छ र पनि तिनले मनलाई आनन्द दिन्छन् । तिनलाई हेर्दा र काखमा लिँदा जुन आनन्द प्राप्त हुन्छ त्यसको तुलना संसारको कुन कुरासँग गर्न सकिन्छ र ? पछि यिनै सन्तान ठूला भएर यश, धर्म, सम्मान, धन र कुलको वृद्धि गर्दछन् भने अरु के कुरा गर्नू र ?

अदृष्टपुत्रपौत्रस्य कुलतन्त्वन्तवर्त्तिनः । संसारसुखबाह्यस्य कीदृशं नाम जीवितम् ॥

जसले नातिनातिनाको मुख देख्दैन, कुलको अन्तिम चिनो भएर सांसारिक सुखबाट बञ्चित भएर बस्दछ, त्यसले बाँचेर नै के गर्नु ?

असम्बन्धोह्यपुत्रस्य नित्यमेव परः परः । सीदत्यस्यावसाने च गृहं सुस्थेप्यनायकम् ॥

पुत्र बिनाको मानिसको सम्बन्ध जोसुकैसँग जतिसुकै राम्रो भएपनि उ मरेपछि त्यो सम्बन्ध सकिन्छ । उ जतिसुकै धनी भएपनि स्वामी र हकदार बिनाको धन नासिन्छ ।

(ख) **चरक संहिता :**

अच्छायश्चैकशाखश्च निष्फलश्च यथा द्रुमः । अनिष्टगन्धश्चैकश्च निरपत्यस्तथा नरः ॥

छहारी नदिने, एउटा हाँगा भएको, फल नफल्ने, गनाउने र एउटा मात्र ठिङ्ङ उभिएको वृक्ष र सन्तान नभएका पुरुष उस्तै हुन् ।

चित्रदीपः सरः शुष्कमधातुर्धातुसन्निभः । निष्प्रजस्तृणपूलीति ज्ञातव्यः पुरुषाकृतिः ॥

सन्तानहीन पुरुष चित्रमा देखिने दियोजस्तो, सुकेको तलाउजस्तो र देख्नमा मात्रै सुन आदि धातुजस्तो घाँसपातले बनाइएको पुत्लासमान हुन्छ ।

अप्रतिष्ठश्च नग्नश्च शून्यश्चैकेन्द्रियश्च ना । मन्तव्यो निष्क्रियश्चैव यस्यापत्यं न विद्यते॥

जुन पुरुषका सन्तान हुँदैन उ प्रतिष्ठा नभएको, कसैले पनि दुःखबाट बाहिर ननिकाल्ने, शून्य, एउटा मात्र इन्द्रिय भएको र निष्क्रिय हुन्छ ।

बहुमूर्तिर्बहुमुखो बहुव्यूहो बहुक्रियः । बहुचक्षुर्बहुज्ञानो बह्वात्मा च बहुप्रजः॥

धेरै सन्तान हुने पुरुष धेरै मूर्ति भएको, धेरै मुख भएको, धेरै सङ्ग भएको, धेरै कर्म भएको, धेरै आँखा भएको, धेरै ज्ञान भएको र धेरै आत्मा भएको हुन्छ ।

मङ्गल्योऽयं प्रशस्योऽयं धन्योऽयं वीर्यवानयम् । बहुशाखोऽयमिति च स्तूयते ना बहुप्रजः॥

धेरै सन्तान हुने पुरुषलाई यो मङ्गलमय, प्रशस्त, धन्य, वीर्यशाली र धेरै शाखाको छ भनी मानिसहरू प्रशंसा गर्ने गर्दछन् ।

वृष्य

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

यत्किञ्चिन्मधुरं स्निग्धं बृंहणं बलवर्धनम् । मनसो हर्षणं यच्च तत्सर्वं वृष्यमुच्यते ॥
द्रव्यैरेवंविधैस्तस्माद्दर्पितः प्रमदां व्रजेत् । आत्मवेगेन चोदीर्णः स्त्रीगुणैश्च प्रहर्षितः ॥

मिठा, चिल्ला, पुष्टिदायक, बलवर्धक र मनलाई आनन्द दिने खालका जुनसुकै खानपिनलाई "वृष्य" वा भनिन्छ । यसैले यस्ता पदार्थ (दुवैले) खानपिन गरी अभिमान पूर्वक मनमा कामवासनायुक्त वेगले प्रेरित भई नारीका गुणबाट खुशी हुँदै चाहना गर्ने स्त्रीका साथ सहवासमा संलग्न हुनू ।

(ख) **चरक संहिता, भैषज्य रत्नावली :**

यत्किञ्चिन्मधुरं स्निग्धं जीवनं बृंहणं गुरु । हर्षणं मनसश्चैव सर्वं तद्वृष्यमुच्यते ॥

मिठा, चिल्ला, आयुवर्द्धक, पौष्टिक, ढिला पच्ने र मनपर्ने खालका पदार्थलाई वृष्य भनिन्छ ।

वृष्य पदाथ

(ख) अग्निपुराण :

कलम्बिकानि माषाश्च वृष्यौ क्षीरघृतौ तथा ।

करमको साग, मास, दूध र घिउ पनि वृष्य हुन्छ ।

(ख) अर्कप्रकाश :

काउसो, ऐंशेलु, मेदा, बिरी, पातालगरुडी, रुदिलो, वीरण, दुग्धकन्द गण, राजवारुणी, पर्णमृगको मासु, विष्किरवर्गका चराको मासु, कूलेचर जीवको मासु वा फुलको अर्क तथा भाङसँग खाइने स्वर्णभस्म एवं रतजभस्म र चिल्ला पदार्थ वृष्य हुन्छ ।

(ग) आयुर्वेद महोदधि :

भलायो वा पलाँश वा डुम्रीको दाउराले तताइएको शुभ पानी, सुनको वा राङको भाँडामा तताइएको पानी, माटाको भाँडामा तताइएको पानी, ढोईको दूध, दुहुँदा दुहुँदैको तातो दूध, खीर, भैंसीको दही, बाख्रीको दही, दहीको सार वा सर, राम्ररी नजमेको दही (अति नजमेको), ताजा र चिसो नौनी, तातो नौनी, घिउ, गाईको घिउ, भलायोको तेल, सेतो उखु, कालो उखु, पौण्ड्रक जातको उखु, भीरुक जातको उखु, दाँतले चबाएर खाइएको उखुको लाँक्रो वा तरीको अमृतरूपी रस, उखुको खुँदो, मिस्री, मदिरा, पतङ्ग जातको मार्सी चामल, भिजाइएको चना, पुष्पालम्ब महामोदक नामक लड्डू, "घारिका, इण्डारिका, अपूप, वटिका, वटक आदि" नामका खानेकुरा, घेवर, भुङ्गोमा पकाइएको गहुँको माड, कालो सातू, दारिम, बिमिरोको गुदी, नरिवल भित्रको पानी, अमला, पानीअमला, मौसम अनुसार पाकेको आँप, चिरौंजी, खजुर, छोकडा, करेलो, अदुवा, गिठो वा वाराहीकन्द, कुभिण्डो, सिंधनी (?), कमलको डाँठ, सिङ्गडा, लाभेचराको मासु, कालो तित्रोको मासु (अति), सेतो तित्रोको मासु (अति), कपिञ्जल (?) को मासु, उपकारिका (?) को मासु, मुजुरको मासु (अति), कुखुराको मासु, भँगेराको मासु (अति), मलेवाको मासु, हरिणको मासु, घर खरायोको मासु, बँदेलको मासु, कालो सर्पको मासु, नदीका माछाको मासु, कुवाका माछाको मासु, तलाउका माछाको मासु, समुद्रका माछाको मासु, शृङ्गी माछाको मासु, पाठिन माछाको मासु र सेतो कपडा : यी पदार्थ वृष्य हुन्छन् ।

(घ) धन्वन्तरि निघण्टु :

गुन्दरगानु, ओदानेकाँडो, दूधेकल्छेलहरो, जेठीमधु, बिराले लहरो, दूधे बिराले लहरो, काउसो, कुभिण्डो, मृगसिङ्गा, अमला, अश्वगन्धा, कटसरैया, बलु, महाबलु, अतिबलु, पाँच थरी बलु, बिरीलहरो, कुरिलो, कुरिलोविशेष (सहस्रवीर्या), रातो र सेतो अँडिर, पहाडी सुपको पात, मदिसे सुप, सिँधेनुन, सुठो, अदुवा, चन्दन, टुनी, जाइफल, ल्वाङ, सुनामक्खी, कवई, सेतीगेडी, लसुन, प्याज, केरा, उखु, काँस झार, मुज झार, द्यौनिगालो, अमारोको फल, मोसमको फल, मधुबिमिरो, महुवा, पानी महुवा, मुनक्का, किम्बु, पाकेको चिरौंजी, नरिवल, बाह्रमासे गुलाफ, प्रशोधित स्वर्णभस्म,

प्रशोधित रतजभस्म, प्रशोधित पित्तलभस्म, प्रशोधित सिसाभस्म, प्रशोधित लोहभसम, हिङ्गुल, बिल्लौर, पन्ना, हीराभस्म, महामार्सी धान, जौ, राजमा, गहुँ, मास, चना, जुनेलो, खसखस, काउसोको तेल, गाईको घिउ, ढोईको दूध, भेडीको दही, दहीको तर, तक्र, पीयूष, मोरट, ताजा नौनी, चिनी, आक्षिकी सुरा, कोहल मदिरा, नरिवलको पानी, नरमूत्र, बोकाखसीको मासु, एडक जातका भेडाको पुच्छरतिरको मासु, बाघको मासु, बनेलको मासु, राँगाभैंसीको मासु, रोहित माछा, सिङे माछा, माछा, नदीका माछा, तलाउका माछा, शिशुमारको मासु, मुसाको मासु, बाँदरको मासु, सुँगाको मासु, मैनाको मासु, हाँसको मासु, कुखुराको मासु, राजीमद जातको सर्पको मासु, गँगटोको मासु, त्रिफला, चातुर्भद्रक, जीवनीय पञ्चमूल, वेशवार, सम्भार नामक परिकार, शिखरिणी, सुगन्धामलक र सन्तर्पण वृष्य हुन्छ ।

(ङ) **भावप्रकाश निघण्टु :**

अमला, सुठो, पिप्ला, महसँग खाइने पिप्ला, जङ्गली ज्वानु, जीरा, धनियाँ, वंशलोचन, मेदा, महामेदा, वृद्धि, लसुन, भलायोको गुदी, अफिमका बीज, सिँधेनुन, कपूर, लथाकस्तूरी, रक्तचन्दन, गोकुलधूप, ताजा गोकुलधूप, शलिरस नामक अरबी धूप, कपुरपाती, खमारीको फल, चाल्ने सिस्नु, ओदानेकाँडो, सेतो आँकको फूल, रातीगेडी, सेतीगेडी, काउसो, मांसरोहिण, कपासका बीज, मुज, ठूलो गुँद, मुसलीकन्द, कुरिलो, बाटुल्पाते, तालमखाना, घिउकुमारी, भोटे खयर, शङ्खपुष्पी, दुधेभ्फार, कमलको केशर, कमलको डाँठ, बारमासे गुलाफ, दमना भफार, टुनी, पलाँश, सिमलको खोटो, पाकेको आँप, दूधसँग खाइने पाकेको आँप, अमारो, रूख कटहरका बीज, बडहर, पाकेको केरा, खरबुजो, चिरौंजी, खिर्नी, कमलको बीज, सिँगडा, दाख, मदीसे बदाम, नासपाती, स्वर्णभस्म, स्वर्णमाक्षिक, तारमाक्षिक, पारोभस्म, मोतिभस्म, मार्सी चामलको भात, मुजका बीज, परबरका पात, ठूलो तापे, कुभिण्डो, लौका, परबर, काउछेसिमी, कमलको गानु, जाङ्गल जीवको मासु, पर्णमृगको मासु, विष्किर वर्गमा पर्ने चराको मासु, कूलेचर जीवको मासु, खोलभित्र रहने जीवको मासु, माछा, बारसिङ्गेको मासु, कुखुराको मासु, चराको फुल, दुम्बक जातको भेडाको मासु, राँगाको मासु, रहु माछाको मासु, माछाको फुल, नदीमा हुने माछाको मासु, तलाउमा हुने माछाको मासु, तापहरी नामक परिकार, नरिवलको खीर, मण्डक नामक परिकार, लप्सिका नामक परिकार, बेढमिका नामक परिकार, अलिकमत्स्य नामक परिकार आदि वृष्य हुन्छन् ।

सैजनका बीज, पिर्रैविशेष, कुसुमका बीज, जुनेलो, अवृष्य हुन्छ ।

वीर्यवृद्धि

(क) **अष्टाङ्ग सङ्ग्रह :**

शुक्रक्षये क्षीरसर्पिषोरुपयोगो मधुरस्निग्धशीतानामपरेषां च द्रव्याणाम्॥

शुक्रक्षय हुँदा दूध र घिउ अथवा गुलिया, शीतल र चिल्ला पदार्थहरूको उपयोग गर्नुपर्दछ ।

मेदादिभिश्च कर्षांशैः शृतं बाष्कयणं पयः । सशर्कराक्षौद्रघृतं शुक्रवृद्धिकरं परम्॥

मेदा, अश्वगन्धा, सुगन्धवाल, कल्छेलहरो, ऋषभक र जीवक : यी ओखती एक एक कर्ष जम्मा पारी बियाएर एक वर्ष पुगेकी र बाच्छो जिउँदै भएकी गाई (बाष्कयण) को दूधमा पकाएर त्यसमा चिनी, मह र घिउ हाली खानाले अति नै शुक्र बढाउँदछ ।

पयः पयस्यया सिद्धं शुक्रकृत्साज्यमाक्षिकम्॥

दूध, खिर, घिउ र महको मिश्रण खानाले शुक्रको उत्पादन बढ्दछ ।

दध्नः सरेण सघृतो भक्षितः षष्टिकौदनः । सैलातुगोषणक्षौद्रः शर्कराढ्येन शुक्रकृत्॥

दहीको तर, अलैंची, वंशलोचन, मरिच वा सुठो, मह, चिनी र घिउ हालेर सठिया चामलको भाथ खानाले वीर्यवृद्धि हुन्छ ।

(ख) **आयुर्वेद महोदधि :**

जे जे खानाले वा पिउनाले मानिसको मन प्रसन्न हुन्छ ती ती सबै कुरा वीर्यवर्धक हुन्छन् भनी मानिन्छ ।

वदन्ति केचिन्मुनयः कामशास्त्रविचक्षणाः ।
वृष्यान्नपानयोगेन सद्यः शुक्रं प्रवर्द्धते॥

अरु कोही कामशास्त्रका विज्ञ मुनिहरू भन्दछन् कि पोषिलो र वीर्यवर्धक खानपिनले तुरुन्तै वीर्य बढ्दछ ।

शीतं सन्तर्प्पणं हृद्यं सेवयित्वा पुनः पुनः । शुक्रप्रवृत्तिः सम्भोगे मेहनं च दृढं भवेत्॥

शीतल, तृप्तिकारक, मनमोहक कुरा पटक पटक खाइरहनाले शुक्र बन्ने क्रममा वृद्धि हुन्छ र ग्राम्यधर्मका लागि पुरुषेन्द्रिय पनि बलियो हुन्छ ।

(ग) कालिकापुराण :

ताम्रायः स्वर्णशीसानां पात्रस्थं फलचर्मणोः । शुक्रवृद्धिकरं तोयं तदुपासीत यत्नतः ॥

तामा, फलाम, सुन, राङ, नरिवलको फल र छालाका भाँडामा राखिएको जलमा शुक्रवृद्धि गर्ने गुण हुन्छ, अतः यसलाई प्रयत्नपूर्वक पिउने गर्नू ।

(घ) काश्यप संहिता :

हेमन्त ऋतुको वर्षादको पानी, मासु र बनेलको मासु वीर्यवर्धक हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

गुण्ठ नामक बूटीले रज र वीर्यलाई प्रशोधन गर्दछ । सेतो आँक, पाकेको बिमिरो र सिमीले वीर्य नाश गर्दछ । जीवनीय गणका ओखतीले वीर्यका विकार नाश गर्दछ ।

शुक्रं तेजो बलं पुंस्त्वं पौरुषं हर्षसम्भवम्॥ रेतो वीर्यं वृद्धिकरं शिरःस्थं सप्तधातुजम् ।

शुक्र, तेज, बल, पुंस्त्व, पौरुष, हर्षसम्भव, रेत, वीर्य, वृद्धिकर, शिरःस्थ र सप्तधातुज : यी वीर्यका पर्यायवाची नामहरू हुन् ।

(च) भावप्रकाश संहिता :

यस्माच्छुक्रस्य वृद्धिः स्याच्छुक्रलं हि तदुच्यते ।
यथा नागबलाद्याः स्युर्बीजं च कपिकच्छुजम्॥

जुन पदार्थले वीर्य बढ्दछ त्यो द्रव्यलाई "शुक्रल" भनिन्छ । जस्तै : नागबलु आदि र काउसोको बीज ।

दुग्धं माषाश्च भल्लातफलमज्जाऽमलानि च । एतानि जनकानि स्यू रेचकानि च रेतसः॥
(जनकानि प्रभावाच्छीघ्रमेव रसाद्युत्पादनपूर्वकं शुक्र जनयन्ति । रेचकानि आधिक्यात्प्रवर्तयन्ति च ।)

दूध, मास, भलायोको गुदी र अमला : यी ओखतीले आफ्नो प्रभावले शरीर भित्र चाँडै रस आदि धातु उत्पन्न गरी वीर्यलाई प्रकट (उत्पादन) गर्दछन् । वीर्य धेरै भएपछि त्यसलाई बाहिर पनि निकाल्दछन् ।

प्रवर्तिनी स्त्री शुक्रस्य रेचनं बृहतीफलम् । जातीफलं स्तम्भकं स्यात्कालिङ्गं क्षयकारि च ॥

(स्त्री स्मरणकीर्तनदर्शनसम्भाषणस्पर्शनचुम्बनालिङ्गनाधुवनैः समस्तैः व्यस्तैश्च शुक्रस्य प्रवर्तनी प्रवृत्तिकारिणी । रेचनं बृहतीफलम् । बृहत्कण्टकारीफलमपि शुक्रस्य रेचकं प्रवर्तकम् । कालिङ्गं-राजकर्कटी ।) ।

स्त्री पुरुषका शरीरमा वीर्य उत्पादक हुन्छन् । (यिनलाई सम्झनाले, यिनको नामरूप को चर्चा गर्नाले, यिनलाई हेर्नाले, यिसँग कुराकानी गर्नाले, यिनलाई छुनाले, यिनलाई चुम्बन गर्नाले, यिनलाई अँगालो हाल्नाले र सहवास गर्नाले : यी सबै कार्य गर्नाले अथवा कुनै थोरै कार्य गर्नाले वा एउटै कार्य गर्नाले पनि वीर्य उत्पन्न हुने गर्दछ) । बिहीँको फलले वीर्यलाई बाहिर निकाल्दछ । जाइफलले वीर्यलाई बाहिर निस्कनबाट रोक्दछ । तरबुजोले वीर्य नाश गर्दछ ।

(छ) सुश्रुत संहिता :

भोजनानि विचित्राणि पानानि विविधानि च । वाचः श्रोत्रानुगामिन्यस्त्वचः स्पर्शसुखास्तथा ॥
यामिनी सेन्दुतिलका कामिनी नवयौवना । गीतं श्रोत्रमनोहारि ताम्बूलं मदिराः स्रजः ॥
गन्धा मनोज्ञा रूपाणि चित्राण्युपवनानि च । मनसश्चाप्रतीघातो वाजीकुर्वन्ति मानवम् ॥

अनेक किसिमका भोजन, अनेक किसिमका पिउने पदार्थ, कानलाई मनपर्ने बोली, छालाका लागि सुखदायक स्पर्श, चन्द्रमा उदाउने रात, जवानी बढिरहेकी पत्नी, कानलाई मनपर्ने खालका गीत, पेय पदार्थ, मदिरा, माला, मनमोहक अत्तर आदि, मनमोहक विविध किसिमका रूप, बगैँचा र उपवन तथा उदास नभएको मन : यी कुराले मानिस वीर्यवान् हुन्छ ।

(ज) हारीत संहिता :

वर्जयेत्कटुकं चाम्लं तीक्ष्णं चोष्णं विदाहि च । रूक्षं वापि च सौवीरं प्रोक्तानि चेन्द्रियक्षतौ ॥
पलाण्डुयवनं कन्दांस्तिलान्माषान्यथाबलम् । तथौदनं विशालीनां दुग्धं चेक्षुरसं तथा ॥
वास्तुकं चिल्लकानाञ्च पथ्ये शुक्रक्षयादपि । वर्जित्वा सूरणं शुण्ठी योगयुक्तो न योजयेत् ॥

वीर्यक्षय रोगमा पिरो, अमिलो, तिक्खर स्वादको, उष्णवीर्यको (वा तातो), शरीरलाई डाह गर्ने र रुखा खानपिन तथा र सौवीर नखानू । यसैगरी प्याज आदि कन्दमूल, मास, मार्सी चामलको भात, दूध, उखुको रस, बेथेको साग र चिल्लक जातको वेथेविशेष : यी कुरा वीर्यक्षय भएका रोगीले आफ्नो पाचनशक्ति विचार गरी खाने गर्नू । यी कुरा यो रोगमा हितकर हुन्छन् । यो रोगका रोगीलाई ओल, र सुठो खान नदिनू ।

वाजीकरणको परिभाषा

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

बाजीवाऽतिबलो येन यात्यप्रतिहतोऽङ्गनाः॥ भवत्यतिप्रियः स्त्रीणां येन येनोपचीयते।
तद्वाजीकरणं वि(त)द्धि देहस्योर्जस्करं (देहस्यौजस्करं) परम्॥

जे कुराको सेवन गर्नाले मानिस अति बलियो, घोडाको जस्तो रतिशक्ति पाउने, नारीहरूबाट माया पाउने, शरीर पुष्ट हुने र शरीरको ओज बढ्ने गर्दछ त्यस्ता कुरालाई “वाजीकरण” भनिन्छ।

(ख) **चरक संहिता :**

येन नारीषु सामर्थ्यं वाजीवल्लभते नरः। व्रजेच्चाभ्यधिकं येन वाजीकरणमेव तत्॥

जुन आहारविहार वा ओखती सेवन गर्नाले पुरुष घोडाले जसरी स्त्री-सेवन गर्न समर्थ हुन्छ तथा धेरै बेरसम्म सहवासमा संलग्न हुन सक्दछ त्यसलाई “वाजीकरण” नै भनिन्छ।

(ग) **भावप्रकाश संहिता :**

यस्माद् द्रव्याद्भवेत्स्त्रीषु हर्षो वाजीकरं हि तत्। यथाऽश्वगन्धामुसली शर्करा च शतावरी॥
(हर्षः-रन्तुं समुत्साहः।)।

जुन पदार्थ प्रयोग गर्नाले स्त्रीसँग रमण गर्न उत्साह हुन्छ, त्यस्तो पदार्थलाई “वाजीकर” भनिन्छ। जस्तै :- अश्वगन्धा, मुसलीकन्द, मिश्री र कुरिलो।

यद् द्रव्यं पुरुषं कुर्याद्वाजीव सुरतक्षमम्। तद्वाजीकरमाख्यातं मुनिभिर्भिषजां वरैः॥

जुन पदार्थले पुरुषलाई ग्राम्यधर्मका लागि घोडाजस्तै समर्थ बनाउँदछ, त्यस्ता पदार्थलाई उत्तम वैद्यजन र मुनिजनले वाजीकरण भनेका छन्।

(घ) **भैषज्य रत्नावली :**

येन नारीषु सामर्थ्यं बाजिवल्लभते नरः। व्रजेच्चाप्यधिकं येन वाजीकरणमेव तत्॥

जुन ओखतीका माध्यमले पुरुष स्त्रीसँग घोडा जस्तो भएर रमाउन सक्ने क्षमताको बन्दछ र पटकपटक मैथुन गर्दछ तथा जसका कारण धेरै वीर्य उत्पादन हुन्छ त्यस्तो ओखती वा उपचारलाई बाजीकरण

भनिन्छ ।

(ङ) **सुश्रुत संहिता :**

सेवमानो यदौचित्याद्वाजीवात्यर्थवेगवान् । नारीस्तर्पयते तेन वाजीकरणमुच्यते ॥

जुन कुराको उचित किसिमले लगातार सेवन गर्नाले मानिस घोडाजस्तो अति वेगिलो भई पत्नीलाई सन्तुष्ट पार्दछ, त्यसलाई "वाजीकरण" भनिन्छ ।

वाजीकरणतन्त्रं नामाल्पदुष्टक्षीणविशुष्करेतसामाप्यायनप्रसादोपचयजननिमित्तं प्रहर्षजननार्थं च ॥

अल्पवीर्य, दुष्टवीर्य, क्षीणवीर्य र शुष्कवीर्य हुने मानिसको वीर्य पुष्टि, शोधन, वृद्धि र उत्पादनका लागि तथा (स्वस्थ व्यक्तिका सहवासकालीन) हर्ष बढाउनका लागि जुन अङ्ग हुन्छ आयुर्वेदको त्यो अङ्गलाई "वाजीकरणतन्त्र" भनिन्छ ।

वाजीकरण कसले प्रयोग गर्ने

(क) आयुर्वेद महोदधि :

अथयान्युक्तानि चौषधानि वृष्याणि । सेव्यानि तानि कुर्य्याद्विशेषतः पुरुषो जानीयात्॥

यसपछि बताइने वीर्य बढाउनका लागि प्रयोग गरिने वा खाइने औषधीका बारेमा विशेष गरी पुरुषले थाहा पाउनु पर्दछ ।

(ख) भावप्रकाश संहिता :

नरो वाजीकरान्योगान् सम्यक्छुद्धो निरामयः ।

निरोगी पुरुषलाई वमन, विरेचन आदि गराएर राम्ररी शुद्ध पारी सोह्रदेखि सत्तरी वर्षसम्म वाजीकरण खुवाउनु पर्दछ ।

(ग) सुश्रुत संहिता :

कल्यस्योदग्रवयसो वाजीकरणसेविनः । सर्वेष्वृतुष्वहरहर्व्यवायो न निवारितः॥

रोग नलागेको, जवान र वाजीकरणका ओखतीहरू खाने गरेको पुरुष (वा स्त्री) लाई सबै ऋतुमा हरेक दिन सहवासमा संलग्न हुन निषेध गरिएको छैन, अर्थात् ती हरेक रात सहवासमा संलग्न हुन सक्दछन् ।

स्थविराणां रिरंसूनां स्त्रीणां वाल्लभ्यमिच्छताम् ।
योषित्प्रसङ्गात् क्षीणानां क्लीवानामल्परेतसाम्॥
विलासिनामर्थवतां रूपयौवनशालिनाम् । नृणां च बहुभार्याणां योगा वाजीकरा हिताः॥

वृद्ध, सहवासको चाहना गर्ने, पत्नीको सदावहार प्रेम चाहने, सहवासका कारण दुब्लाएका, नपुंसक, कम वीर्य भएका, विलासी, धनी, रूप र जवानीले भरिएका र धेरै पत्नी हुने पुरुषका लागि वाजीकरणको प्रयोग गर्नु उत्तम हुन्छ ।

वाजीकरणभन्दा पहिले गर्नुपर्ने कार्य

(क) **अष्टाङ्ग सङ्ग्रह :**

स्रोतस्सु शुद्धेष्वमले शरीरे वृष्यं यदाद्यं मितमत्ति काले ।
वृषायते तेन परं मनुष्यस्तद्बृंहणं देहबलप्रदं च ॥

शरीरका स्रोतहरू शुद्ध र निर्मल भएपछि प्रयोग गरिने पौष्टिक पदार्थले नै मानिसको बल र वीर्य बढ्दछ ।

तस्मात् पुरा शोधनमेव कार्यं बलानुरूपं न च वृष्ययोगाः ।
सिध्यन्ति देहे कलुषे प्रयुक्ताः क्लिष्टे यथा वाससि रागयोगाः ॥

यसैले वाजीकरण भन्दा पहिले शरीर प्रशोधनका कार्य गर्नू । अन्यथा मैलो लुगामा रङ नबसे जस्तै दूषित शरीरमा यसले काम गर्दैन ।

(ख) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

अथ स्निग्धविशुद्धानां निरूहान् सानुवासनान् । घृततैलरसक्षीरशर्कराक्षौद्रसंयुतान् ॥

योगविद् योजयेत्पूर्वं क्षीरमांसरसाशिनम् । ततो वाजीकरान् योगान् शुक्रापत्यबलप्रदान् ॥

वाजीकरण गर्नुपर्ने आवश्यकता भएपछि पहिले स्नेहन, शोधन, अनुवासन वस्ति र निरूहण वस्ति गर्नू । यी वस्ति गर्दा घिउ, तेल, मासुको रस, दूध, चिनी र महको मिश्रणको प्रयोग गर्नुपर्दछ । यसपछि उसले दूध अथवा मासुको रस पिउनु पर्दछ । यसपछि शुक्र तथा सन्तान बढाउने खालका उचित ओखतीको मिश्रण प्रयोग गर्नुपर्दछ ।

(ग) **अष्टाङ्ग हृदय :**

पूर्वे वयसि मध्ये वा तत्प्रयोज्यं जितात्मनः ।
स्निग्धस्य स्रुतरक्तस्य विशुद्धस्य च सर्वथा ॥
अविशुद्धे शरीरे हि युक्तो रासायनो विधिः ।
वाजीकरो वा मलिने वस्त्रे रङ्ग इवाफलः ॥

बाल्यकाल वा यौवनकालमा रसायनको सेवन गर्नू । सेवन गर्नुभन्दा पहिले संयमित भई चिल्लो खाने (स्नेहन), रगत निकाल्ने र शरीरलाई संशोधन गर्ने कार्य राम्रोसँग गर्नू । शरीरलाई प्रशोधन नगरी यदि रसायनको प्रयोग गरिन्छ वा वाजीकरण गरिन्छ भने त्यो मैलो कपडामा रङ लगाएजस्तै विफल हुन्छ ।

(घ) चरक सांहेता :

पूर्वं शुद्धशरीराणां निरूहान् सानुवासनान् । बलापेक्षी प्रयुञ्जीत शुक्रापत्यविवर्धनान्॥

सबभन्दा पहिले बल हेरी ओखती खुवाएर बान्ता गराउने, दिसा लगाउने जस्ता कार्य गराई शरीर शुद्ध बनाएपछि वीर्य र सन्तानवर्धक निरूह तथा अनुवासन वस्तिहरू दिनुपर्दछ ।

भवतश्चात्र-
स्रोतःसु शुद्धेष्वमले शरीरे वृष्यं यदा ना मितमत्ति काले ।
वृषायते तेन परं मनुष्यस्तद्बृंहणं चैव बलप्रदं च॥
तस्मात्पुरा शोधनमेव कार्यं बलानुरूपं न हि वृष्ययोगाः ।
सिध्यन्ति देहे मलिने प्रयुक्ताः क्लिष्टे यथा वाससि रागयोगाः॥

शरीर भित्र रहेका स्रोत शुद्ध भएपछि शरीर मलहीन भएपछि जब पुरुषले उचित समयमा मात्रा मिलाएर वृष्य आहार गर्दछ त्यसले उसको शरीरमा वीर्य र पुंस्त्व बढ्दछ । यो पौष्टिक र बलदायक हुन्छ । यसकारण वृष्य आहार वा ओखती खानुभन्दा पहिले शरीरको बल विचार गरी ओखती खाएर बान्ता गर्ने र दिसा लगाउने जस्ता कार्य गरी शरीरलाई प्रशोधन गर्नुपर्दछ । जसरी मैलो कपडामा लगाइएको रङ बस्दैन त्यसरी नै प्रशोधन नगरिएको शरीरमा प्रयोग गरिने वृष्य ओखतीले पनि काम गर्दैन ।

(ङ) सुश्रुत संहिता :

गृष्टीनां वृद्धवत्सानां माषपर्णभृतां गवाम् । यत् क्षीरं तत् प्रशंसन्ति बलकामेषु जन्तुषु॥
क्षीरमांसगणाः सर्वे काकोल्यादिश्च पूजितः । वाजीकरणहेतोर्हि तस्मात्तत्तु प्रयोजयेत्॥

पहिलो बेते गाई, जसलाई मासका पात खान दिइएको हुन्छ, त्यस्ती गाईको दूध बल चाहने मानिसका लागि उत्तम हुन्छ । सबै प्रकारका दूध,, सबै प्रकारका मासु र काकोल्यादिगणका ओखती : यिनले वाजीकरण गर्ने हुनाले प्रयोग गर्नू ।

एते वाजीकरा योगाः प्रीत्यपत्यबलप्रदाः । सेव्या विशुद्धोपचितदेहैः कालाद्यपेक्षया॥

यी वाजीकरणका ओखतीहरू स्त्री-प्रीति, सन्तान र बल दिने गुणका हुन्छन् । वमन, विरेचन गरी शरीर प्रशोधन गरेपछि पुष्ट शरीर भएका मानिसलाई देश, समय आदि हेरी यी ओखती खुवाउनु पर्दछ ।

वाजीकरणको महत्व

(क) अष्टाङ्ग सङ्ग्रह :

वाजीकरणनित्यस्य कामं कामं सिषेविषोः । न शरीरमवाप्नोति न वा रतिरतिः क्षयम् ॥
अतो वाजीकरा योगा निषेव्याः शुक्रवर्द्धनाः । कल्यस्योदग्रवयसो वाजीकरणसेविनः ॥
सर्वेष्वृतुष्वहरहर्व्यवायो न निवार्यते ।

वाजीकरणको प्रयोग गर्ने पुरुषको नित्य संलग्न भएपनि सहवास क्षमता कम हुँदैन न त शरीर नै क्षय हुन्छ । यसैले सन्तान प्राप्तिका लागि शुक्र बढाउन वाजीकरणको प्रयोग गर्नू । यदि मानिसले वाजीकरणको प्रयोग गरिरहेको छ भने उ हरेक दिन र हरेक ऋतुमा सहवासका लागि योग्य हुन्छ । केही कुरा बार्नु पर्दैन ।

नहि जातबलाः सर्वे नराश्चापत्यभागिनः । बृहच्छरीरा बलिनः केचिन्नारीषु दुर्बलाः ॥
सन्ति चाल्पाश्रयाः स्त्रीषु बलवन्तो बहुप्रजाः । नराश्चटकवत्केचिद्व्रजन्ति बहुशः स्त्रियः ॥
गजवच्चप्रसिञ्चन्ति केचिन्न बहुगामिनः । केचित्प्रयत्नैर्वाह्यन्ते वृषाः केचित्स्वभावतः ॥
तस्मात्प्रयोगान् वक्ष्यामि दुर्बलानां बलप्रदान् । सुखोपभोगान् बलिनां भूयश्च बलवर्द्धनान् ॥

जन्मने सबै मानिसमा सन्तानसुखको भाग्य हुँदैन । कसैको शरीर ठूलो हुन्छ तर स्त्रीलाई प्रसन्न पार्ने मामिलामा कमजोर हुन्छन् । कसैको शरीर पातलो र दुब्लो हुन्छ तर तिनलाई स्त्रीले खुब मन पराउँदछन् । तिनैका धेरै सन्तान हुन्छन् । केही मानिस भँगेरो जस्तै धेरै स्त्रीमा रम्ने हुन्छन् । कोही पुरुष हात्ती जस्ता हुन्छन् र एकपत्नीमा रमाएर बस्दछन् । केही पुरुष प्राकृतिक रूपमै त केही पुरुष ओखती खाएर वीर्यशाली हुने गर्दछन् । यसैले म यस अध्यायमा कमजोरका लागि शक्ति बढाउने तथा बलियाका लागि थप सन्तुष्टि प्रदान गर्ने वाजीकरण बताउँदछु ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय

वाजीकरणमन्विच्छेत्सततं विषयी पुमान् । तुष्टिः पुष्टिरपत्यं च गुणवत्तत्र संश्रितम् ॥
अपत्यसन्तानकरं यत्सद्यः सम्प्रहर्षणम् ।

रसायन सेवन मार्फत वा स्वभावतः स्वस्थ रहेको मानिस रतिकर्मको चाहना गर्दछ भने उसले आफू अनुकूलको वाजीकरण विधिको लगातार पालना गर्नू । वाजीकरण विधिको पालना गर्नाले स्त्री-पुरुष एकआपसमा सन्तुष्ट र पुष्ट हुन्छन् । तिनले उत्तम र गुणवान् छोरानाति जन्माउँदै वंश वृद्धि गर्दछन् । यसले तिनलाई अधिकतम सन्तुष्टि प्रदान गर्दछ ।

(ग) अष्टाङ्ग हृदय :

धन्यं यशस्यमायुष्यं लोकद्वयरसायनम् । अनुमोदामहे ब्रह्मचर्यमृकान्तनिर्मलम् ॥

अल्पसत्त्वस्य तु क्लेशबाध्यमानस्य रागिणः । शरीरक्षयरक्षार्थं वाजीकरणमुच्यते॥
कल्यस्योदग्रवयसो वाजीकरणसेविनः । सर्वेष्वृतुष्वहरहर्व्यवायो न निवार्यते॥

म (वाग्भट) त एकान्तको निर्मल ब्रह्मचर्यको पक्षधर हुँ किन कि यसले धर्म, यश र आयु प्राप्त हुन्छ । यो यो लोक र परलोक दुवैका लागि लाभदायक पनि हुन्छ । जसको मानसिक तागत कम छ तथा जो शारीरिक र मानसिक पीडाले पीडित छ तर राग-मैथुनको चाहना गर्दछ उसको नष्ट शक्तिको रक्षा गर्न वाजीकरणको उपदेश दिने गरिन्छ । जो युवकहरू निरोगी छन् र वाजीकरणको विधिको पनि पालना गर्दछन् ती सबै ऋतुका हरेक रात ग्राम्यधर्ममा संलग्न हुन सक्दछन्, तिनलाई कुनै हानी हुँदैन ।

व्याख्या : वृषचिकित्सा वाजीकरणसँग सम्बन्धित चिकित्सा हो । वाजको अर्थ शुक्रकीट हो । यो जसमा रहन्छ त्यसलाई वाजी भनिन्छ । अनि जुन उपचारले शुक्रकीट नहुनेलाई शुक्रकीट हुने बनाइन्छ त्यो उपचारलाई वाजीकरण भनिन्छ । भनिएको छ कि:- वाजीकरणमन्विच्छेत् सततं विषयी पुमान् ।

(घ) आयुर्वेद महोदधि :

सर्प्पिर्गुडैर्वाक्षयरोग युक्तं रसायनं वा च्यवनाभिधानम् ।
कूष्माण्डकं वाऽन्य रसायनं वा कुर्याद्यदीच्छेच्चिरजीवितं तु॥

यदि लामो समय बाँच्न चाहने हो भने क्षयरोग हुँदा खानु भनिएका घिउ र सक्खर अथवा च्यवनले बताएका कुभिण्डोको चाट्ने पौष्टिक ओखतीको प्रयोग गर्नु ।

(ङ) चरक संहिता :

वाजीकरणमन्विच्छेत्पुरुषो नित्यमात्मवान् । तदायत्तौ हि धर्मार्थौ प्रीतिश्च यश एव च॥

आत्मकल्याण चाहने मानिसले नित्य वाजीकरणको चाहना गर्नुपर्दछ अर्थात् यस्ता पदार्थको अन्वेषण गर्नुपर्दछ । किन कि यिनै पदार्थमा नै धर्म, धन, प्रीति र यश आश्रित हुन्छन् ।

पुत्रस्यायतनं ह्येतद्गुणाश्चैते सुताश्रयाः ।

वाजीकरण पुत्र (सन्तान) उत्पादनको कारण (उद्देश्य) हो । धर्म, अर्थ आदि गुण पुत्र (सन्तान) मा आश्रित हुन्छन् ।

प्रीतिर्बलं सुखं वृत्तिर्विस्तारो विपुलं कुलम् । यशो लोकाः सुखोदर्कास्तुष्टिश्चापत्यसंश्रिताः॥
तस्मादपत्यमन्विच्छन् गुणांश्चापत्यसंश्रितान् ।
वाजीकरणनित्यः स्यादिच्छन् कामसुखानि च॥

प्रेम, बल, सुख, आजीविका, विस्तार, कुलको फैलावट, यश र सुख दिने तथा लोक र सन्तोष जस्ता कुरा सन्तानमा आश्रित हुन्छन् । यसैकारण सन्तान तथा सन्तानजन्य गुणहरूको कामना गर्दै सहवासको इच्छा राखी पुरुषले दिनहुँ वाजीकरण सेवन गर्नुपर्दछ ।

पुमान् यथा जातबलो यावदिच्छं स्त्रियो व्रजेत् । यथा चापत्यवान् सद्यो भवेत्तदुपदेक्ष्यते ॥

जसरी बलियो पुरुषले चाहे अनुसार सहवास र चाँडै सन्तान उत्पादन गर्न सक्दछ, त्यसका बारेमा अब उपदेश दिइनेछ ।

न हि जातबलाः सर्वे नराश्चापत्यभागिनः । बृहच्छरीरा बलिनः सन्ति नारीषु दुर्बलाः ॥
सन्ति चाल्पाश्रयाः स्त्रीषु बलवन्तो बहुप्रजाः । प्रकृत्या चाबलाः सन्ति सन्ति चामयदुर्बलाः ॥
नराश्चटकवत्केचिद् व्रजन्ति बहुशः स्त्रियम् । गजवच्च प्रसिञ्चन्ति केचिन्न बहुगामिनः ॥
कालयोगबलाः केचित्केचिदभ्यसनध्रुवाः । केचित्प्रयत्नैर्वाह्यन्ते वृषाः केचित्स्वभावतः ॥

पुरुष जति बलियो हुन्छ उसका त्यत्ति नै धेरै सन्तान हुनुपर्दछ भन्ने छैन । ठूलो शरीर र बलिया पुरुष पनि स्त्रीका लागि कमजोर हुने गरेको पाइन्छ । अर्थात् शरीर बलियो हुँदैमा उ सहवासका लागि पनि समर्थ नै हुन्छ भन्ने हुँदैन । संसरमा यस्ता पुरुषहरू पनि धेरै छन् जो निर्बल भएर पनि सहवासका लागि समर्थ हुने गर्दछन् । तिनका सन्तान पनि धेरै हुने गरेको देखिन्छ । कतिपय पुरुष स्वभावैले त कतिपय रोगले गर्दा दुर्बल हुने गर्दछन् । अन्य कतिपय पुरुष भँगरोले जसरी धेरै पटक सहवासमा संलग्न हुने गर्दछन् । कतिपय पुरुक्ष सहवासकालमा हात्तीले जसरी धेरै वीर्य निकाल्दछन् । कतिपय पुरुष धेरै सबहवास नरुचाउने खालका हुन्छन् । अन्य कतिपय पुरुष विशेष विशेष समयमा मात्र सहवासमा समर्थ हुने गर्दछन् । कोही अभ्यासले गर्दा सहवासमा समर्थ हुने गर्दछन् । कतिपय पुरुष चुम्बन आदि रतिकेलीका माध्यमले सहवासमा समर्थ हुने गर्दछन् । कतिपय पुरुष स्वभावैले वीर्यशाली हुन्छन् ।

तस्मात्प्रयोगान्वक्ष्यामो दुर्बलानां बलप्रदान् । सुखोपभोगान् बलिनां भूयश्च बलवर्धनान् ॥

यसकारण दुर्बललाई बल दिने र बलियोलाई बल बढाउने तथा सहवास-सुख दिने खालका वृष्य ओखतीहरूका बारेमा बताउनेछु ।

भवन्ति चात्र-
आसिक्तक्षीरिके पादे ये योगाः परिकीर्तिताः । अष्टावपत्यकामैस्तैः प्रयोज्याः पौरुषार्थिभिः ॥

यो आसक्तक्षीरीय पाद खण्डमा जुन् आठ वठा ओखतीको योग बताइएको छ, ती सन्तान चाहने र पुरुषत्व चाहने व्यक्तिले खानु पर्दछ ।

एतैः प्रयोगैर्विधिवद्वपुष्मान्स्नेहोपपन्नो बलवर्णयुक्तः ।
हर्षान्वितो वाजिवदष्टवर्षो भवेत्समर्थश्च वराङ्गनासु ॥

यी अनेक थरी ओखतीको प्रयोग गर्नाले मानिसको जीउडाल मिल्दछ, शरीर चिल्लो हुन्छ र बल, वर्ण बढ्दछ । उ घोडासमान उत्तेजना हुने र धेरै नै वीर्यशाली भई उत्तम स्त्रीहरूलाई सन्तुष्ट पार्न सक्षम हुन्छ ।

यद्यच्च किञ्चिन्मनसः प्रियं स्याद्रम्या वनान्ताः पुलिनानि शैलाः ।
इष्टाः स्त्रियो भूषणगन्धमाल्यं प्रिया वयस्याश्च तदत्र योग्यम् ॥

जेजति मनलाई प्रिय लाग्ने कुरा हुन्छन्, रमणीय वन, रमणीय नदीका किनार, रमणीय पर्वत, रमणीय स्त्री, गहना, सुगन्ध, माला र प्रिय मित्र : यी कुरा वाजीकरणमा सहायक हुन्छन् ।

(च) भैषज्य रत्नावली :

अतिव्यवायशीलो यो न च वृष्यक्रियारतः । ध्वजभङ्गमवाप्नोति स शुक्रक्षयहेतुकम् ॥

धेरै मैथुन गर्ने मानिस यदि रसायन र बाजीकरणका ओखती खाँदैन भने उसको धेरै वीर्य नाश भई उ नपुंसक हुन पुग्दछ ।

ग्लानिः कम्पोऽवसादस्तदनु च कृशता क्षीणता चेन्द्रियाणां
शोषोच्छ्वासोपदंशाज्वरगुदजगदाः क्षीणता सर्वधातौ ।
जायन्ते दुर्निवाराः पवनपरिभवाः क्लीबता लिङ्गभङ्गो
वामा वश्यातियोगाद्व्रजत इह सदा बाजिकर्मच्युतस्य ॥४॥

धेरै मैथुनमा संलग्न हुने गरेर वीर्य नष्ट हुँदा पनि जसले बाजीकरणको ओखती खाँदैन त्यस्ता पुरुषको शरीरमा ग्लानि, कम्पन, खेद, दुर्बलता, इन्द्रियमा शिथिलता, सुजन, निश्वास, उपदंश रोग, जरो, मलद्वारका रोग, शरीरका सबै धातु क्षीण हुने, डरलाग्दा वातरोग, नपुंसकता र जननेन्द्रिय नाश हुने जस्ता विकार वा रोग निस्कने गर्दछ ।

वाजीकरण गर्दा ध्यान दिनुपर्ने कुराहरू

(क) अष्टाङ्ग सङ्ग्रह :

सग्रासं यद्ग्राससम्पृक्तम् । तथा सग्रासं चूर्णलेहवटकादिकमग्निदीपनं वाजीकरणानि चोपयुञ्जीत ।

खाना खाँदा खानाको गाँस सँगसँगै ओखती खानुलाई सग्रास भनिन्छ । त्यसैगरी पेटभित्रको अग्नि बाल्न तथा वाजीकरणका लागि खाइने धूलो ओखती, चटनी बनाइएका ओखती, ओखतीको गोली आदि सग्रास खानुपर्दछ ।

(ख) कामसूत्र, वात्स्यायन :

आयुर्वेदाच्च वेदाच्च विद्यातन्त्रेभ्य एव च । आप्तेभ्यश्चावबोद्धव्या योगा ये प्रीतिकारकाः ॥

(बताइएका बाहेक) अन्य प्रीतिदायक वाजीकर ओखती आयुर्वेद, वेद, विद्यातन्त्र र विज्ञ पुरुषबाट लिनू ।

न प्रयुञ्जीत सन्दिग्धान्न शरीरात्ययावहान् । न जीवघातसम्बद्धान्नाशुचिद्रव्यसंयुतान् ॥

शङ्कास्पद, शरीरलाई हानी गर्ने, जीवजन्तु मारेर बनाइने तथा अपवित्र पदार्थ हालेर बनाइने वाजीकर ओखतीको प्रयोग नगर्नू ।

तपोयुक्तः प्रयुञ्जीत शिष्टैरनुगतान् विधीन् । ब्राह्मणैश्च सुहृद्भिश्च मङ्गलैरभिनन्दितान् ॥

सज्जनले निन्दा नगर्ने खालका तथा विद्वान् र ब्राह्मण अनि मित्रले प्रशंसा गर्ने खालका ओखती नै वाजीकरणका लागि प्रयोग गर्नू ।

(ग) भैषज्य रत्नावली :

नरो बाजीकरान् योगान्सम्यक् शुद्धो निरामयः । सप्तत्यन्तं प्रकुर्वीत वर्षादूर्ध्वं तु षेडशात् ॥
आयुष्कामो नरः स्त्रीभिः संयोगं कर्तुमर्हति । न च वै षोडशादर्वाक् सप्तत्याः परतो न च ॥

स्वस्थ एवं ओखती खाएर बान्ता र दिसा गरी शरीर शुद्ध पारेका मानिसले सोह्र वर्षको उमेरदेखि सत्तरी वर्षको उमेरसम्म वाजीकरणका ओखती विधिपूर्वक सेवन गर्दछ भने उ लामो आयुको र स्त्रीसँग रमण गर्न सक्षम बनि रहन्छ । सोह्र वर्षभन्दा मुनिका बालकले तथा सत्तरी वर्षभन्दा माथिका वृद्धले वाजीकरण ओखती खान हुँदैन ।

योगान्संसेव्य वृक्ष्यांस्तदुपरि च पयः शीतलं चाम्बु पीत्वा
गच्छेन्नारीं रसज्ञां स्मरशरतरुणीं कामुक काममाद्ये ।

यामे हृष्टः प्रहृष्टां व्यपगतसुरतस्तत्समुत्पाद्य सद्यः
कान्तः कान्ताङ्गसङ्गान्महदपि न च वै धातुवैषम्यमेति ॥

वाजीकरणका ओखती खाई दूध र शीतल पानी पिउनू, अनि कामदेवका बाणले हानेका तथा काम-रस जान्ने भएका तरुनी तथा प्रसन्न चित्त भएका सुन्दरीलाई कामी पुरुषले एक प्रहरसम्म भोग गर्नू । जब मैथुन गर्दा गर्दा ग्लानि उत्पन्न हुन्छ तब पुरुष स्त्रीको शरीरमा आफ्नो शरीर राखेर सुत्नू । यसो गर्नाले धातु विषमता हुँदैन ।

सुरूपा यौवनस्था च लक्षणैर्यदि भूषिता । वयस्या शिक्षिता या च सा स्त्री वृष्यतमा मता ॥

जुन स्त्री सुन्दर, जवान, शुभलक्षण र आभूषणले सुसज्जित, कम उमेरकी र सुशिक्षित हुन्छे त्यस्ता स्त्रीलाई "वृष्यतमा" भनिन्छ ।

विलासिनामर्थवतां रूपयौवनशालिनाम् । नराणां बहुभार्याणां विधिर्वाजीकरो हितः ॥
स्थविराणां रिंसूनां स्त्रीणां वाल्लभ्यमिच्छताम् । योषित्प्रसङ्गात्क्षीणानां क्लीबानामल्परेतसाम् ॥
हिता वाजीकरा योगाः प्रीणयन्ति बलप्रदाः । एतेऽपि पुष्टदेहानां सेव्याः कालाद्यपेक्षया ॥

जुन पुरुष विलासी, धनाढ्य, रूप र यौवनले सम्पन्न तथा जो अनेकौं पत्नीको पति छ उसका लागि वाजीकरणविधि हितकर हुन्छ । जो वृद्ध छ तर ग्राम्यधर्म चाहन्छ, जसलाई स्त्रीको प्रिय हुने रहर छ, जसको धेरै मैथुन गर्नाले वीर्य नष्ट भएर शरीर दुब्लाएको छ, जो नपुंसक छ तथा जसको कम वीर्य आउँदछ उसका लागि वाजीकरणको प्रयोग गर्नु विशेष हितकर, प्रीतिकर र बलदायक हुन्छ । बलियो शरीर हुने मानिसले पनि यो वाजीकरणको प्रयोग देश, समय र मात्रा अनुसार गर्नुपर्दछ ।

वाजीकरणको ओखती खाने समय

(क) काश्यप संहिता :

क्षीणक्षीणाल्पशुक्राणां वाजीकरणमौषधम्॥ ग्रासे विधेयं चूर्णं च यदग्निबलवर्धनम्।

कमजोर वा शुक्र क्षय भएका वा शुक्र थोरै भएका व्यक्तिहरूले यौनक्षमता बढाउनका लागि खाने ओखती तथा पाचनशक्ति र बल बढाउनका लागि प्रयोग गरिने धूलो ओखती खानाको गाँस सँगसँगै खुवाउनु पर्दछ ।

वाजीकरणमा अतीस आदिको प्रयोग

(क) हारीत संहिता :

विषं बृहत्यौ मगधात्रिकण्टास्तथात्मगुप्ता सशतावरी च ।
सशर्करं गोपयसो घृतेन पानं नराणां प्रकरोति बीजम् ॥

अतीस, बिहीँ, कण्टकारी, पिप्ला, ओदानेकाँडो, काउसोका गेडा र कुरिलोको धुलोमा सखर मिसाई गाईको दूध र घिउसँग पिउनाले मानिसको वीर्यवृद्धि हुन्छ ।

वाजीकरणमा अभ्रखभस्म आदिको प्रयोग (मदनमञ्जरी वटी)

(क) भावप्रकाश संहिता :

चत्वारो व्योमभागास्तदनु निगदितं भागयुग्मञ्च बङ्गं
भागैकं शम्भुबीजं त्रितयमपि मृतं तत्समा सिद्धमूली ।
चातुर्जातं सजातीफलमरिचकणा नागरं देवपुष्पं
जातीपत्रञ्च भागद्वितयमपि पृथक्सर्वमेकत्र चूर्ण्यम् ॥
सर्वार्द्धांशा सिता स्याद् घृतमधुसहितं मोदकीकृत्य चैतत्
खादेदग्निं समीक्ष्य प्रसभमभिनवानन्दसम्वर्द्धनाय ।
योगो वाजीकराख्योऽयमिह निगदितो भैरवानन्दनाम्ना
निःशेषव्याधिहन्ता दलितबहुवधूद्दामकन्दर्पदर्पः ॥

चार भाग अभ्रखभस्म, दुई भाग स्वागभस्म, एक भाग पारोभस्म, यी तीन थरी भस्म बराबर भाङका बीज; दालचिनी, तेजपात, अलैंची, नागकेशर, जाइफल, कालो मरिच, पिप्ला, सुठो, ल्वाङ र जाइपत्री : यी हरेक कुरा दुई दुई तोला लिई धूलो बनाउनू । सबै धूलोको दोब्बर मिश्री मिसाउनू । अनि यसमा मह र घिउ हाली लड्डू बनाउनू र पाचनशक्ति हेरी खाने गर्नू । यो खाने गर्नाले तुरुन्त कामदेवसमान आनन्द प्राप्त हुन्छ । संसारमा भैरवानन्द नामका योगीले बताएको यो “मदनमञ्जरी वटी” नामक वाजीकरण योग सबै रोग नाश गर्ने गुणको हुन्छ र अति बलिया स्त्रीको कामदेवको अभिमानलाई पनि चकनाचूर पार्दछ ।

वाजीकरणमा अमला आंदको प्रयोग

(क) **अग्निपुराण :**

चूर्णमामलकं तेन स्वरसेन तु भावितम् । मध्वाज्यशर्करायुक्तं लिढ्वा स्त्रीशः पयः पिवेत्॥

अमलाको रसमा भिजाइएको अमलाकै धुलो मह, घिउ र मिश्रीसँग मिसाएर चाटी दूध पिउने मानिस स्त्रीको प्रिय बन्दछ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

कृष्णाधात्रीफलरजः स्वरसेन सुभाविताम् । शर्करामधुसर्पिर्भिर्लीढ्वा योऽनु पयः पिबेत्॥
स नरोऽशीतिवर्षोऽपि युवेव परिहृष्यति ।

कालो (सुकेको) अमलाको धुलो अमलाकै रसमा ढड्याएर मिश्री, मह र घिउ मिसाई चाट्ने अनि दूध पिउने गर्नाले असी वर्षको वृद्ध पनि तरुनोले जसरी सहवासमा संलग्न हुन सक्दछ ।

(ग) **आयुर्वेद महोदधि :**

धात्रीफलानां स्वरसेन चूर्णं मुहुर्मुहुर्भावित वासितं तत् ।
घृतेन दुग्धेन सशर्क्करेण पिबेत्सहस्र प्रमदाप्रभूतः॥

अमलाको स्वरसमा अमलाकै धुलो हाली पटकपटक भिजाएर त्यसलाई घिउ, दूध र मिश्रीको धूलोसँग फिटेर खाने पुरुष हजार वटी स्त्रीसँग ग्राम्यधर्ममा संलग्न हुन सक्दछ ।

(घ) **चक्रदत्त, भैषज्य रत्नावली, वङ्गसेन आयुर्वेद, सुश्रुत संहिता :**

एवमामलकं चूर्णं स्वरसेनैव भावितम् । शर्करामधुसर्पिर्भिर्युक्तं लीढ्वा पयः पिबेत्॥
एतेनाशीतिवर्षोऽपि युवेव परिहृष्यति॥

अमलाको धूलो अमलाकै रसमा भिजाएर मिश्री, मह र घिउमा मिसाई खाने अनि त्यसपछि गाईको दूध पिउने गर्नाले अस्सी वर्षको वृद्ध पनि जवान जस्तै यौन आनन्द प्राप्त गर्नसक्ने बन्दछ ।

(ङ) **भैषज्य रत्नावली :**

सप्तधाऽऽमलकीचूर्णमामलक्यम्बुभावितम् । घृतेन मधुना लीढ्वा पिबेत्क्षीरपलं नरः॥

अमलाको धूलो अमलाकै रसमा सात पटक ढड्याएर निकाली घिउ र महमा मिसाएर हरेक दिन खाई त्यसपछि चार तोला गाईको दूध पिउने गर्नाले पुरुषमा यौनशक्ति बढ्दछ ।

वाजीकरणमा अश्वगन्धा आदिको प्रयोग

(क) **आयुर्वेद महोदधि :**

अश्वगन्धाबलानागतिलामाषगुडौयवाः । बलं कुर्यात्पलंभुक्तं मत्तवारणचारणम्॥

अश्वगन्धा (Winter cherry), बलु (Country mallow), नागकेशर (Cobra's Saffron), तिल (Sesame), माष (Black Gram), सक्खर (गुड, Jaggery) र जौ (Barley) : यी सबै बराबर मिसाएर बनायएको धूलो चार चार तोला (एक एक पल, करिब ४६.६४, ४६.६४ ग्राम) हरेक दिन बिहान खाने गर्नाले मत्ता हात्तीको जस्तो बल दिन्छ ।

आजकलका मानिसलाई यो मात्रा बढी हुन सक्दछ, नपच्न सक्दछ, त्यसैले शुरुमा हरेक दिन १२, १२ ग्राम मात्र खाने गर्नू ।

अथाकारकरभादवटा

(क) भावप्रकाश संहिता :

आकारकरभः शुण्ठी लवङ्ग कुङ्कुमं कणा । जातीफलं जातिपुष्पं चन्दनं कार्षिकं पृथक् ॥
चूर्णयेदहिफेनं तु तत्र दद्यात्पलोन्मितम् । सर्वमेकीकृतं माषमात्रं क्षौद्रेण भक्षयेत् ॥
शुक्रस्तम्भकरं पुंसामिदमानन्दकारकम् । नारीणां प्रीतिजननं सेवेत निशि कामुकः ॥

अकरकरा (Spanish pellitory, Pellitory Root), सुठो, ल्वाङ, केशर, पिप्ला, जाइफल, चमेलीको फूल, र रक्तचन्दन : यी हरेक ओखती एक एक कर्ष (१२, १२ ग्राम) र अफिम एक पल (४८ ग्राम) लिनू । सबैलाई मिसाएर कुटी राम्ररी धूलो बनाउनू । कामुक पुरुषले यो धूलो हरेक रात एक एक मासा (एक एक ग्राम) महमा मिसाएर खानू । यो धूलो अति नै वीर्यस्तम्भन गर्ने तथा पुरुष र स्त्रीको प्रेम र आनन्द बढाउने गुणको हुन्छ ।

वाजाकरणमा आम्रपाक

(क) **भावप्रकाश संहिता :**

पक्वाम्रस्य रसद्रोणे सितामाढकसम्मिताम् । घृतं प्रस्थमितं दद्यान्नागरस्य पलाष्टकम् ॥
मरिचं कुडवोन्मानं पिप्पली द्विपलोन्मिता । सलिलस्याढकं दत्त्वा सर्वमेकत्र कारयेत् ॥
विपचेन्मृन्मये पात्रे दारुदर्व्या प्रचालयेत् । चूर्णान्येषां क्षिपेत्तत्र घनीभूतेऽवतारिते ॥
धान्यकं जीरकं पथ्यां चित्रकं मुस्तकं त्वचम् । बृहज्जीरकमप्यत्र ग्रन्थिक नागकेशरम् ॥
एलाबीजं लवङ्गञ्च पृथग्जातीं पलम्पलम् । सिद्धे शीते प्रदद्याच्च मधुनः कुडवद्वयम् ॥
भक्षयेद्भोजनादर्वाक्पलमात्रमिदं नरः । अथवा नियतं नात्र मात्रां खादेद्यथाऽनलम् ॥
मानवः सेवनादस्य वाजीव सुरते भवेत् । समर्थो बलवान्पुष्टो नित्यं स स्यान्निरामयः ॥
ग्रहणीं नाशयेदेव क्षयं श्वासमरोचकम् । अम्लपित्तं महाश्वासं रक्तपित्तञ्च पाण्डुताम् ॥

राम्रोसँग पाकेका उत्तम खालका आँपको रस १,०२४ तोला, २५६ तोला मिश्रीको धूलो, ६४ तोला घिउ, ३२ तोला सुठो, १६ तोला कालो मरिचको धूलो, ८ तोला पिप्लाको धूलो र २०० तोला पानी मिसाएर माटाको भाँडामा हाली सानो आगोमा पकाउनू । चुत्रोको पन्यौले चलाउनू । बाक्लो हुन थालेपछि झिकी धनियाँ, जीरा, हर्रो, चितू, नागरमोथे, दालचिनी, कालो जीरा, पिप्लाको जरा, नागकेशर, अलैंचीका बीज, ल्वाङ र जाइफलको धूलो चार चार तोला हालेर मिसाउनू । जब सेलाउँदछ तब ३२ तोला मह मिसाउनू । आम्रपाक नामक ओखती तयार हुन्छ । यो ओखती एक एक तोलाका दरले हरेक दिन खाना खानु अघि खानू अथवा मात्राको मतलब नगरी पाचनशक्ति हेरी खाने गर्नू । यो ओखती खाने गर्नाले सहवासमा मानिस घोडाजस्तै बलियो हुन्छ, बलियो र पुष्ट हुन्छ, सधैं निरोगी हुन्छ । यसले ग्रहणी, क्षयरोग, दम, अरुचि, अम्लपित्त, कडा दम, रक्तपित्त र पाण्डुरोग पनि नाश गर्दछ ।

वाजीकरणमा ओदानेकाँडो आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

श्वदंष्ट्राया विदार्याश्च रसे क्षीरचतुर्गुणे । घृताढ्यः साधितो वृष्यो माषषष्टिकपायसः ॥

ओदानेकाँडो (श्वदंष्ट्रा, Caltrops) र बिरालेलहरा (विदारी, Indian kudzu) को गानुको रस, यी बराबर लिनू । दुवै मिसाउँदा जति हुन्छ त्यसको चार गुणा गाईको दूध अनि घिउ, मास (माष, Black Gram) र सठिया चामल (षष्टिक, Rice that ripens in 60 days from the time of plantation) हालेर पकाइएको खीर वीर्यवर्धक हुन्छ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

श्वदंष्ट्रेक्षुरमाषात्मगुप्ताबीजशतावरीः । पिबन् क्षीरेण जीर्णोऽपि गच्छति प्रमदाशतम् ॥

ओदानेकाँडो (**श्वदंष्ट्रा,** Caltrops), तालमखाना (इक्षुर, Marsh barbel), मास (माष, Black Gram), काउसो (आत्मगुप्ता, Cowhage) का बीज र कुरिलो (शतावरी, Hundred Husbands) को जरा : यी ओखतीको धूलो बराबर मिसाएर गाईको दूधसँग खाने गर्नाले वृद्धले पनि सय वटी स्त्रीसँग सहवास गर्न सक्दछ ।

(ग) **कामसूत्र, वात्स्यायन :**

श्वदंष्ट्राचूर्णसमन्वितं तत्सममेव यवचूर्णं प्रातरुत्थाय द्विपलकमनुदिनं प्राश्नीयान्मेध्यं वृष्यं युक्तरसमित्याचार्याः प्रचक्षते ।

पहाडिया ओदानेकाँडोको (श्वदंष्ट्रा, Caltrops) धूलो र जौ (यव, Barley) को पिठो बराबर लिई बिहान बिहान दुई दुई पल (करिब ९६, ९६ ग्राम) का दरले खानू । यसले बुद्धि बढाउँदछ, वाजीकर हुन्छ र आयु बढाउँदछ । यो ओखतीलाई आचार्यहरू “युक्तरस” भन्दछन् ।

(घ) **चिकित्साकलिका :**

पिबति यः पयसा कृतशोधनस्त्रिकटकं मधुकं बहुपुत्रिकाम् ।
अतिबलामथ नागबलां बलामिह हि नागबलः स पुमान् भवेत् ॥

जो मानिस बान्ता आदि गरी शरीरलाई शुद्ध बनाएर ओदानेकाँडो, जेठीमधु, कुरिलो, अतिबलु, नागबलु र बलु : यी ओखतीको धूलो आधा तोला दूधसँग पिउने गर्दछ उ निश्चय नै हात्तीजस्तै बलियो हुन्छ ।

(घ) **भावप्रकाश संहिता :**

गोक्षुरेक्षुरबीजानि वाजिगन्धा शतावरी । मुशली वानरीबीजं यष्टी नागबला बला॥
एषां चूर्णं दुग्धसिद्धं गव्येनाज्येन भर्जितम् । सितया मोदकं कृत्वा भक्ष्यं वाजीकरं परम्॥
चूर्णादष्टगुणं क्षीरं घृतं चूर्णसमं स्मृतम् । सर्वतो द्विगुणं खण्डं खादेदग्निबलं यथा॥
वाजीकराणि भूरीणि संगृह्य रचितो यतः । तस्माद्बहुषु योगेषु योगोऽयं प्रवरो मतः॥

ओदानेकाँडो (गोक्षुर, Caltrops), तालमखाना (इक्षुर, Marsh barbel) का बीज, अश्वगन्धा (वाजिगन्धा, Winter cherry), कुरिलो (शतावरी, Hundred Husbands), मुसलीकन्द (मुशली, musli), काउसो (वानरी, Cowhage) का बीज, जेठीमधु (यष्टी, Sweetwood), नागबलु (नागबला, Sida acuta Burm.f.) र बलु (बला, Country mallow) : यी ओखतीको बराबर मात्राको धूलो आठ गुना दूधमा हालेर पकाउनू । सबै ओखती बराबर गाईको घिउ लिनू । त्यो घिउ तताएर ओखती हालेर राम्ररी भुट्नू । ओखतीको दोब्बर मिस्री हालेर लड्डू बनाउनू । यो लड्डू खाने गर्नाले अति नै वाजीकरण गर्दछ । यो प्रयोग अनेक वाजीकरण योग जम्मा पारी मैले (भावप्रकाशले) बनाएको हो, यसैले यो अनेक योगले उत्तम छ । (यसलाई रतिवर्द्धनयोग भनिन्छ) ।

(ङ) **भैषज्य रत्नावली :**

गोक्षुरकः क्षुरकः शतमूली वानरि नागबलाऽतिबला च ।
चूर्णमिदं पयसा निशि पेयं यस्य गृहे प्रमदाशतमस्ति॥

जसका घरमा सयवटी पत्नी छन् उसले ओदानेकाँडो (गोक्षुरक, Caltrops), तालमखाना (क्षुरक, Marsh barbel), कुरिलो (शतमूली, Hundred Husbands), काउसो (वानरि, Cowhage), नागबलु (नागबला, Sida acuta Burm.f.) र अतिबलु (अतिबला Country mallow) को धूलो बराबर मिसाई दूधसँग रातमा खाने गर्नू । (यसलाई गोक्षुराद्यचूर्ण भनिन्छ) ।

वाजीकरणमा कण्टकारी आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

पलांशान् बृहतीव्याघ्रीपृश्निपर्णीत्रिकण्टकान्॥
द्व्याढकेनाम्भसा पक्त्वा पादशेषे रसे स्थिते। पलानि क्षीरकाकोल्याः पञ्च मागधिकापलम्॥
स्वगुप्ताफलमूलानां माषाणामिक्षुरकस्य च। विदार्या मधुनश्चात्र कुडवं कुडवं क्षिपेत्॥
पृथक् द्वौ मुद्गतिलयोर्घृते शष्कुलिकास्ततः। पचेदेकां ततः प्राश्य शतं व्रजति योषिताम्॥

कण्टकारी, बिहीँ, सतिबयर र गोखुर एक एक पल जम्मा पारी दुई आढक पानीमा हालेर पकाउनू। एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू। अनि यसमा दूधे कल्चे लहरो र पिप्ला पाँच पाँच पल; काउसोको फल, काउसोको जरा, मास र ठूलो रामशरका गेडा एक एक कुडव; विदारीकन्द र मह एक एक कुडव; मुगी, तिल र घिउ दुई दुई कुडव मिसाई पकाउनू। शष्कुलि नामक यो घिउ खाने गर्नाले पुरुष सय वटी स्त्रीलाई खुशी पार्नसक्ने बन्दछ।

वाजीकरणमा कपुर आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

शशिसूतटङ्कणमागधिकं घृतसूरणमाक्षिकमेह(हेम?)रसम् ।
मुनिप(पु)त्ररसप्लुतलेपवरं युवतीमदपातनवश्यकरम् ॥

कपूर (शशि, Camphor laurel), प्रशोधित पारोभस्म (सूत, Processed Mercury-ash), प्रशोधित स्वागभस्म (टङ्कण, Processed Borax-ash), पिप्ला (मागधिक, Long pepper) को धूलो र ओल (सूरण, Elephant foot) को धूलो वनदमना झार (मुनिपुत्र, Indian worm-wood) को पातको रसमा मिसाएर पिसी सुकाउनू । त्यसपछि यो सुकेको धूलोलाई घिउ र महमा मिसाएर पुरुषले आफ्नो जननेन्द्रियमा दली पत्नीसँग ग्राम्यधर्ममा संलग्न हुनू । यो प्रयोगले जवान पत्नीको मद नाश गरी उनलाई वशमा पार्दछ ।

नोट : वनदमना झारमा वीर्यस्तम्भन गर्ने गुण हुन्छ भनी राजनिघण्टुमा बताइएको छ । यो झारलाई संस्कृतमा मुनिपुत्र पनि भनिन्छ । यदि मुनिपत्र अर्थ लगाउने हो भने अगस्तिका पात भन्ने अर्थ हुन्छ । यसैगरी टीकाकारले धतुरोको पातको रस पनि मिसाएर पिस्ने भनी अर्थ लगाएका छन् । त्यसो हो भने पहिलो श्लोकको अन्तिममा हेमरसम् हुनु उपयुक्त देखिन्छ । धतुरोको पातमा कीरा नाश गर्ने गुण हुन्छ । यो रसायन आफूखुशी प्रयोग नगर्नू ।

वाजीकरणमा कर्कटशृङ्गीको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, रसरत्न समुच्चय :**

कुलीरशृङ्ग्या यः कल्कमालोड्य पयसा पिबेत्॥ सिताघृतपयोऽन्नाशी स नारीषु वृषायते ।

कर्कटश्रृङ्गी (कुलीरश्रृङ्गी, Crab's claw) को धुलो (तीन मासा, तीन ग्राम) लाई दूधमा घोली पिएर मिश्री, घिउ र दूधसँग भात खाने मानिस साँढेजस्तो रतिकर्ममा सक्षम हुन्छ ।

वाजीकरणमा काउसो आंदेको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

पयसा पायसस्तेन माषकण्डूकरीफलैः । वृष्यो वेगकरः सिद्धः सघृतक्षौद्रशर्करः ॥

मास (माष, Black Gram) र काउसो (कण्डूकरी, Cowhage) का बीज हाली पकाइएको गाईको दूधको खीरमा गाईको घिउ, मह र चिनी वा मिश्रीको धूलो हालेर खानु अति नै वीर्यवर्धक हुन्छ ।

स्वगुप्तामूलचूर्णेन द्रुतेन पयसा कृताः । घृते सशर्कराक्षौद्रा भक्ष्या वेगशतप्रदाः ॥

काउसो (स्वगुप्ता, Cowhage) को जराको धूलो गाईको दूधमा ढड्याउनू । अनि यसलाई गाईको घिउमा पकाउनू । त्यसपछि चिनी र मह मिसाएर यो घिउ खाने गर्नू । पुरुष सय वटी स्त्रीलाई प्रसन्न पार्ने बन्दछ ।

स्वगुप्ता क्षीरकाकोली विदारी जीवकद्वयम् ॥
तिलाः सलुञ्चिता भृष्टाः शर्कराज्यमधुप्लुतम् । तच्चूर्णं प्रसृतं लीढ्वा गच्छति प्रमदाशतम् ॥

काउसो, दूधे कल्छेलहरो, विदारीकन्द, जीवक, ऋषभक र केलाएर भुटेको तिल : यी ओखतीको धूलोमा चिनी, घिउ र मह मिसाएर चाट्ने गर्नाले पुरुष सैयौं स्त्रीसँग आनन्द मनाउन सक्दछ ।

जलाढके स्वयंगुप्तामूलात् पञ्चपलं पचेत् ॥ पादशेषे च संचूर्ण्य कुडवांशाः पृथक् क्षिपेत् ।
स्वगुप्तामूलगोधूममाषेक्षुरकपिप्पलीः ॥ सप्रियालफलक्षौद्राः प्रस्थार्द्धं नवसर्पिषः ।
सितोपलातुलापादं कुर्यात्तान् मोदकांस्ततः ॥ मोदकं भक्षयित्वैकं षष्टिं व्रजति योषिताम् ।

एक आढक जलमा काउसोको जरा पाँच पल हालेर पकाउनू । एक थौथाई बाँकी भएपछि काउसो जरा, गहुँ, मास, ठूलो रामशरका गेडा, पिप्ला र चिरौंजीको फल एक एक कुडव; मह दुई कुडव; ताजा घिउ आधा प्रस्थ; मिश्री चौथाई तुला हालेर ६० वटा लड्डू बनाउनू । हरेक दिन एक एक वटा यो लड्डू खाने गर्नाले पुरुष साठी वटी स्त्रीलाई सन्तुष्ट पार्न सक्षम हुन्छ ।

मुखप्रियाणां स्निग्धानां फलानां मधुरात्मनाम् ॥
फलानामात्मगुप्तायाः शालेर्माषात्तिलात् घृतात् । मुद्गात् गोधूमतश्चापि कुडवं कुडवं पृथक् ॥
चूर्णितैर्निस्तुषैस्तैस्तु क्षीरेणालोड्य मर्दितैः । पक्वां पूपलिकां खादन् स्त्रीषु हृष्यति वाजिवत् ॥

मुखलाई प्रियलाग्ने, चिल्ला र गुलिया फलफूल; काउसोको फल, मार्सी चामल, मास, तिल, घिउ, मुगी र गहुँ : यी एक एक कुडव; सबै राम्ररी केलाई भुसतुँडो निकाली दूधमा पिसेर मलमजस्तो बनाउनू र पुवा पकाउनू । यो पुवा खाने गर्नाले मानिस घोडाजस्तै भएर स्त्रीलाई सन्तुष्ट पार्न सक्षम हुन्छ ।

अध्यण्डामार्षभींचैव स्वयङ्गुप्ताफलानि च । पादलेपं नरः कृत्वा निशि वेगैर्नहीयते ॥

अध्यण्डा (काउसो, तालिसपत्र, पानीअमला, तालमखाना), आर्षभी (काउसोको लहरा) र काउसोको फल पिसेर मलम बनाई रातमा सहवासमा संलग्न हुने पुरुषको वेग कमजोर हुँदैन ।

आत्मगुप्ताफलं माषान् खर्जूराणि शतावरीम्॥
शृङ्गाटकानि मृद्वीकां पचेत्तत् प्रसृतोन्मितम् । क्षीरप्रस्थं जलप्रस्थमेतत् क्षीरावशेषितम्॥
शुचिना वाससा पूतं योजयेत् प्रसृतैस्त्रिभिः । शर्करायास्तुगाक्षीर्याः सर्पिषोऽभिनवस्य च॥
तत्पिबेत् क्षौद्रसंयुक्तं भुञ्जानः षष्टिकौदनम् । तथा जरापरीतोपि पुत्रैः स परिवार्यते॥

काउसोको बीज, मास, खजूर (छोकडा), कुरिलो, सिँगडा र दाख एक एक प्रसृत एक प्रस्थ दूधमा पकाउनू । त्यसमा एक प्रस्थ पानी पनि हाल्नू । पानी सुकेर दूध मात्र बाँकी भएपछि भिकी सफा कपडाले छान्नू । यसमा मिश्रीको धूलो, वंशलोलन र ताजा घिउ एक एक प्रसृत हाल्नू । यो सुपमा मह मिसाएर पिउने गर्नू र सठिया चामलको भात खाने गर्नू । यसले बुढेसकालमा पनि सन्तान प्राप्ति हुन्छ ।

आत्मगुप्ताफलं माषा गोधूमः शालिषष्टिकम् । इक्षुरिक्षुरकः क्षीरं क्षौद्रं द्राक्षा सितोपला॥
उच्चटा शरमूलानि विदारी सशतावरी । जीवनीयानि खर्जूरं मोचचोचफलानि च॥
एभिर्भक्ष्याणि पेयानि लेह्यानि च घृतानि च । नित्यमासेवमानस्य स्त्रीषु हर्षो विवर्द्धते॥

काउसोका बीज, मास, गहुँ, मार्सी चामल, सठिया चामल, उखु, तालमखाना, दूध, मह, दाख, सितोपला (मिश्री) ?, रातीगेडी, निगालोको जरा ?, बिरालेलहरोको कन्द, कुरिलो, जीवनीय गणका ओखती, खजूर, केराको फल र बेतलौरीको फल तथा घिउ : यी द्रव्य दिनहुँ खानाले, पिउनाले, चाट्नाले स्त्रीप्रतिको हर्ष बढ्दछ ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, रसरत्न समुच्चय :

स्वयङ्गुप्तेक्षुरकयोर्बीजचूर्णं सशर्करम्॥ धारोष्णेन नरः पीत्वा पयसा रासभायते ।

काउसोको गेडाको धूलो, ठूलो जातको मुज घाँस अर्थात् रामशरका गेडाको धूलो र मिश्री मिसाएर दुहुँदा दुहुँदैको तातो दूधसँग खाने गर्नाले मानिस वीर्यशाली हुन्छ ।

(ग) अष्टाङ्ग हृदय :

सात्मगुप्ताफलान् क्षीरे गोधूमात् साधितान् हिमान्॥
माषान्नान् सघृतक्षौद्रान् खादन् गृष्टिपयोऽनुपः । जागर्ति रात्रिं सकलामखिन्नः खेदयेत्स्त्रियः॥

काउसोको बीज र गहुँलाई दूधमा पकाउनू अथवा काउसोको बीज र मासलाई दूधमा पकाउनू । पाकेपछि भिकी सेलाउनू । सेलाएपछि त्यसमा घिउ र मह मिसाएर इच्छा अनुसार वा पेटभर दिनहुँ

खाने गर्नू । यसपछि पहिलो बेते गाईको दूध पिउनू । यस्तो मानिस आफू नथाकिकन पत्नीलाई थकाउँदै रातभर ग्राम्यधर्ममा संलग्न हुन सक्दछ । (यसलाई आत्मगुप्तादि योग भनिन्छ) ।

(घ) **चक्रदत्त :**

स्वयङ्गुप्तागोक्षुरयोर्बीजचूर्णं सशर्करम् । धारोष्णेन नरः पीत्वा पयसा न क्षयं व्रजेत् ॥

काउसोको बीज र ओदानेकाँडाको धूलो बराबर मिसाई चिनी र दुहुँदादुहुँदैको तात्तातो दूधमा मिसाएर पिउने गर्नाले वीर्य नाश हुँदैन ।

(ङ) **चरक संहिता : अपत्यकर स्वरस**

आत्मगुप्ताफलं माषान् खर्जूराणि शतावरीम् । शृङ्गाटकानि मृद्वीकां साधयेत्प्रसृतोन्मिताम् ॥
क्षीरप्रस्थं जलप्रस्थमेतत्प्रस्थावशेषितम् । शुद्धेन वाससा पूतं योजयेत्प्रसृतैस्त्रिभिः ॥
शर्करायास्तुगाक्षीर्याः सर्पिषोऽभिनवस्य च । तत्पाययेत सक्षौद्रं षष्टिकान्नं च भोजयेत् ॥
जरापरीतोऽप्यबलो योगेनानेन विन्दति । नरोऽपत्यं सुविपुलं युवेव च स हृष्यति ॥

काउसोको बीज, मास, खजूर, कुरिलो, सिँगडा र मुनक्का : २, २ पल; दूध ३२ पल र पानी २ प्रस्थ हालेर सानो आगोमा पकाउनू । दुई प्रस्थ बाँकी भएपछि झिकेर छान्नू । छानिएको रसमा मिश्री, वंशलोचन र ताजा घिउ ६, ६ पल मिसाउनू । सेलाएपछि मह मिसाउनू । यो दूध खुवाउनू । सठिया चामलको भात खान दिनू । यसरी खुवाउनाले बूढ्यौलीले पीडित कमजोर पुरुष पनि धेरै सन्तान जन्माउन सक्षम हुन्छ, उसको जननेन्द्रिय जवान पुरुषको जस्तै उत्तेजित हुने गर्दछ ।

(च) **भावप्रकाश संहिता : वानरी वटिका**

बीजानि तु कपिकच्छ्वाः कुढवाः कुडमितानि च स्वेदयेच्छनकेः ।
प्रस्थे गोभवदुग्धे तावद्यावद्भवेद् गाढम् ॥
त्वग्रहितानि च कृत्वा सूक्ष्मं सम्पेषयेत्तानि । पिष्टिकया लघुवटिकाः कृत्वा गव्ये पचेदाज्ये ॥
द्विगुणितशर्करपाता वटिकाः सम्पक्वया लेप्याः ।
वटिका माक्षिकमध्ये मज्जनयोग्येऽखिलाः स्थाप्याः ॥
पञ्चटङ्कमितास्तास्तु प्रातः सायञ्च भक्षयेत् । अनेन शीघ्रद्रावी यो यश्च स्यात्पतितध्वजः ॥
सोऽपि प्राप्नोति सुरते सामर्थ्यमति वाजिवत् । नानेन सदृशं किञ्चिद् द्रव्यं वाजीकरं परम् ॥

सोह्र तोला काउसोका बीजलाई सग्लो अवस्थामै चौसठ्ठी तोला गाईको दूधमा पकाउनू । जब पाक्दै जाँदा दूध बाक्लो हुन्छ तब झिक्नू । यसपछि यी बीजका बोक्रा निकाली मैदा वा पिठो मुछेर ससाना गोली (मसिना डल्ला) बनाई त्यसभित्र हाली (मःमः पोको पारेजसरी पोको पारी) पुनः गाईको घिउमा पकाउनू । यसपछि यसलाई यसको दोब्बर मात्राको चिनीको चास्नीमा डुबाएर राख्नू । यसपछि चास्नी निथारेर महमा डुब्ने गरी कुनै भाँडामा हाली राख्नू । यसरी राखिएका गोली बिहान सबेरै र साँझमा

पाँच पाँच टङ्क (कारंब पन्ध्र-पन्ध्र ग्राम) खानू । जसको शीघ्रपतन हुन्छ र जसको ध्वजोत्थान हुँदैन त्यस्तो पुरुष पनि ग्राम्यधर्मका समयमा घोडाजस्तै शक्तिशाली बन्न पुग्दछ । यसलाई वानरीवटिका भनिन्छ र यो सरहको मर्दानगी निकाल्ने कुनै पदार्थ वा ओखती अरु हुँदैन, छैन ।

(छ) **भैषज्य रत्नावली, वैद्य रहस्य :**

स्वयङ्गुप्तेक्षुरकयोर्बीजं समधुशर्करम् । धारोष्णेन नरः पीत्वा पयसा न क्षयं व्रजेत्॥

काउसोको बीज र तालमखानाको धूलो बराबर मिसाई मह, चिनी र दुहुँदादुहुँदैको तात्तातो दूधमा मिसाएर पिउने गर्नाले वीर्य नाश हुँदैन ।

(ज) **वङ्गसेन आयुर्वेद :**

स्वयम्गुप्ताखखयोर्बीजचूर्णं सशर्करम् । धारोष्णेन नरः पीत्वा पयसा न क्षयं व्रजेत्॥

काउसोका बीज र अफिमका बीज धूलो पारी दुहुँदादुहुँदैको तातो दूधसँग पिउनाले कहिल्यै वीर्य क्षय हुँदैन ।

(झ) **शाबरमन्त्र सागर, उत्तर भाग :**

(१) काउसोको जरालाई भेडासिङ्गी नामक बूटीसँग वा बाख्रीको मूत्रसँग घोटी लेप बनाएर दल्नाले पुरुषको जननेन्द्रिय फलामको दण्डजस्तै कठोर हुन्छ । (२) काउसोका बीज र बोक्रा नभएको मास बराबर मिसाएर धूलो बनाउनू । यो धूलोलाई एक प्रहरसम्म नरिवलको पानीमा भिजाउनू । सुकेपछि शुद्ध अभ्रखभस्म मिसाएर पुनः पिसी गोली बनाउनू । अनि यसलाई घिउ र महसँग खानू । यसपछि मिश्री मिसाइएको दूध पिउनू । यसरी खानाले पुरुष अनेक स्त्रीसँग रमण गर्न सक्षम हुन्छ । यसपछि कुरिलो मिश्रित पेय पिउन पनि आवश्यक हुन्छ । (३) प्राकृतिकरूपमा काउसो यस्तो स्थानमा उम्रन्छ जहाँ मानिसको कुनै सम्बन्ध हुँदैन । रोप्यो भने जहाँ पनि उम्रन्छ । यसमा फल लाग्दछ । यो फल एक कुरेत भन्दापनि लामो हुन सक्दछ । यसको बीजलाई वीर्यवर्द्धक तथा ध्वजभङ्ग रोग नाशगर्ने ओखतीमा हाल्ने गरिन्छ । काउसोको जरा आधा इञ्च लामो लिएर सहवासकालमा मुखमा राखेर रस चुसिरहने गर्नाले जबसम्म यो मुखमा रहन्छ तबसम्म पुरुषको वीर्यपतन हुँदैन ।

(ज) **शार्ङ्गधर संहिता :**

कपिकच्छुभवा कण्डू...।

काउसोको भुस (वा कपास) ले शरीरलाई छुँदा शरीर अति नै चिलाउँदछ र डाह हुन्छ ।

(घ) सुश्रुत सांहता :

स्वयंगुप्तेक्षुरकयोः फलचूर्णं सशर्करम् । धारोष्णेन नरः पीत्वा पयसा न क्षयं व्रजेत्॥

काउसो र रामशर नामक ठूलो मुज झारको बीजको धूलो बराबर मिसाई त्यसमा मिश्रीको धूलो मिसाएर दुहुँदा दुहुँदैको तात्तातो दूधसँग पिउनाले मानिसको शुक्र क्षय हुँदैन ।

नोट : उल्लेखित श्लोकमा स्वयंगुप्ता+इक्षुरक =स्वयंगुप्तेक्षुरक भएको देखिन्छ । स्वयंगुप्ताको अर्थ काउसो र इक्षुरक शब्दको अर्थ ठूलो जातको मुज घाँस वा रामसर हुन्छ । इक्षुर र क्षुरक शब्दको अर्थ तालमखाना हुन्छ । कसैले तालमखाना त कसैले रामशर अर्थ लगाउको पाइन्छ । दुवैमा वीर्यवर्धक गुण हुने भएकोले टकिाकारहरूले फरक फरक अर्थ दिएको हुन सक्दछ । तर सही अर्थ भने मेरो विचारमा रामशर हुनुपर्दछ ।

क्षीरपक्वांस्तु गोधूमानात्मगुप्ताफलैः सह॥ शीतान् घृतयुतान् खादेत्ततः पश्चात् पयः पिबेत् ।

गहुँ र काउसो गाईको दूधमा पकाउनू । पाकेर सेलाएपछि गाईको घिउ मिसाएर खानू । यसपछि गाईको दूध पिउनू ।

स्वयंगुप्ताफलैर्युक्तं माषसूपं पिबेन्नरः॥

मानिसले काउसोको फल हालेर पकाइएको मासको दाल पिउनू ।

गुप्ताफलं गोक्षुरकाच्च बीजं तथोच्चटां गोपयसा विपाच्य ।
खजाहतं शर्करया च युक्तं पीत्वा नरो हृष्यति सर्वरात्रम्॥

काउसोको फल, ओदानेकाँडोका बीज र सेतीगेडी : यी ओखती गाईको दूधमा पकाएर बेस्सरी मदानीले मथ्नू । यसमा मिश्रीको धूलो हालेर खानाले मानिस रातभर हर्षित हुने गर्दछ ।

वाजाकरणमा कामश्वरमादकः

(क) **भावप्रकाश संहिता :**

एतस्मिन् सति वल्लभे यदि पुनः सम्यक्खुराशाणिका
धत्तूरस्य च बीजमर्ककरभः पोथोऽब्धिशोषस्तथा ।
सन्माजूफलकं तथा खसफलं त्वक्कार्षिकान् निक्षिपे-
च्चूर्णार्द्धा विजया तदा स हि भवेत्कामेश्वरो मोदकः ॥

यो स्त्रीरतिबल्लभपूगपाक नामक ओखतीमा पारसीक ज्वानु, धतुरोको बीज, अकरकरा, बोभ्रो, समुद्रशोष, माजूफल ? र अफिमका दाना एक एक तोला र सबै धूलो आधा भाङका बीज मिसाइयो भने त्यसलाई "कामेश्वर मोदक" भनिन्छ ।

वाजीकरणमा कालिन्दी आदिको प्रयोग

(क) आयुर्वेद महोदधि :

कालिन्दीसुफलोदरे विनिहितं हेमं घनारोचनं कृष्णोन्मत्तकबीजतारसहितं शुक्लं शरापुङ्खजम् ।
ईषत्सूतक मिश्रितं वटिकृतं वक्त्राम्बुजे धारयेत्
शुक्रस्तम्भमिदं दधाति वनिता मोहाय पाशाङ्कुशः ॥
गच्छेत्तत्रः कठिन पीनघनस्तनाढ्याः प्रौढाः स्त्रियो विविधकामकलास्वभिज्ञाः ।
रेतो ददात्यतिरतिं लभते स कामी दार्ढ्यं ददाति नव मेहनमस्य पुंसः ॥

कालिन्दी (ठिक यही शब्दको आयुर्वेदसँग सम्बन्धित रातो निशोथ (कालिन्दी), सुफला (केरा, ऐरेलु, खमारी, कुभिण्डो मध्ये के हो ?) को फल भित्र (गुदीमा) सुन, मोथे, वंशलोचन, कालो धतुराका गेडा, चाँदी, रातो साकिनु (शरापुङ्ख)को सेतो फूल, र थोरै पारो हाली मिसाएर गोली बनाई मुखमा लिइ रहनाले वीर्य झर्दैन (शुक्रस्तम्भ-शब्दको वास्तविक अर्थ धेरै दिनको ब्रह्मचर्य व्रतले गर्दा हुने नपुंसकता हो । तर, यहाँ सो अर्थ मिल्दैन) हुन्छ र स्त्रीलाई मोहित पार्ने अचुक डोरी (पाशाङ्कुश) हुन्छ । यसपछि कठोर र पुष्ट कुच भएकी एवं अनेक प्रकारका कामकला जान्ने स्त्रीसँग उ ग्राम्यधर्ममा संलग्न हुन सक्दछ, वीर्यदान गर्दै रतिसुख प्राप्त गर्न सक्दछ । यस्ता पुरुषको जननेन्द्रिय सुदृढ र नया हुन जान्छ ।

वाजीकरणमा कुभिण्डो आदेको प्रयोग

(क) चक्रदत्त :

कूष्माण्डकात्पलशतं सुस्विन्नं निष्कुलीकृतम् । प्रस्थं घृतस्य तैलस्य तस्मिंस्तप्ते प्रदापयेत्॥
पत्रत्वग्धान्यकव्योषजीरकैलाद्वयानलम् । ग्रन्थिकं चव्यमातङ्गपिप्पलीविश्वभेषजम्॥
शृङ्गाटकं कशेरुं च प्रलम्बं तालमस्तकम् । चूर्णीकृतं पलांशं च गुडस्य च तुलां पचेत्॥
शीतीभूते पलान्यष्टौ मधुनः सम्प्रदापयेत् । कफपित्तानिलहरं मन्दाग्नीनां च शस्यते॥
कृशानां बृंहणं श्रेष्ठं वाजीकरणमुत्तमम् । प्रमदासु प्रसक्तानां ये च स्युः क्षीणरेतसः॥
क्षयेण च गृहीतानां परमेतद्भिषग्जितम् । कासं श्वासं ज्वरं हिक्कां हन्ति छर्दिमरोचकम्॥
गुडकूष्माण्डकं ख्यातमश्विभ्यां समुदाहृतम् । खण्डकूष्माण्डवत्पात्रं स्विन्नकूष्माण्डकाद्रवः॥

बोक्रा र बीज केलाइएका कुभिण्डो उमालेररस निचोरी बेग्लै राख्नू । त्यसपछि गाईको घिउ ६४ तोला र (वा) तिलको तेल ६४ तोला मिसाएर तताई अघि उसिनेको कुभिण्डो भुट्नू । राम्रोसँग भुटिएपछि वा सुक्खा भएपछि वा बास्ना आउन थालेपछि त्यसमा पुरानो सक्खर ५ सेर हाल्नू । जबसम्म बाक्लो हुँदैन तबसम्म पकाउनू । त्यसपछि तेजपात, दालचिनी, धनियाँ, त्रिकटु, जीरा, सुकुमेल, अलैंची, चितूको जरा, पिप्लाको जरा, चाभो, गजपिप्ला, सुठो, सिँगडा, कशेरु, ताडको गुदी चार चार तोला हाली फिटेर निकाल्नू । सेलाएपछि ३२ तोला मह मिसाएर घोल्नू । यसले कफविकार, पित्तविकार र वातविकार नाश गर्दछ । यो कमजोर पाचनशक्ति हुने मानिसका लागि हितकर हुन्छ । यसले दुब्लो मानिसलाई पुष्ट पार्दछ तथा उत्तम वाजीकर हुन्छ । सहवासका कारण दुब्लाउन थालेक वा क्षयरोगले समातेका मानिसका लागि यो उत्तम ओखती हुन्छ । यसले खोकी, दम, जरो, बाडुलीरोग, वाकवाकी र अरुची नाश गर्दछ । यो "गुडकूष्माण्डक" रसायनका आविष्कारक अश्विनीकुमार हुन् । यहाँ उसिनेको कुभिण्डोको रस कुण्डिोको जसरी नै एक आढक वा जति निस्कन्छ लिनु पर्दछ । यो ओखतीको मात्रा २-४ तोला हो ।

वाजीकरणमा कुरिलोको प्रयोग

(क) **अग्निपुराण :**

शतावरीरसे सिद्धौ वृष्यौ क्षीरघृतौ स्मृतौ ॥

कुरिलोको रसमा दूध र घिउ हालेर पकाई खाने गर्नाले वीर्य (रति-शक्ति) बढ्दछ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह :**

शतावरीकल्करसे पयो दशगुणं घृतम् । शृतं सपिप्पलीक्षौद्रशर्करं वृष्यमुत्तमम् ॥

कुरिलोको ताजा रस, दूध, दूधको दश गुना घिउ, पिप्ला, मह र चिनी हालेर पकाइएको घिउ उत्तम वीर्यशाली हुन्छ ।

शतावरीरसप्रस्थं क्षीरप्रस्थचतुष्टयम् । प्रस्थं घृतस्य शुक्त्यंशं द्राक्षामांसीपरूषकम् ॥
जीवकर्षभयष्ट्याह्वबलामेदाकशेरुकम् । प्रियालबीजं काकोलीयुग्मं चैकत्र पाचयेत् ॥
पक्वपूते क्षिपेच्चास्मिन् कुडवांशां सितोपलाम् । गृष्टिक्षीरानुपः प्राश्य तन्नारीषु वृषायते ॥
विजयेत च वातास्रं पित्तास्रोरःक्षतक्षयान् ।

कुरिलोको ताजा रस एक प्रस्थ, दूध चार प्रस्थ, घिउ एक प्रस्थ; दाख, जटामसी, फाल्सा, जीवक, ऋषभक, जेठीमधु, बलु, मेदा, कशेरु, चिरौंजीका गेडा, कल्छे लहरो र दूधे कल्छे लहरोको बराबर मात्रा मिसाइएको धूलो हालेर पकाउनू । पाकेर सेलाएपछि एक कुडव मिश्रीको धूलो मिसाउनू । यो घिउ खाई तुरुन्त भर्खर वियाएकी गाईको दूध पिउने गर्नू । यसले पुरुषलाई स्त्रीको प्रिय बनाउँदछ तथा वातरक्त, रक्तपित्त, छातीको घाउ र क्षयरोग नाश गर्दछ ।

(ग) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

उच्चटाचूर्णमप्येवं शतावर्याश्च योजयेत् ॥

सेतीगेडी र कुरिलोको धुलोमा खुँदो वा मिस्री मिसाएर खाई दुहुँदादुहुँदैको ताततातो दूध पिउँदछ भनेपनि उ रतिकर्ममा अत्यधिक समर्थ हुन्छ ।

(घ) **आयुर्वेद महोदधि :**

शतावरीचूर्णप्रस्थं प्रस्थं गोक्षुरकस्य च । वाराह्या विंशति पलं गुडूच्याः पञ्चविंशतिः ॥
भल्लातकानां द्वात्रिंशच्चित्रकस्य दशैव तु । तिलानां लुञ्चितानां च प्रस्थं दद्यात्सुचूर्णितम् ॥
त्र्यूषणस्य पलान्यष्टौ शर्करायाश्च सप्ततिः । माक्षिकं शर्करार्द्धेन मधुनोर्द्धेन वै घृतम् ॥

शतावरी समं देयं विदारीकन्दचूर्णकम् । एतानि श्लक्ष्णचूर्णानि स्निग्धभाण्डे निधापयेत्॥
पलार्द्धमुपभुञ्जीत यथेष्टं चाऽत्र भोजनम् । एष मासोपयोगेन रुजां हन्ति जरामपि ॥
वलीपलितखालित्यप्लीहपाण्ड्वाद्यपीनसान् । भगन्दरान् मूत्रकृच्छ्रानश्मरी च भिनत्त्यपि ॥
अष्टादश च कुष्ठानि तथाऽष्टावुदराणि च । प्रमेहं च महाव्याधिं पञ्चकासान् सुदारुणान्॥
अशीतिर्वातजान् रोगांश्चत्वारिंशच्चपैत्तिकान् । विंशति श्लेष्मकांश्चैव संसृष्टन् सान्निपातिकान्॥
एतान् सर्वान् रुजो हन्ति वृक्षमिन्द्रा शनिर्यथा ॥
स्यात्काञ्चनाभोमृगराजविक्रमः तुरङ्गमानामतियाति वेगात् ।
स्त्रीणां शतं गच्छति सोऽति हृष्टः सुहृष्टपुष्टश्चटको यथा तथा ॥
पुत्रान्सञ्जनयेद्वीरान्नारसिंहपराक्रमान् । नारसिंह इति ख्यातश्चूर्णो रोगगणापहा ॥

कुरिलोको धुलो एक प्रस्थ (चौसठ्ठी तोला), गोखुरको धुलो एक प्रस्थ, वाराहीकन्दको धुलो बीस पल (असी तोला), गुर्जोको धुलो पच्चीस पल (सय तोला), भलायोको धुलो एक सय अठ्ठाईस तोला, चितूको धुलो चालीस तोला, केलाइएको तिलको धुलो चौसठ्ठी तोला, सुठो-मरिच र पिप्लाको धुलो बत्तीस तोला, मिश्री वा सक्खर दुई सय असी तोला, मह एक सय चालीस तोला, घिउ सत्तरी तोला, विदारीकन्दको धुलो चौसठ्ठी तोला : यी सबैलाई मसिनो धुलो बनाई चिल्लो भाँडामा राख्नु । यसलाई दुई तोला खानु र मनलागेका (हितकर) खानेकुरा खानु । एकमहिनासम्म यो खानाले रोग र बुढ्यौली नाश हुन्छ । छाला चाउरी परेको, कपाल फुलेको, तालु खुइलेको, फियोका रोग, पाण्डु, पिनास, भगन्दर, पिसाब रोकिने रोग र पत्थरी ठिक गर्दछ । अठार किसिमका कुष्ठरोग, आठ प्रकारका पेटका रोग, प्रमेह, क्षयरोग, पाँच प्रकारका डरलाग्दा खोकी, अस्सी प्रकारका वातरोग, चालीस प्रकारका पित्तरोग, बीस प्रकारका कफ रोग तथा सन्निपातजन्य रोग यो ओखती खानाले त्यसरी नै नष्ट हुन्छन् जसरी इन्द्रको वज्र प्रहारले वृक्ष नष्ट हुन्छ । साथै, यसको सेवनले सुनजस्तै चम्किलो, सिंहजस्तै पराक्रमी, वेगमा घोडाभन्दा अगाडि हुने, ग्राम्यधर्ममा सय वटी स्त्रीसँग रमण गर्न सक्ने र भँगेरोजस्तै अति हृष्टपुष्ट हुन्छ । उल्लेखित ओखती खाने मानिसले नरसिंह जस्तै पराक्रमी एवं वीर पुत्रलाई जन्माउँदछ, यसैले यो ओखतीलाई “नारसिंह चूर्ण” भनिन्छ र यसले रोगका समूहलाई नै नाश गर्दछ ।

(ङ) कामसूत्र, वात्स्यायन :

शतावरीश्वदंष्ट्रागुडकषाये पीप्पलीमधुकल्के गोक्षीरच्छागघृते पक्वे तस्य पुष्यारम्भेणान्वहं प्राशनं मेध्यं वृष्यमायुष्यं युक्तरसमित्याचार्याः प्रचक्षते ।

कुरिलो र ओदानेकाँडोको काँढापानीमा पिप्ला र महको लेदो हाली गाईको घिउमा भुटेर दूधमा पकाउनू । यो ओखती पुष्य नक्षत्रमा सधैं चाट्नू । यसले बुद्धि बढाउँदछ, वाजीकर हुन्छ र आयु बढाउँदछ । यो ओखतीलाई आचार्यहरू “युक्तरस” भन्दछन् ।

शतावर्याः श्वदंष्ट्रायाः श्रीपर्णीफलानां च क्षुण्णानां चतुर्गुणितजलेन पाक आप्रकृत्यवस्थानात् तस्य पुष्यारम्भेण प्रातः प्राशनं मेध्यं वृष्यमायुष्यं युक्तरसमित्याचार्याः प्रचक्षते ।

कुरिलो, पहाडीया ओदानेकाँडो र खमारी (कसेरु)का फूल पिसेर चार गुना पानीमा हाली पकाउनू । पानी सुकेपछि झिक्नू । यसलाई पुष्य नक्षत्रबाट बिहान बिहान चाट्न शुरु गर्नू । यसले बुद्धि बढाउँदछ, वाजीकर हुन्छ र आयु बढाउँदछ । यो ओखतीलाई आचार्यहरू "युक्तरस" भन्दछन् ।

(च) **चक्रदत्त :**

शतावर्युच्चटाचूर्णं पेयमेव सुखार्थिना ।

सुख (यौन क्षमता बढाउन) चाहने पुरुषले कुरिलो र सेतीगेडीको धूलो सफा पानीसँग पिउनू । (सेतीगेडी उपविष हो यो प्रशोधन नगरी सोझै खान हुँदैन, एकछिन उमालेपछि यसको विष जान्छ) ।

शतावरीरजःप्रस्थं प्रस्थं गोक्षुरकस्य च । वाराह्या विंशतिपलं गुडूच्याः पञ्चविंशतिः ॥
भल्लातकानां द्वात्रिंशच्चित्रकस्य दशैव तु ॥ तिलानां शोधितानां च प्रस्थं दद्यात्सुचूर्णितम् ।
त्र्यूषणस्य पलान्यष्टौ शर्करायाश्च सप्ततिः ॥ माक्षिकं शर्करार्धेन माक्षिकार्धेन वै घृतम् ।
शतावरीसमं देयं विदारीकन्दजं रजः ॥ एतदेकीकृतं चूर्णं स्निग्धे भाण्डे निधापयेत् ।
पलार्धमुपयुञ्जीत यथेष्टं चापि भोजनम् ॥ मासैकमसपयोगेन जरां हन्ति रुजामपि ।
वलीपलितखालित्यमेहपाण्ड्वाद्यपीनसान् ॥ हन्त्यष्टादश कुष्ठानि तथाष्टावुदराणि च ।
भगन्दरं मूत्रकृच्छ्रं गृध्रसीं सहलीमकम् ॥ क्षयं चैव महाश्वासान्पञ्च कासान्सुदारुणान् ।
अशीतिं वातजान् रोगांश्चत्वारिंच्च पैत्तिकान् ॥ विंशतिं श्लैष्मिकांश्चैव संसृष्टान्सान्निपातिकान् ।
सर्वानर्शोगदान्हन्ति वृक्षमिन्द्राशनिर्यथा ॥
स काञ्चनाभो मृगराजविक्रमस्तुरङ्गमं चाप्यनुयाति वेगतः ।
स्त्रीणां शतं गच्छति सोऽतिरेकं प्रकृष्टदृष्टिश्च यथा विहङ्गः ॥
पुत्रान्सञ्जनयेद्वीरान्नरसिंहनिभांस्तथा । नारसिंहमिदं चूर्णं सर्वरोगहरं नृणाम् ॥
वाराहीकन्दसंज्ञस्तु चर्मकारालुको मतः । पश्चिमे घृष्टिशब्दाख्यो वराहलोममानिव ॥

कुरिलोको धूलो ६४ तोला, ओदानेकाँडोको धूलो ६४ तोला, वाराहीकन्दको धूलो ८० तोला, गुर्जोको धूलो १०० तोला, भलायो १२८ तोलो, सुठो, मरिच र पिप्ला ३२, ३२ तोला; विदारीकन्दको धूलो ६४ तोला : यी सबै मिसाएर मिश्री २८० तोला, मह १४० तोला, घिउ ७० तोला मिसाएर एउटा घिउ दलिएको घैँटोमा राख्नू । हरेक दिन दुई दुई तोला (अहिले ६ मासादेखि एक तोला) दरले खानू । एक महिनासम्म खानाले बूढ्यौली र रोग नाश हुन्छ । छाला चाउरी पर्ने, कपाल फुल्ने, इन्द्रलुप्त, प्रमेह, पाण्डु, पिनास, १८ थरी कुष्ठ, ८ थरी उदररोग, भगन्दर, मूत्रकृच्छ्र, गृध्रसी, हलीमक, क्षयरोग, महाश्वास, ५ थरी खोकी, ८० थरी वातरोग, ४० थरी पित्तरोग, २० थरी कफरोग, द्वन्द्वज र सान्निपातिक रोग, सबै खालका हर्सा यो खानाले त्यसरी नै नाश हुन्छ जसरी चटच्याङ पर्नाले रूख नाश हुन्छ । यो

ओखती खाने मानिस सुनको जस्तो चमक भएको, सिंहसमान पराक्रमी, घोडाजस्तै वेगिलो, सैयौँ स्त्रीसँग रमण गर्न सक्षम र चराको जस्तै दृष्टिक्षमता भउको हुन्छ । यसको सेवनले नृसिंहसमान वीर पुत्र जन्माउने शक्ति उत्पन्न हुन्छ । यो सबै रोग नाशगर्ने ओखतीलाई “नारसिंहचूर्ण” भनिन्छ । वाराहीकन्द भनेको चर्मकारालूका हो । पश्चिमतिर यसलाई घृष्टि भन्दछन् । यो कन्दमा बनेलका जस्ता रौँ हुन्छन् ।

(छ) चक्रदत्त, चरक संहिता, योग रत्नाकर, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :

घृतं शतावरीगर्भं क्षीरे दशगुणे पचेत् । शर्करापिप्पलीक्षौद्रयुक्तं तद्वृष्यमुत्तमम् ॥
(इति वृष्यं शतावरीघृतम्)

कुरिलोको लेदो (८ पल), गाईको दूध (२० प्रस्थ) र गाईको घिउ (२ प्रस्थ) हाली विधिपूर्वक घिउ पकाउनू । पाकेपछि यो घिउमा पिप्लाको धूलो र मह मिसाएर खाने गर्नू । यो घिउले अति नै यौनशक्ति बढाउँदछ ।

(ज) चरक संहिता : अपत्यकरं घृतम्

शतावर्या विदार्याश्च तथा माषात्मगुप्तयोः । श्वदंष्ट्रयाश्च निष्क्वाथाञ्जलेषु च पृथक् पृथक् ॥
साधयित्वा घृतप्रस्थं पयस्यष्टगुणे पुनः । शर्करामधुयुक्तं तदपत्यार्थी प्रयोजयेत् ॥

कुरिलो, विदारीकन्द, मास, काउसाको बीज र ओदानेकाँडो : यी पाँच थरी ओखतीको बेग्लाबेग्लै काँढापानी पकाउनू । त्यसपछि यी काँढापानी र १६ प्रस्थ दूध अनि २ प्रस्थ घिउ मिसाएर विधिपूर्वक घिउ पकाउनू । तयार भएपछि झिकेर छानी सेलाएपछि मिश्री र मह मिसाएर सन्तान चाहने पुरुषले आधा आधा तोलाका दरले खाने गर्नू ।
(यहाँ कुरिलो आदिको काँढापानी दुई दुई प्रस्थ र काँढापानी पकाउनका लागि हरेक ओखती एक एक प्रस्थ लिनू । पानी आठ प्रस्थ हाल्नू । २ प्रस्थ बाँकी भएपछि झिक्ने गर्नू ।) ।

(झ) चिकित्साकलिका :

शतावरीनागबलाविदारिकात्रिकण्टकैरामलकीफलान्वितैः ।
विचूर्णितैः पञ्चभिरेकशः पृथक् प्रकल्पितैर्वा घृतमाक्षिकप्लुतैः ॥
इति प्रयोगाः षडिमे भिषग्वरैरुदीरिता शर्करया समायुताः ।
नृणामनेकप्रमदाः प्रसर्पताम्प्रधानधातोरति(वि)रेककारिणः ॥

कुरिलो, नागबलु, विदारीकन्द, ओदानेकाँडो र अमला : यी पाँच ओखतीको धूलो बेग्लाबेग्लै वा एकमुष्ट चिनी (वा मिश्री), घिउ र मह मिसाएर खानु पर्दछ । यी छ मिश्रणले अनेकौं स्त्रीसँग रमण गर्ने

पुरुषको वीर्यवृद्धि गर्दछ ।

(ञ) भैषज्य रत्नावली :

शतावरीश्रृतं क्षीरं प्रपिबेत्सितया युतम् । रममाणस्य विरतिं मृदुतां याति नेन्द्रियम्॥

एक तोला कुरिलो, आठ तोला दूध र बत्तीस तोला पानी हालेर पकाउनू । पाक्दै जाँदा जब पानी सुकेर दूधमात्र बाँकी रहन्छ तब झिकेर सेलाएपछि मिश्रीको धूलो हालेर पिउने गर्नू । यसो गर्नाले धेरै मैथुन गर्ने पुरुषको जननेन्द्रिय शिथिल हुँदैन ।

(ट) वङ्गसेन आयुर्वेद :

शतावर्युच्चटाचूर्णं पेयमेव सुखाम्बुना ।

यौन क्षमता बढाउन चाहने पुरुषले कुरिलो र सेतीगेडीको धूलो सफा पानीसँग पिउनू ।

(ठ) सुश्रुत संहिता :

शतावर्युच्चटाचूर्णं पेयमेवं बलार्थिना ।

यौन क्षमता बढाउन चाहने पुरुषले कुरिलो र सेतीगेडीको धूलो पनि दूधसँग पिउनू ।

वाजीकरणमा दुधेकल्छेलहराको प्रयोग

(क) **अष्टाङ्ग हृदय :**

यः पयस्यां पयःसिद्धां खादेन् मधुघृतान्विताम् ॥ पिबेद् बाष्कयणं चानु क्षीरं न क्षयमेति सः ।

क्षीरकाकोलीलाई दूधमा पकाएर त्यसमा मह र घिउ मिसाएर खाई थाक्न लागेको (बकेर्नू) गाईको दूध पिउनाले सहवास कर्म क्षीण हुँदैन ।

वाजीकरणमा खमारी आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

क्षीरिणी च श्वदंष्ट्रा च फाणितं शर्करा मधु॥ गृष्टिक्षीरं नवं सर्पिरेतत् पुंसवनं परम् ।

खमारी, गोखुर, मिश्री, सखर र मह भर्खर बिहाएकी गाईको दूध र घिउ हालेर खानाले पुरुष अति नै सन्तान जन्माउन सक्षम हुन्छ ।

वाजीकरणमा गन्धक आदिको प्रयोग

(क) रसरत्न समुच्चय :

गन्धकेन समं सूतं श्वेताङ्कोलजटारसैः । त्रिदिनं मर्दितं तेन रसेन गुटिकीकृतम् ॥
रक्तचित्रकवाराहीपत्रनिर्यासपेषिते । सद्योहताजमांसस्य पिण्डे न्यस्तं विपाचितम् ॥
तप्ततैले मज्जयीत याजत्सिन्दूरसन्निभम् । भक्षयेन्मधुसर्पिर्भ्यां गोक्षीरं च पिबेदनु ॥
स्त्रियः सेवेत तत्त्यागे यतः स्फुटति लोचनम् । न क्रामति रसः पुंसि क्रान्ते स खलु मन्मथः ॥

गन्धक र पारो बराबर लिई अम्फीफलको जराको रसमा तीन दिनसम्म भिजाएर गोली बनाएर सुकाउनू । त्यसपछि भर्खर काटिएको बोकाको मासुलाई रातो चितु र भ्याकुरका पातको रसमा राम्ररी पिसी त्यो गोलीको वरीपरी दुई अमल बाक्लो लेप दल्नू र राम्ररी तातेको तेलमा हालेर पकाउनू । जब पाकेर सिन्दूर जस्तै रातो हुन्छ तब झिकी राम्ररी धूलो बनाउनू र कुनै सिसिमा भरेर राख्नू । यो ओखती हरेक दिन उचित मात्रामा मह र घिउ मिसाई खाने गर्नू र त्यसपछि गाईको दूध पिउने गर्नू र सैयौं स्त्रीका साथ रमण गर्नू । यदि मानिस यो रस खाएर स्त्रीसेवन गर्दैन भने उसका आँखा फुट्दछन् र शरीरलाई धेरै हानी गर्दछ । अति नै कामोत्तेजना भएपछि मानिसको वीर्य आँखा हुँदै बाहिर निस्कने गर्दछ । यो ओखती खाने मानिस बिउँझिएका अवस्थामा कुनै पनि हालतमा कामवासनालाई दवाउन नसक्ने हुन्छ । यदि कुनै मानिस यो ओखती खाएर पनि जितेन्द्रिय भई ब्रह्मचर्यमा रहन सक्दछ भने उ निश्चय नै कामदेव जस्तै रूपवान् हुनेछ ।

सिद्धं सूतं वाजिगन्धां च यष्टीं पक्त्वा दुग्धं तच्च कार्श्ये ददीत ।
एवं वाप्यं वापयित्वा च दद्याद्यद्व यष्टीं मागधीं वाविगन्धाम् ॥
मध्वाज्याभ्यां शाल्मलीसत्त्वयुक्तां शम्बूकैर्वा भर्जितैर्वाव्यमिश्रैः ॥

माथि बताइएको सूतेन्द्र नामक रस एक रत्ती, अश्वगन्धा एक मासा र जेठीमधुको धूलो तीन मासा दूधमा पकाएर शरीर दुब्लो हुने रोगीले खाने गरे शरीर पुष्ट हुन्छ । अथवा कूटलाई उक्त रसमा मिसाएर खुवाउनू । जेठीमधु, पिप्ला, अश्वगन्धा र सिमलको खोटो बराबर लिई राम्ररी धूलो बनाउनू । यो धूलो छ मासा र सूतेन्द्र रस एक रत्ती दुवै मह र घिउमा मिसाएर खानाले शरीर पुष्ट हुन्छ । अथवा सिपीको भस्म, कूट, अश्वगन्धा र जेठीमधुको धूलोसँग सूतेन्द्र रस उचित मात्रामा दूधमा पकाएर पिउनाले पनि दुर्बल मानिस पुष्ट हुन्छ ।

वाजीकरणमा गहुँ आंदको प्रयोग

(क) चक्रदत्त :

गोधूमाच्च पलशतं निष्क्वाथ्य सलिलाढके । पादावशेषे पूते च द्रव्याणीमानि दापयेत्॥
गोधूमं मुञ्जातफलं माषद्राक्षापरूषकम् । काकोली क्षीरकाकोली जीवन्ती सशतावरी॥
अश्वगन्धा सखर्जूरा मधुकं त्र्यूषणं सिता । भल्लातकमात्मगुप्ता समभागानि कारयेत्॥
घृतप्रस्थं पचेदेकं क्षीरं दत्त्वा चतुर्गुणम् । मृद्वग्निना च सिद्धे च द्रव्याण्येतानि निःक्षिपेत्॥
त्वगेलापिप्पलीधान्यकर्पूरं नागकेशरम् । यथालाभं विनिक्षिप्य सिताक्षौद्रपलाष्टकम्॥
शब्त्येक्षुदण्डेनालोड्य विधिवद्विनियोजयेत् । शाल्योदनेन भुञ्जीत पिबेन्मांसरसेन वा॥
केवलस्य पिबेदस्य पलमात्रां प्रमाणतः । न तस्य लिङ्गशैथिल्यं न च शुक्रक्षयो भवेत्॥
बल्यं परं वातहरं शुक्रसञ्जननं परम् । मुत्रकृच्छ्रप्रशमनं वृद्धानां चापि शस्यते॥
पलद्वयं तदश्नीयाद्दशरात्रमतन्द्रितः । स्त्रीणां शतं च भजते पीत्वा चानुपिबेत्पयः॥
अश्विभ्यां निर्मितं चैतद्गोधूमाद्यं रसायनम् । जलद्रोणे तु गोधूमक्वाथे तच्छेशमाढकम्॥
मुञ्जातकस्य स्थाने तु तद्गुणं तालमस्तकम् । कल्कद्रव्यसमं मानं त्वगादेः साहचर्यतः॥

गहुँ ५ सेर, जल २५ सेर ९ छटाक तीन तोला हाली पकाउनू । एक चौथाई बाँकी भएपछि भिकी छानेर गहुँ, मुजका बीज, मास, मुनक्का, फाल्सा, काकोली, क्षीरकाकोली, जीवन्ती, कुरिलो, अश्वगन्धा, छोकडा, जेठीमधु, सुटो, मरिच, पिप्ला, मिश्री, काउसाको बीज र भलायो एक एक तोला तथा घिउ १ सेर ९ छटाक ३ तोला अनि दूध ६ सेर ३२ तोला मिसाएर सानो आगोमा पकाउनू । पाकेपछि भिकी छानेर त्यसमा दालचिनी, अलैंची, पिप्ला, धनियाँ, कपूर, नागकेशर एक एक तोला हाल्नू । मिश्री र मह दुवै मिसाएर ३२ तोला हाल्नू । उखुको गिँडले घोल्नू । यसलाई मार्सी चामलको भातसँग वा मासुको रससँग खाने गर्नू अथपा यो घिउ मात्र ४, ४ तोलाका दरले खाने गर्नू । यो खानाले जननेन्द्रिय शिथिल हुँदैन । न त शुक्र नै क्षीण हुन्छ । यसले बल र वीर्य बढाउँदछ र वातविकार नाश गर्दछ । मुत्रकृच्छ्र शान्त पार्दछ र वृद्धका लागि हितकर हुन्छ । यसलाई बडीमा ८ तोलासम्म १० दिनसम्म सावधानीपूर्वक खानुपर्दछ । यो ओखती खाएपछि दूध पिउने गर्नुपर्दछ । यो गोधूमादि नामको रसायन भगवान् अश्विनीकुमारले बनाएका थिए । यो ओखती बनाउँदा गहुँको काँढापानी एक द्रोण पानीमा हालेर पकाउनु पर्दछ र एक चौथाई पानी बाँकी रहन दिनु पर्दछ । मुजका बीज नपाउँदा ताडीको गुदी हाल्नु पर्दछ । दालचिनी आदि पनि प्रत्येक एक एक तोला लिनु पर्दछ । यसलाई “गोधूमाद्य घृत” भनिन्छ ।

वाजीकरणमा गुर्जो आदिको प्रयोग

(क) **भावप्रकाश संहिता :**

सत्त्वं गुडूच्या गगनं सलोध्रमेलासितामागधिकासमेतम् ।
एतत्समेतं मधुनाऽवलीढं रामाशतं सेवयतीव षण्ढः ॥

गुर्जोको सार (डाँठको गुदी), अभ्रख भस्म, हरितालको भस्म, अलैंची, सक्खर र पिप्ला : यी कुरा महमा मिसाएर चाट्ने गरेमा नपुसंक पनि सय वटी स्त्रीसँग रमण गर्न सक्दछ ।

(ख) **हारीत संहिता :**

गुडूची शतमूली च स्वयंगुप्ता बला तथा ॥
शाल्मली मुसलीमूलं चूर्णं गोपयसान्वितम् । पानं नराणां श्रेष्ठं तु बीजमिन्द्रियकारकम् ॥

गुर्जो, कुरिलो, काउसोका गेडा, बलु, सिमल र मुसलीकन्दको धुलो गाईको दूधसँग पिउनाले मानिसको उत्तम तरिकाले वीर्य र इन्द्रिय वृद्धि हुन्छ ।

वाजीकरणमा घिउ आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

घृतक्षीराशनो नित्यं निर्व्याधिर्नित्यगो युवा । सङ्कल्पप्रवणो नित्यं नरः स्त्रीषु वृषायते ॥

दिनहुँ घिउ र दूध खाने तथा निरोगी युवा दिनहुँ सहवासमा संलग्न हुन सक्दछ ।

(ख) **कामसूत्र, वात्स्यायन :**

सर्पिणो मधुनः शर्कराया मधुकस्य च द्वे द्वे पले मधुरसायाः कर्षः प्रस्थं पयस इति षडङ्गममृतं मेध्यं वृष्यमायुष्यं युक्तरसमित्याचार्याः प्रचक्षते ।

घिउ, मह, चिनी वा मिश्री र जेठीमधु दुई-दुई पल; एक कर्ष कुरिलो र एक प्रस्थ दूध : यी छ पदार्थ मिसाएर पकाइएको ओखती सम्झनाशक्ति बढाउने, वाजीकर र आयु बढाउने गुणको हुन्छ । यसलाई आचार्यहरू “युक्तरस” भन्दछन् ।

(ग) **चरक संहिता : वृष्यगुटिका**

घृतपात्रं शतगुणे विदारीस्वरसे पचेत् । सिद्धं पुनः शतगुणे गव्ये पयसि साधयेत् ॥
शर्करायास्तुगाक्षीर्यां क्षौद्रस्येक्षुरकस्य च । पिप्पल्याः सजडायाश्च भागैः पादांशिकैर्युतम् ॥
गुडिकाः कारयेद्वैद्यो यथा स्थुलमुदुम्बरम् । तासां प्रयोगात्पुरुषः कुलिङ्ग इव हृष्यति ॥

गाईको घिउ ८ प्रस्थ र विदारीकन्दको रस ८०० प्रस्थ हालेर पकाउनू । जब अलिकति रस बाँकी हुन्छ तब झिक्नू । अनि ८०० प्रस्थ गाईको दूध हालेर पुनः पकाउनू । जब घिउ तयारहुन्छ त बझिकेर छान्नू । यो घिउमा मिश्री, वंशलोचन, मह, उखुको रस, पिप्ला, काउसोको बीज : यी सबै घिउको चार भागको एक भाग हाल्नू । अर्थात् हरेक २, २ प्रस्थ हाल्नू । वैद्यले यसपछि डुम्री जत्रा गोली बनाउनू । यसको प्रयोग गर्नाले वा खानाले मानिस भँगरोजस्तै सहवास गर्न सक्षम बन्दछ ।

घृतक्षीराशनो निर्भीर्निर्व्याधिर्नित्यगो युवा । सङ्कल्पप्रवणो नित्यं नरः स्त्रीषु वृषायते ॥

जो मानिस हरेक दिन घिउ र दूध प्रशस्त खान्छ, भयमा छैन र निरोगी छ यस्तो जवान मानिस हरेक दिन ग्राम्यधर्ममा संलग्न हुने, सधैं ग्राम्यधर्मको चाहना गर्ने भई सधैं यसमा संलग्न हुन सक्दछ ।

घृतं माषान् सबस्ताण्डान् साधयेन्माहिषे रसे । भर्जयेत्तं रसं पूतं फलाम्लं नवसर्पिषि ॥
ईषत्सलवणं युक्तं धान्यजीरकनागरैः । एष वृष्यश्च बल्यश्च बृंहणश्च रसोत्तमः ॥

घिउ, मास र बोकाको राजखानीलाई राँगाको मासुको रसमा हाली विधिपूर्वक पकाउनू । जब पाक्दछ

तब भिकेर कपडाले छान्नू । त्यसपछि ताजा घिउ तताएर यो रस ओइरनू । अर्थात् भुट्नू । अनि अनार आदि फलको रस हालेर थोरै अमिलो बनाउनू । त्यसपछि नुन, धनियाँ, जीरा र सुठो हाल्नू । यो रस, वृष्य, बलदायक र पौष्टिक हुन्छ । यसलाई "वृष्यमाहिषरस" भनिन्छ ।

जीवकर्षभकौ मेदां जीवन्तीं श्रावणीद्वयम् । खर्जूरं मधुकं द्राक्षां पिप्पलीं विश्वभेषजम्॥
शृङ्गाटकं विदारीं च नवं सर्पिः पयो जलम् । सिद्धं घृतावशेषं तच्छर्कराक्षौद्रपादिकम्॥
षष्टिकान्नेन संयुक्तमुपयोज्यं यथाबलम् । वृष्यं बल्यं च वर्ण्यं च कण्ठ्यं बृंहणमुत्तमम्॥

जीवक, ऋषभक, मेदा, जीवन्ती, दुई थरी श्रावणी, खजूर, जेठीमधु, मुनक्का, पिप्ला, सुठो, सिँगडा र विदारीकन्द ? यी सबै बराबर मिसाएर ८ पल; ताजा घिउ ३२ पल, दूध ३२ पल र पानी ९६ पल हालेर विधिपूर्वक घिउ पकाउनू । पाकेपछि भिकेर छान्नू । त्यसमा ४ पल चिनी मिसाउनू । यो घिउ पाचनशक्ति विचार गरी सठिया चामलको भातसँग खाने गर्नू । यो वृष्य, बल्दायक, वर्णमा निखार लेराउने, घाँटीका लागि हितकर र अति नै पौष्टिक हुन्छ । (दूध र घिउ बराबर मिसाउनू) । यसलाई पनि वृष्यघृत भनिन्छ ।

वाजीकरणमा चामलको प्रयोग

(क) **चरक संहिता :**

आसिक्तक्षीरमापूर्णमशुष्कं शुद्धषष्टिकम् । उदूखले समापोथ्य पीडयेत्क्षीरमर्दितम् ॥
क्षुण्णं विमृदितं क्षीरे पीडयेत्सुसमाहितः । गृहीत्वा तं रसं पूतं गव्येन पयसा सह ॥
बीजानामात्मगुप्ताया धान्यमाषरसेन च । बलायाः शूर्पपर्ण्योश्च जीवन्त्या जीवकस्य च ॥
ऋद्ध्यर्षभककाकोलीश्वदंष्ट्रामधुकस्य च । शतावर्या विदार्याश्च द्राक्षाखर्जूरयोरपि ॥
संयुक्तं मात्रया वैद्यः साधयेत्तत्र चावपेत् । तुगाक्षीर्याः समाषाणां शालीनां षष्टिकस्य च ॥
गोधूमानां च चूर्णानि यैः स सान्द्रीभवेद्रसः । सान्द्रीभूतं च कुर्यात्प्रभूतमधुशर्करम् ॥
गुडिका बदरैस्तुल्यास्ताश्च सर्पिषि भर्जयेत् । ता यथाग्नि प्रयुञ्जानः क्षीरमांसरसाशनः ॥
पश्यत्यपत्यं विपुलं वृद्धोऽप्यात्मजमक्षयम् ॥

सफा र शुद्ध सठिया चामललाई दूधमा भिजाउनू । जब ढाडिन्छ तब चिसोमा नै ओखलमा पिस्नू । राम्ररी पिसेपछि अलिकति दुध हालेर घोली कपडाले छान्नू । मसिनो नभएको चामललाईलाई पुनः पिसी यसरी नै छान्नू । यसरी छानिएको रसमा चामल बराबर गाईको दूध र त्यति नै काउसोको बीजको धूलो वा लेदो हाल्नू । त्यसपछि पकाउन थाल्नू । (अर्कोतिर मासको काँढापानी पकाएर राख्नू) । जब काउसो आदि हालेर पकाइरहेको ओखतीमा रस सुक्दछ तब मासको काँढापानी हालेर सानो आगो बाली पुनः पकाउनू । जब यसमा पनि पानी सुक्दछ तब क्रमशः बलुको जराको, मुद्गपर्णीको, माषपर्णीको, जीवन्तीको, जीवकको, ऋद्धिको, ऋषभकको, कल्छेलहराको, ओदानेकाँडाको, जेठीमधुको, कुरिलोको, रिलेलहरोको कन्दको, दाखको र छोकडाको काँढापानी हालेर यसरी नै पकाउँदै जानू । जब काँढापानी सुक्दछ तब झिक्नू । अन्तिममा अलि बढी सुकाउनू । जब रावडी जस्तो हुन्छ तब यसमा वंशलोचन, मासको पिठो, मर्सी चामलको पिठो, र गहुँको पिठो हालेर बाक्लो बनाउनू । त्यसमा मह र मिश्री ठिक्क हाली गुलियो बनाउनू । त्यसपछि बयरका दानाजत्रा गोली बनाउनू । यी गोलीलाई घिउमा तार्नू । पाचनशक्ति विचार गरी दुध र मासुको रससँग खाना खाँदै यो ओखती खाने बूढो मानिसले पनि असङ्ख्य सन्तान र नाश नहुने वीर्य प्राप्त गर्दछ । (यो ओखतीलाई "षष्टिकादिगुटिका" भनिन्छ ।) ।

चन्द्रांशुकल्पं पयसा घृताढ्यं षष्टिकौदनम् । शर्करामधुसंयुक्तं प्रयुञ्जानो वृषायते ॥

घिउ हालेर पकाइएको चन्द्रमाको किरण समान निर्मल सेतो सठिया चामलको भातमा मिश्रीको धूलो र मह हाली दूधसँग खाने गर्नाले अत्यधिक मात्रामा वृष्य हुन्छ ।

वाजीकरणमा चिरौंजीको प्रयोग

(क) कामसूत्र, वात्स्यायन :

तथा प्रियालबीजानां मोरटाविदार्योश्च क्षीरेणैव ।

चिरौंजी, दूध मरुइलहरो र बिरालेलहरोको गानोको धूलो दूधसँग खानाले बल र वीर्य बढ्दछ ।

वाजीकरणमा जवाखार आदिको प्रयोग

(क) हारीत संहिता :

यवक्षारविदारीञ्च माषचूर्णं तथा यवान्। मरिचानां सिताढयञ्च घृतानाञ्च प्रपोलिकाम्॥
पाचयेद्भक्षयेत्प्रातः पयःपानं तथोपरि। वीर्यञ्च कुरुते पुंसां वनिता रमते भृशम्॥

जवाखार, विदारीकन्द, मासको धुलो, जौ, मरिच, मिस्री र घिउ मिसाई बारा वा पुरी पकाउनू। यो बारालाई बिहान बिहान खाई यसपछि दूध पिउने गरेमा पुरुषको वीर्यवृद्धि भई स्त्रीसँग सुखपूर्वक रमण गर्न सक्दछ।

वाजीकरणमा जीवक आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

जीवकक्षीरकाकोलीस्थिराहंसपदीघनैः॥ शठीक्षुगण्डिकायष्टीमृणालैः कार्षिकैः पचेत्।
घृतप्रस्थं दशगुणे क्षीरे तत् बलपुष्टिकृत्॥ वन्ध्यानां पुत्रजननं शुक्रवर्द्धनशोधनम्।

जीवक, दूधे कल्छे लहरो, कल्छे लहरो, हंसपदी (काने सिन्को), नागरमोथे, सुगन्धवाल, सानो गोखुर, जेठीमधु र कमलको डाँठ एक एक कर्ष लिई एक प्रस्थ घिउ र त्यसको दश गुना दूधमा हालेर पकाउनू। यो घिउ बलदायक, पुष्टिदायक, बन्ध्यालाई सन्तान दिने, शुक्र बढाउने र शुक्र प्रशोधन गर्ने गुणको हुन्छ।

जीवकर्षभकौ मेदा जीवन्ती श्रावणीद्वयम्॥ खर्जूरं मधुकं द्राक्षां विदारीं विश्वभेषजम्।
शृङ्गाटकानि चपला नवं सर्पिःपयो जलम्॥ घृतावशेषितं सिद्धं शर्करामाक्षिकान्वितम्।
षष्टिकौदनसंयुक्तमुपयोज्यं यथाबलम्॥ तद्वृष्यं बलकृद्वर्ण्यं कण्ठ्यं देहस्य बृंहणम्।

जीवक, ऋषभक, मेदा, जीवन्ती, दुई थरी श्रावणी, खजूर, जेठीमधु, दाख, बिरालेलहरो, सुठो, सिँगडा, पिप्ला, नयाँ घिउ, दूध र पानी हालेर पकाउनू। घिउ मात्र बाँकी भएपछि झिक्नू। सेलाएपछि मिश्री र मह मिसाउनू। यो ओखती र सठिया चामलको भात आफ्नो पचाउनसक्ने क्षमता अनुसार खाने गर्नू। यो वीर्यवर्धक, बलदायक, वर्णमा निखार लेराउने, घाँटीका लागि हितकर र शरीरलाई पुष्ट बनाउने गुणको हुन्छ।

वाजीकरणमा जेठीमधु आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, चक्रदत्त, वैद्य रहस्य :

कर्षं मधुकचूर्णस्य घृतक्षौद्रसमन्वितम् । पयोनुपानं यो लिह्यान्नित्यवेगः स ना भवेत्॥

हरेक दिन एक कर्ष (करिब १२ ग्राम) जेठीमधुको धूलो घिउ र महमा मिसाएर चाटी त्यसपछि दूध पिउने गरेमा मानिस सधैँ वीर्यशाली हुने गर्दछ ।

(ख) चरक संहिता :

कर्षं मधुकचूर्णस्य घृतक्षौद्रसमांशिकम् । प्रयुङ्क्ते यः पयश्चानु नित्यवेगः स ना भवेत्॥

जेठीमधुको धूलो एक कर्ष, घिउ एक कर्ष र मह एक कर्ष मिसाएर चाट्नू । यसपछि दूध पिउनू । यो ओखती खानाले पुरुषमा नित्य वेग (यौन क्षमता) रहन्छ ।

(ग) भैषज्य रत्नावली :

कर्षं मधूकचूर्णस्य घृतक्षौद्रसमन्वितम् । पयोऽनुपानं यो लिह्यान्नित्यवेगः समो भवेत्॥

जेठीमधुको धुलो एक कर्ष घिउ र महमा मिसाएर खाई त्यसपछि दूध पिउने गर्नाले हरेक दिन यौन क्षमता बलियो भइरहने गर्दछ ।

(घ) रसरत्न समुच्चय :

कर्षं मधुकचूर्णस्य घृताक्षौद्रसमन्वितम् । पयोऽनुपानं यो लिह्यन्नित्यवेगः सदा भवेत्॥

एक तोला जेठीमधुको धूलो, घिउ र महमा मिसाएर जो मानिस दिनहुँ खान्छ र त्यसपछि दूध पिउने गर्दछ, उसको वीर्य बढी, कामोत्तेजना जाग्ने गर्दछ ।

(ङ) वङ्गसेन आयुर्वेद :

कर्षं मधुकचूर्णन्तु घृतक्षौद्रसमन्वितम् । पयोनुपानं यो लिह्याज्सगच्छेद्दश चाङ्गनाः॥

जेठीमधुको धूलो एक तोला लिई मह र घिउमा मिसाएर खाने र दूध पिउने गर्नाले मानिस दशवटी स्त्रीसँग सहवास गर्न सक्षम हुन्छ ।

वाजीकरणमा जौ आदिको प्रयोग

(क) **हारीत संहिता :**

यवगोधूममाषाणां निस्तुषाणाञ्च चूर्णकम् । दुग्धेनेक्षुरसेनापि संस्कृत्य तु घृतेन तु ॥
पाचितं वटकश्रेष्ठं भक्षयेत्प्रातरुत्थितः । तस्योपरि पयःपानं पिप्पलीशर्करान्वितम् ॥

जौ, गहुँ र मास बराबर मात्रामा लिई भुस एवं बोक्रा केलाई धुलो बनाउनू । यसमा दूध र उखुको रस हाली घिउमा पकाउनू । अनि यसका श्रेष्ठ गोली बनाउनू । यसलाई बिहान उठेर खाने गर्नू र यसपछि पिप्ला र सखर मिसाएको दूध पिउनू ।

वाजीकरणमा तालमखाना आदिको प्रयोग

(क) **आयुर्वेद महोदधि :**

इक्षुरगोक्षुरमर्कटिबीजं मुशलिशतावरिशाल्मलिडीकम् ।
महिषीपयसा च युतं प्रपिबेद्यस्य गृहे प्रमदा शतमस्ति ॥

तालमखाना (इक्षुर, एक बूटी), गोखुर (एक बूटी), काउसोका गेडा (मर्कटिबीजं), मुसलीकन्द (मुशलि), कुरिलो (शतावरि), सिमलको रस (वा खोटो ?, शाल्मलिडीकम्) को धूलो भैंसीको दूधमा मिसाएर त्यसले खानु जसका घरमा सय वटी श्रीमती छन् ।

तिल आंदको प्रयोग

(क) चक्रदत्त :

समतिलगोक्षुरचूर्णं छागीक्षीरेण साधितं समधु । भुक्तं क्षपयति षाण्ढ्यं यज्जनितं कुप्रयोगेण ॥
योगराजवराङ्गबद्धं मथितेन क्षालितं हरति । उन्मुखगोश्रृङ्गोद्भवलेपो ध्वजभङ्ग हृत्प्रोक्तः ॥

तिल र ओदानेकाँडोको धूलो बराबर मिसाई बाख्रीको दूधमा पकाएर सेलाएपछि मह मिसाएर खाने गर्नाले हस्तमैथुन वा गलत ओखतीका कारण हुने पुरुषको नपुंसकता नाश हुन्छ । यसैगरी दहीको मठ्ठाले पखालेर गाईको माथितिर फर्केको सिङको धूलो मठ्ठामा पिसी मलम जस्तो बनाएर दल्ने गर्नाले पनि यही लाभ दिन्छ ।

(ख) सुश्रुत संहिता :

तिलमाषविदारीणां शालीनां चूर्णमेव वा ॥ पौण्ड्रकेक्षुरसैरार्द्रं मर्दितं सैन्धवान्वितम् ।
वराहमेदसा युक्तां घृतेनोत्कारिकां पचेत् ॥ तां भक्षयित्वा पुरुषो गच्छेत्तु प्रमदाशतम् ।

तिल, मास, विरालेलहरोको गानु अथवा मार्सीचामलको धूलोलाई पौण्ड्रक जातको उखुको रसमा मोलेर अलिकति सिँधेनुन मिसाई बनेलको बोसो मिसाइएको घिउमा पुरी वा कचौरी पकाउनू । यो पुरी खानाले मानिस सय वटी स्त्रीसँग रमण गर्न सक्दछ ।

वाजीकरणमा तेलको प्रयोग

(क) काश्यप संहिता :

...वीर्यकामास्तैलं पिबेयुः...। ...रेतोदोषान् ...बलातैलमपोहति॥

वीर्यशाली हुन चाहन्छ उसले तेल पिउनू । वीर्यविकार बलातेलले नाश गर्दछ ।

वाजीकरणमा त्रिफला आदिको प्रयोग

(क) **अग्निपुराण :**

त्रिफला चन्दनक्वाथप्रस्था द्विकुडवं पृथक् ॥
भृङ्गहेमरसं दोषातावती चुञ्चुकं मधु । घृतैः पक्वा निशा छाया शुष्का लेप्या तु रञ्जनी ॥

त्रिफला र चन्दनको काँढापानी एक प्रस्थ (करिब ७६८ ग्राम), दुई कुडव (करिब ३८४ ग्राम) बेग्लाबेग्लै भृङ्गिराज र नागकेसरको रस, त्यति नै हलेदो, चम्सुरका गेडा, मह तथा घिउमा पकाइएको बेसार र सुक्खा बेसारको लेप बनाई दल्नू ।

दहीं आांदको प्रयोग

(क) **अष्टाङ्ग हृदय :**

चन्द्रशुभ्रं दधिसरं ससिताषष्टिकौदनम् । पटे सुमार्जितं भुक्त्वा वृद्धोऽपि तरुणायते ॥

चन्द्रमाजस्तो सेतो दहीको तरलाई कपडामा पनीर निचोरे जसरी निचोरी त्यसमा खुँदो वा मिस्री मिसाई सठिया चामलको भातसँग खाने गर्नाले वृद्ध पनि (रतिकर्ममा) तरुनो जस्तो हुने गर्दछ ।

(ख) **चक्रदत्त, चरक संहिता : दधिसर**

दध्नः सरं शरच्चन्द्रसन्निभं दोषवर्जितम् । शर्कराक्षौद्रमरिचैस्तुगाक्षीर्या च बुद्धिमान् ॥
युक्त्या युक्तं ससूक्ष्मैलं नवे कुम्भे शुचौ पटे । मार्जितं प्रक्षिपेच्छीते घृताढ्ये षष्टिकौदने ॥
पिबेन्मात्रां रसालायास्तं भुक्त्वा षष्टिकौदनम् । वर्णस्वरबलोपेतः पुमांस्तेन वृषायते ॥

शरद् ऋतुको चन्द्रमा जस्तै निर्मल, विकार नभएको दहीको तर (क्रिम), मह, कालो मरिच, वंशलोचन र सुकुमेल : यी ओखतीलाई बुधिमान वैद्यले जुक्ति लगाएर एउटा नयाँ माटाको भाँडामा मिसाएर हाल्नू । कालो मरिच आदिको धूलो कपडाले छानिएको हुनुपर्दछ । जब राम्ररी मिसिन्छ तब सफा र पातलो कपडामा हाली हातले बिस्तारै मोल्नू । यसो गर्दा कपडछान भएर अर्को भाँडामा झर्दछ । (यसलाई दधिसर भनिन्छ) । यो धूलो घिउ हालेर पकाइएको सठिया चामलको सेलाएको भातमा हालेर खाने गर्नू । यो खाएपछि मात्रा मिलाएर सिखर्नी पिउनू । यसको प्रयोगले मानिसको वर्ण, स्वर र बल बढ्दछ । यो अत्यन्त वृष्य हुन्छ । (दहीमा चिनी हाली कपडछान गरेर चतुर्जात हादि हालेर घोलेपछि रसाला बन्दछ) ।

(ग) **भावप्रकाश संहिता :**

दध्नोऽर्द्धाढकमीषदम्लमधुरं खण्डस्य चन्द्रद्युतेः
प्रस्थं क्षौद्रपलं पलञ्च हविषः शुण्ठ्याश्च माषाष्टकम् ।
तद्वन्माषचतुष्टयं मरिचतः कर्षं लवङ्गं तथा
धृत्वा शुक्लपटे शनैः करतलेनोत्थाप्य विस्रावयेत् ॥
मृद्भाण्डे मृगनाभिचन्दनरसामृष्टेऽगुरूधूपने
कर्पूरेण सुगन्धितं तदखिलं संलोड्य संस्थापयेत् ।
स्वस्यार्थे मकरेश्वरेण रचिता ह्येषा रसाला स्वयं
भोक्तुर्मन्मथदीपनी सुखकरी कान्तेव नित्यं प्रिया ॥

अलिअलि अमिलो खालको गुलियो दही १२८ तोला, चन्द्रमा जस्तै सेतो र उज्यालो मिश्री ६४ तोला, मह ४ तोला, घिउ ४ तोला, सुठो ४० रत्ती, कालो मरिच २० रत्ती र ल्वाङ १ तोला लिनू । यी सबैलाई एकैठाउँमा मिसाई सेतो र स्वच्छ कमडामा हाली बिस्तार बिस्तार हातले ओल्टाइपल्टाई गरी

चन्दनको रसले बास्ना दिनू । यसपछि अगर धूपको बास्ना दिनू । यसपछि माटोको भाँडामा राखी कपूरले बास्ना दिनू । यो रसाला तयार हुन्छ । यो रसालालाई कामदेवले आफ्नै लागि बनाएका थिए । यो कामद्दीपन गर्ने, सुख दिने र कामिनीका लागि सदैव प्रिय हुने गर्दछ ।

(घ) **वङ्गसेन आयुर्वेद :**

दध्नोर्धाढकमीषदम्लमधुरं खण्डस्य चन्द्रद्युतेः
प्रस्थं क्षौद्रपलं पलञ्च हविषः शुण्ठ्याश्चतुर्माषकम् ।
अक्षार्धं मरिचाद्विडङ्गत इह द्वौ माषकावेकतः
कृत्वा शुक्लपटाच्छनैः करतलेनोन्मथ्य विस्रावयेत् ॥
मृद्भाण्डे मृगनाभिचन्दनरसस्पृष्टे गुरौधूपिते
कर्पूरेण सुगन्धितां तदखिलां संलोढ्य संस्थापयेत् ।
या पीता मधुरस्वरेण सुरसा सेयं रसाला तथा
ख्यातामन्मथदीपनी सुरचिता कान्तेव नित्यं प्रियः ॥

केही अमिलो र गुलियो खालको उत्तम दही एक आढक, चन्द्रमाको किरण जस्तो उज्वल मिश्री वा सखर एक प्रस्थ, मह चार तोला, घिउ चार तोला, सुठोको धूलो चार मासा, कालो मरिच छ मासा र वायुविडङ्ग दुई मासा लिनू । सबै मिसाएर एउटा सेतो कपडामा राखी राम्ररी मिच्नू र छान्नू । अनि यसमा कपूर हालेर बास्नादार बनाई राम्ररी हल्लाएर कस्तूरी र चन्दनले लिपिएको र अगरले धूप दिइएको माटाको भाँडामा हालेर राख्नू । जो मानिस मधुर स्वरले बिस्तार बिस्तार यो सिखर्नी पिउँदछ उसँग कामदेव अत्यन्त खुशी भई उ स्त्रीहरूको परमप्रिय हुन्छ ।

वाजीकरणका लागि दाख आंदको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

द्राक्षाखर्जूरखर्जूरीमस्तकान्यजहाफलम् । पयस्याभीरुमाषांश्च मधुकानि च साधयेत्॥
तोयाढके पलांशानि पादशेषेण तेन च । क्षीरप्रस्थं पचेत् क्षीरशेषेणाद्यात् घृतान्वितम्॥
षष्टिकान्नं सिताज्येन योगोऽयं शुक्रकृत् परम् ।

दाख, छोकडा, सानो खजूर, काउसोको बीज, कल्छेलहरो, कुरिलो, मास र जेठीमधु : यी ओखती एक एक पल एक आढक पानीमा हालेर पकाउनू । एक चौथाई पानी बाँकी भएपछि एक प्रस्थ दूध हाल्नू पुनः उमालेर दूध मात्र बाँकी भएपछि झिक्नू । यो ओखती घिउ मिसाएर खानू । सठिया चामलको भात मिश्रीको धूलो, र घिउ हालेर खाने गर्नू । यसले अति नै शुक्र वृद्धि गर्दछ ।

वाजीकरणमा दूध आदिको प्रयोग

(क) **अर्कप्रकाश :**

गवां विरूढवत्सानां सिद्ध पयसि पायसम् । गोधूमचूर्ण च तथा सितामधुघृतान्वितम्॥
भुक्त्वा हृष्यति जीर्णोपि दशदारान् ब्रजत्यपि । ब्रह्मचर्यं प्रकर्त्तव्य मेकविंशदिनावधि॥

बिहाएको धेरै दिन भइसकेकी र राम्रा बाच्छाबाच्छी भएकी गाईको दूधमा गहुँको पिठो, मिस्री, मह र घिउ मिसाई खिर पकाएर खाए बुढो मानिस पनि हृष्टपुष्ट भएर दश वटी स्त्रीसँग ग्राम्यधर्ममा संलग्न हुन सक्दछ । तर एक्काईस दिनसम्म उसले ग्राम्यधर्ममा संलग्न हुनु हुँदैन, ब्रह्मचर्यमा रहनु पर्दछ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह :**

चन्द्रांशुशुभ्रं पयसा घृताढ्यं षष्टिकौदनम् । शर्करामधुसंयुक्तं भुञ्जानो ना वृषायते॥

दूध, घिउ, चिनी, महसँग चन्द्रमा जस्तै सेतो सठिया चामलको भात खाने मानिस वीर्यशाली हुन्छ ।

गृष्टिर्बाष्कायणी नीरुगूर्ध्वशृङ्गी चतुःस्तनी॥ सान्द्रस्वादुबहुक्षीरा रूपशीलसमन्विता ।
इक्षुभिर्माषपर्णेन या सुपुष्टाऽर्जुनेन वा॥ तत्क्षीरंससिताक्षौद्रघृतं पुत्र्यं रतिप्रदम् ।

पहिलोपटक र भर्खर बिहाएकी, निरोगी, सिङ माथितिर फर्केकी, चार वटै थुन भएकी लबाक्लो, मिठो र धेरै दूध दिने, सुन्दर र असल स्वभाव भएकी, उखु र मासका पात खुवाइएकी अथवा काउलोका स्याउला खुवाइएकी गाईको दूधमा मिश्रीको धूलो, मह र घिउ मिसाएर खाने गर्नाले मैथुन सुख र पुत्र प्राप्ति हुन्छ ।

शुक्ललैर्जीवनीयाख्यैर्बृंहणैर्बलवर्द्धनैः॥ वयसः स्थापनैश्चैतत् पयः सिद्धं पृथक्पृथक् ।
युक्तं गोधूमचूर्णेन सघृतक्षौद्रशर्करम्॥ पर्यायेणोपयोक्तव्यमिच्छता शुक्रमक्षयम् ।

वीर्य नाश नहोस् भनी चाहना गर्ने पुरुषले उल्लेखित गुण भएको गाईको दूध, वीर्यवर्धक मेदा आदि ओखती, जीवनीय गणका ओखती, बृंहणीय गणका ओखती, बलवर्धक ओखती, रसायनी ओखती हालेर बेग्लाबेग्लै तयार पारिएको ओखती गहुँको पिठो, घिउ, मह र मिश्री क्रमशः प्रयोग गर्नू ।

मेदां पयस्यां जीवन्तीं विदारीं कण्टकारिकाम्॥
माषान् श्वदंष्ट्रां क्षीरीकां गोधूमान् शालिषष्टिकान् ।
तत्क्षीरिर्द्धोदके सिद्धान् कार्षिकानाढकोन्मिते॥
विसर्जयेत्पयश्शेषं तत्पूतं क्षौद्रसर्पिषा ।
सितया च युतं पीत्वा वृद्धोपि तरुणायते॥

उल्लेखित गुण भएको गाईको एक आढक दूधमा आधा पानी हाल्नू । खिरौंलो, कल्छेलहरो, जिरांको साग, बिरालेलहरो, कण्टकारी, मास, ओदानेकाँडो, क्षीरीका, गहुँ, मार्सी चामल, सठिया चामल, एक एक कर्ष हाली पकाउनू । दूध मात्र बाँकी भएपछि झिक्नू र छान्नू । यसमा मह, घिउ र मिश्री हालेर खाने गर्नू । वृद्ध पनि जवान हुन्छ ।

मण्डलैर्जातरूपस्य सुतप्तैस्तत्पयः शृतम् । सिद्धं पुंसवनं वृष्यं ससिताघृतमाक्षिकम् ॥
रूप्यायस्ताम्रसीसानामयमेव पृथग्विधिः ।

उल्लेखित गुण भएको गाईको दूधमा प्रशोधित स्वर्णभस्म हालेर पकाई मिश्री, घिउ र मह मिसाएर खाने गर्नाले मर्दानगी र वीर्य बढ्दछ । रतजभस्म, ताम्रभस्म, सीसाभस्म र लोहभस्मलाई पनि यसरी नै प्रयोग बेग्लै प्रयोग गर्न सकिन्छ ।

(ग) **चरक संहिता : वृष्यपायसः**

श्वदंष्ट्राया विदार्याश्च रसे क्षीरचतुर्गुणे । घृताढ्यः साधितो वृष्यो माषषष्टिकपायसः ॥

गाईको दूध लिनू । दूधभन्दा चौबर ओदानेकाँडोको काँढापानी लिनू । त्यति नै विदारीकन्दको रस लिनू । त्यसपछि सबै मिसाएर विधिपूर्वक पकाउन थाल्नू । दूध मात्र बाँकी भएपछि त्यसमा १६ भागको एक भाग मास र सठिया चामल मिसाएर हाल्नू । अलिकति घिउ हाल्नू । जब पाक्दै आधा बाँकी हुन्छ र मास र चामल राम्ररी पाक्दछ तब झिक्नू । यो खीर वृष्य हुन्छ ।

वृष्यक्षीरप्रयोग :

शुक्रलैर्जीवनीयैश्च बृंहणैर्बलवर्धनैः । क्षीरसञ्जननैश्चैव पयः सिद्धं पृथक् पृथक् ॥
युक्तं गोधूमचूर्णेन सघृतक्षौद्रशर्करम् । पर्यायेण प्रयोक्तव्यमिच्छता शुक्रमक्षयम् ॥

वीर्य उत्पादक, जीवनदायी, पौष्टिक, बलदायक र दूध बढाउने : यी पाँच रसहरूले भरिएका ओखती हालेर विधिपूर्वक बेग्लाबेग्लै दूध पकाउनू । त्यसपछि यसमा बेग्लाबेग्लै गहुँको पिठो र घिउ मिसाएर पकाउनू । जब बाक्लो हुन्छ तब चिनी मिसाउनू र सेलाएपछि मह मिसाउनू । त्यसपछि क्रमशः एक एक दिन प्रयोग गर्नू । वीर्य क्षय हुँदैन ।

वृष्यगव्यदुग्धम् :

माषपर्णभृतां धेनुं गृष्टिं पुष्टां चतुःस्तनीम् । समानवर्णवत्सां च जीवद्वत्सां च बुद्धिमान् ॥
रोहिणीमथवा कृष्णामूर्ध्वशृङ्गीमदारुणाम् । इक्ष्वादामर्जुनादां वा सान्द्रक्षीरां च धारयेत् ॥
केवलं तु पयस्तस्याः शृतं वाऽशृतमेव वा । शर्कराक्षौद्रसर्पिर्भिर्युक्तं तद्वृष्यमुत्तमम् ॥
(गृष्टिम् -एकवारप्रसूताम् । चतुःस्तनीमित्यनेन सम्पूर्णचतुःस्तनीं दर्शयति । रोहिणीमिति लोहितवर्णाम् । ऊर्ध्वशृङ्गत्वं विशुद्धबहुक्षीराया एव भवतीति वचनाज्ज्ञेयम् । इक्ष्वादेति

इक्षुदण्डभक्षा । अर्जुनादा अर्जुनवृक्षपत्रभक्षा । इक्ष्वादा वा, अर्जुनादा वा माषपर्णभृता वेति विकल्पत्रयम् । पयः शृतमशृतं वेति द्वौ योगौ । शर्कराक्षौद्रसर्पिर्भिर्युक्तं तदिति तृतीयः । एतत्प्रयोगोऽपि जतूकर्णे -"तस्याः क्षीरं शर्कराक्षौद्रयुक्तं वा केवलं शृतमशृतं वा" इति ।) ।

मासका पात खुवाएर पालिएकी, पहिलो बेते, चार वटा थुन भएकी, माउ जस्तै रङ्को जीवित बाच्छा वा बाछी भएकी, रातो वा कालो वर्णकी, आकाशतिर सिङ उठेकी, लात्ती नहान्ने र सिङले नहान्ने स्वभावकी, उखुका पात वा काउलोको पात खुवाउने गरिएकी, बाक्लो दूध दिने गाईलाई बुद्धिमान मानिसले पाल्ने गर्नू । चाहे उमालेर होस् वा काँचो नै किन नहोस् यस्ता गाई दूध मात्र चिनी, मह र घिउ मिसाएर पिउनाले उत्तम किसिमले मानिसलाई वृष्यता अर्थात् बल, वर्ण, तेज, वीर्य र आरोग्यता प्राप्त हुन्छ । (यस्तो दूधमा अरु ओखती मिसाउन आवश्यक नै हुँदैन) ।

वृष्यक्षीरम् :

खर्जूरीमस्तकं माषान् पयस्यां सशतावरीम् । खर्जूराणि मधूकानि मृद्वीकामजडाफलम् ॥
पलोन्मितानि मतिमान् साधयेत्सलिलाढके । तेन पादावशेषेण क्षीरप्रस्थं विपाचयेत् ॥
क्षीरशेषेण तेनाद्याद् घृताढ्यं षष्टिकौदनम् । सशर्करेण संयोग एष वृष्यः परं स्मृतः ॥
(अजडा-शूकशिम्बी)

खजूरका मुना, मास, दूधेकल्चेलहरो, कुरिलो, पिण्डखजूर, महुवा, मुनक्का र काउसोको बीज : यी एक एक पल १२८ पल पानीमा हालेर पकाउनू । ३२ पल पानी बाँकी भएपछि झिकेर छान्नू । त्यसपछि ३२ पल गाईको दूध हालेर सानो आगोमा पकाउनू । जब दूध मात्र बाँकी हुन्छ तब झिक्नू । यो दूधमा चिनी मिसाएरघिउ हालेर पकाइएको सठिया चामलको भात खाने गर्नू । यो ओखती अति नै वृष्य हुन्छ ।

अपत्यकरक्षीरयोग :

मेदां पयस्यां जीवन्तीं विदारीं कण्टकारिकाम् ।
श्वदंष्ट्रां क्षीरिकां माषान् गोधूमान् शालिषष्टिकाम् ॥
पयस्यर्धोदके पक्त्वा कार्षिकानाढकोन्मिते ।
विवर्जयेत्पयःशेषं तत्पूतं क्षौद्रसर्पिषा ॥
युक्तं सशर्करं पीत्वा वृद्धः सप्ततिकोऽपि वा । विपुलं लभतेऽपत्यं युवेव च स हृष्यति ॥

मेदा, दुधेकल्चेलहरो, जीवन्ती, विदारीकन्द, कण्टकारी, ओदानेकाँडो, क्षीरिका, मास, गहुँ, मार्सी चामल र सठिया चामल : एक एक कर्ष आधा जल मिसिएको १२८ पल दूधमा हालेर पकाउनू । जब पानी सुकेर दूध मात्र बाँकी रहन्छ तब झिकेर छान्नू । छानेको छोक्रा फाल्नू । यो दूधमा शुरुमा मिश्री र सेलाएपछि मह मिसाउनू । यो दूध पिउनाले ७० वर्षको बूढोको पनि धेरै सन्तान हुन्छन् । उसले जवान जस्तै पुंस्त्व प्राप्त गर्दछ ।

अपत्यजननक्षीरयोग :

मण्डलैर्जातरूपस्य तस्या एव पयः शृतम् । अपत्यजननं सिद्धं सघृतक्षौद्रशर्करम्॥

पहिले बताइए जस्तो गाईको दूधमा सुनको वर्क हाली शेल्नू । घोलिएपछि मिश्री र मह मिसाउनू । यसले सन्तान गराउँदछ ।

वृष्यक्षीरयोग :

त्रिंशत्सुपिष्टाः पिप्पल्यः प्रकुञ्चे तैलसर्पिषोः । भृष्टाः सशर्कराक्षौद्राः क्षीरधारावदोहिताः ॥
पीत्वा यथाबलं चोर्ध्वं षष्टिकं क्षीरसर्पिषा । भुक्त्वा न रात्रिमस्तब्धं लिङ्गं पश्यति ना क्षरत्॥

३० वटा पिप्लालाई तिलको तेल र गाईको घिउ एक पल मिसाएर तताई भुट्नू । पछि यसमा मिश्री र मह मिसाएर गाई दुहुने भाँडामा हाल्नू । यसमा गाई दुहुनू । आफ्नो पाचनशक्ति विचार गरी त्यो दूध पिउनू । त्यसपछि घिउ मिसाएर वा दूधबाट निकालिएको घिउसँग सठिया चामलको भात खानू । यसरी खानाले रातको सहवासकालमा पुरुषको जननेन्द्रिय शिथिल हुँदैन र लामोसमय वीर्य स्खलन हुँदैन ।

वृष्यपूपलिका :

फलानां जीवनीयानां स्निग्धानां रुचिकारिणाम् । कुडवश्चूर्णितानां स्यात् स्वयङ्गुप्ताफलस्य च ॥
कुडवश्चैव माषाणां द्वौ द्वौ च तिलमुद्गयोः ।
गोधूमशालिचूर्णानां कुडवः कुडवो भवेत्॥
सर्पिषः कुडवश्चैकस्तत्सर्वं क्षीरसंयुतम् ।
पक्त्वा पूपलिकाः खादेद्बह्व्यः स्युर्यस्य योषितः ॥

जीवनदायक, चिल्ला र रुचिकर फलफूलको धूलो ४ पल, काउसोको बीज ४ पल, मास ४ पल, तिल ८ पल, मुगी ८ पल, गहुँको पिठो ४ पल र मार्सी चामलको पिठो ४ पल अनि घिउ ४ पल मिसाएर दूधमा मुछी घिउमा पुरी पकाउनू । जसका धेरै श्रीमती छन् उसले यो पुरी खानू ।

(घ) **भावप्रकाश संहिता :**

गवां विरूढवत्सानां सिद्धं पयसि पायसम् ।
गोधूमचूर्णञ्च तथा सितामधुघृतान्वितम्॥
भुक्त्वा हृष्यति जीर्णोऽपि दश दारान्व्रजत्यपि ।

पुष्ट बाच्छाबाच्छी भएकी गाईको दूधमा गहुँको पिठो भुट्नू । अनि त्यसमा पानी, मिश्री वा सक्खर, मह र घिउ मिसाएर खाने गर्नू । यसो गर्नाले बूढो पनि दश वटी स्त्रीसँग रमण गर्न सक्षम हुन्छ ।

(ङ) वङ्गसेन आयुर्वेद :

गृष्टीनां वृद्धवत्सानां माषवर्णभृतां गवाम् । यत्क्षीरं तत्प्रशंसन्ति बलकामेषु जन्तुषु ॥

पहिलो बेते, बाच्छो ठूलो भएकी र मासका पात खाने गाईको दूधले पुरुषमा अति नै वीर्य बढाउँदछ ।

वाजीकरणमा धान्यमाष आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

धान्यमाषरसः क्षीरं क्षौद्रमिक्षुरसो घृतम् । द्विमेदाजीवकयुगक्वाथश्चैकत्र योजितः॥
पीतः करोति पुरुषं प्रमदाशतगामिनम् ।

धान्यमाष (एक प्रकारको विरुवा, मुगी, ***Vigna radiata*** **(L.) R. Wilczek**) को रस जति हुन्छ त्यसमा त्यति नै परिणाममा दूध, मह, उखुको रस, घिउ, मेदा, महामेदा, जीवक र ऋषभक मिसाएर पिउने गर्नाले पुरुष सय वटी स्त्रीलाई सन्तुष्ट पार्नसक्ने बन्दछ ।

पिप्ला आदिको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

चूर्णिताः पिप्पलीस्त्रिंशत् प्रकुञ्चे तैलसर्पिषोः ॥
भृष्टाः सशर्कराक्षौद्राः क्षीरेणालोडिताः पिबेत् । अश्नंश्च षष्टिकं क्षीरसर्पिर्भ्यां वाजिवद्भवेत् ॥

पिप्लाको धूलो तीस पल तेल र घिउमा भुटी मिश्री, मह र दूध घोलेर पिउने गर्नू । सठिया चामलको भात दूध र घिउसँग खाने गर्नू । मानिस घोडाजस्तै वीर्यशाली हुन्छ ।

(ख) **वङ्गसेन आयुर्वेद :**

योगैः समस्तैः सघृतैस्तैले पूपालिकां पचेत् । तां भक्षयित्वा पीत्वाऽनुशर्करामधुना पयः ॥
नरश्चटकवद्गच्छेद् शतावरं निरन्तरम् ॥

पुष्टिदायक ओखती धूलो पारी अथवा पिप्ला, मास, मार्सीचामल आदि पदार्थ धूलो पारी राम्रोसँग कपडछान गर्नू । यो धूलो पानीमा फिटी घिउ वा तेलमा पुरी पकाएर यस्तो पुरी खाई त्यसपछि मिश्री र महमिसाएर दूध पिउनू । यसबाट मानिस भँगेरो जस्तै भई सय पटक स्त्रीसँग सहवास गर्न सक्षम हुन्छ ।

(ग) **सुश्रुत संहिता :**

पिप्पलीमाषशालीनां यवगोधूमयोस्तथा । चूर्णभागैः समैस्तैस्तु घृते पूपलिकां पचेत् ॥
तां भक्षयित्वा पीत्वा तु शर्करामधुरं पयः । नरश्चटकवद्गच्छेद्दशवारान्निरन्तरम् ॥

पिप्ला, मास, मार्सी धानको चामल, जौ र गहुँको धूलो बराबर लिई घिउमा पुरी पकाउनू । यो खाएर मिश्री हाली गुलियो बनाइएको दूध पिउनू । यसो गर्नाले मानिस भँगेरोले जसरी लगातार दश पटक सहवासमा संलग्न हुन सक्दछ ।

वाजीकरणमा पीपलको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

अश्वत्थफलमूलत्वक्शृङ्गसिद्धं पयो नरः ॥ पीत्वा सशर्करं शीतं कुलिङ्ग इव हृष्यति ।

पीपलको फल, जरा, बोक्रो र मुना हालेर पकाइएको दूधमा मिश्री घोलेर खाने गरे मानिस भँगेरो जस्तै वीर्यशाली हुन्छ ।

(ख) **आयुर्वेद महोदधि :**

रक्ताश्वत्थत्वग्विपक्वं पयो वा यष्टीचूर्णैर्मिश्रितं शर्क्कराढ्यम् ।
पीत्वा सद्यः सप्तवारान् व्रजेद्वा निर्वीर्यो वै निश्चयं स्तब्धमेढ्रः ॥

रातो पीपलको बोक्रामा पकाइएको दूध मिश्रित काँढापानीमा अथवा जेठीमधुको धुलो र सक्खरको काँढापानीमा दूध मिसाएर खाने गरे वीर्यहीन पुरुष पनि तुरुन्त नै कठोर जननेन्द्रियको भई सात पटक ग्राम्यधर्ममा संलग्न हुनसक्ने बन्दछ ।

(ग) **वङ्गसेन आयुर्वेद :**

अश्वत्थफलशुङ्गाग्रमूलं त्वग्भिः श्रृतं पयः । पीत्वा सशर्करञ्चैव वृद्धोऽपि तरुणायते॥

पिप्पलको फल, आँकुरा, जरा र बोक्रा दूधमा पकाएर त्यसमा मिश्री हाली पिउनाले बूढो मानिस पनि तरुनोको जस्तै आचरण गर्न थाल्दछ ।

(घ) **सुश्रुत संहिता :**

अश्वत्थफलमूलत्वक्शुङ्गासिद्धं पयो नरः ॥ पीत्वा सशर्कराक्षौद्रं कुलिङ्ग इव हृष्यति ।

पीपलको फल, जरा, बोक्रा र आँकुरालाई दूधमा सिद्ध गरी (विधिपूर्वक पकाई) मिस्री र महसँग पिउनाले मानिस भँगेरो जस्तै कामुक हुन्छ ।

वाजीकरणमा बबुल आंदको प्रयोग

(क) अर्कप्रकाश :

अपर्णावीजसंयुक्तमुग्रवीज प्रकल्पयेत् । तुल्यमुन्मत्तवीजञ्च तदर्केणैव भावितम्॥
सतैलं भावितं पश्चादम्य बल्लयुगन्नरः । ससितं भक्षयन् कामाद्रमणीं रमते ध्रुवम्॥

अपर्णावीज (बबुलको बीज ?), उग्रवीज (सैजनको बीज ?) र धतुराका बीज बराबर मात्रा लिई यसलाई तिनै वृक्षको रसमा डुबाएर तेल निकाल्नू । यो तेल छ रत्ती मिस्री मिसाएर खानाले मानिस कामान्ध भएर ग्राम्यधर्ममा संलग्न हुन सक्दछ ।

वाजीकरणमा बलु आदिको प्रयोग

(क) चिकित्साकलिका :

सघृतमधु बलात्रयस्य चूर्णं समधुसितायुतमुच्चटोद्भवञ्च ।
समधुकमथ मुद्गमाषपर्ण्योरमृतलतामलकत्रिकण्टकोत्थम्॥
इति कथितमिदं हि पुष्पिताग्राचरणचतुष्टयवेष्टनेन शिष्टैः ।
अभिमतमतकृद्व्यवायभाजामिह खलु योगचतुष्कमाविकल्प्य॥

(१) बलु, अतिबलु र नागबलु : यी तीन थरी ओखतीको धूलो घिउ र महसँग, (२) रातीगेडीको जराको धूलो मिश्री र महसँग, (३) मुद्गपर्णी र माषपर्णीको धूलो जेठीमधु वा महसँग, (४) गुर्जो, अमला र ओदानेकाँडोको धूलो महसँग खानुपर्दछ । पुष्पिताग्रा छन्दका यी चार पाउमा बताइएका चार थरी मिश्रण धेरै सहवास गर्ने पुरुषले सेवन गर्नुपर्दछ ।

वाजीकरणमा बिरालेलहरोको प्रयोग

(ख) **अग्निपुराण :**

विदारीं सोच्चटामाषचूर्णीभूतां सशर्कराम् । मथितां यः पिवेत् क्षीरैर्नित्यं स्त्रीशतकं ब्रजेत् ॥

विरालेलहरा, सेतीगेडी, माष र सक्खर बराबर मात्रामा मिसाएर धुलो पार्नू र यो धुलो दिनहुँ दूधमा मज्जासँग फिटेर खानेगर्नू । यसरी खाने पुरुष प्रतिदिन सैयौं स्त्रीलाई सन्तुष्ट पार्न सक्दछ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

चूर्णं विदार्या बहुशः स्वरसेनैव भावितम् । क्षौद्रसर्पियुतं लीढ्वा प्रमदाशतमृच्छति ॥

विदारीकन्दको धुलो विदारीकन्दकै रसमा पटक पटक ढड्याएर मह र घिउसँग मिसाई खाने गर्नाले सय वटी स्त्रीसँग सहवास गर्ने क्षमता प्राप्त हुन्छ ।

(ग) **आयुर्वेद महोदधि :**

विदार्यामलकं चैवं यष्टीगोक्षुरकं तथा । भूमिकूष्माण्डकं माषानिस्तुषाः सतिलायवाः ॥
गोधूमचूर्णं श्रृङ्गारी बीजं कूष्माण्डकस्य च । मुशलीशालिचूर्णं तु राजिगन्धा च चन्दनम् ॥
प्रियालभल्लातकयोर्बीजं द्राक्षासितोत्पलम् । त्वक्क्षीरागरुकर्पूरं समभागं तु कारयेत् ॥
सितोपला समंचूर्णं भक्षयेच्च दिने दिने । क्षौद्रेण तत्समायुक्तं पलार्द्धं पलमेव वा ॥
अनुपाने हिमं वारि क्षीरं मांसरसोऽथ वा । मद्यमिक्षुरसो वाऽपि द्विकालमपि भक्षयेत् ॥
अनेन पुरुषः शुक्रात्पूर्णधातुः प्रजायते । वीर्यवान् बलवांश्चैव स्त्रीषु नित्यं वृषायते ॥
तेजोवर्णबलोपेतो दीप्ताग्निर्नित्यहर्षितः । प्रमेहमूत्रकृच्छ्राश्चशुक्रदोषाष्टकं तथा ॥
वलिं वै पलितं चैव सद्यो नाशयति ध्रुवम् । अनेनाति जरो जीवेद्युवेव परिहृष्यति ॥
प्रमदाभिर्नतृप्येत गच्छन्नपि मुहुर्मुहुः । रक्तस्रावं च पित्तं च रक्तातिसारमेव च ॥
वातपित्तकृतान् रोगानन्यानपि निवारयेत् । मासत्रयप्रयोगेण क्षयरोगात्प्रमुच्यते ॥
मासत्रय प्रयोगेण गच्छेच्च प्रमदा शतम् । माष षट्क प्रयोगेण स्याद्वराहोपमो दृढः ॥
नरोगैर्बाध्यते कैश्चिज्जरया नाभिभूयते । संवत्सरं तु कृत्वैवं पूर्यन्ते सप्तधातवः ॥
महाबलो महोत्साहो दृढकायो दृढेन्द्रियः । न तृप्यते च योषिद्भिर्भक्ष्यभोज्यादिभिस्तथा ॥

विदारीकन्द (विदारी), अमला, जेठीमधु, गोखुर, भुइँकुभिण्डो, बोक्रा नभएको माष, तिल, जौ, गहुँको पिठो, गुनाभाका र कुभिण्डोका गेडा, मुसलीकन्द, मार्शि चामलको पिठो, राजिगन्धा (?), चन्दन, चिरौंजी र भलायोको गेडा, दाख, मिश्री, वंशलोचन, धूपी र कपूर बराबर मात्रामा लिनू वा मिसाएर धुलो बनाउनू । यो धूलोमा त्यति नै मिश्री मिसाउँदै दिनहुँ खानु । मह मिसाउने हो भने दुई वा चार तोलासम्म खानु । अनुपानमा शीतल पानी वा दूध वा मासुको रस वा मदिरा वा उखुको रस पिउनू । यो बिहान बेलुकी नै खानू । यसो गर्नाले पुरुष पूर्णरूपमा शुक्र वृद्धि भई धातुवान् हुन्छ । वीर्यशाली

र बलियो हुन्छ अनि दिनहुँ स्त्रीका साथमा ग्राम्यधर्ममा सलग्न हुन सक्दछ । यसले तेज, वर्ण र बल बढाउँदछ । पाचकाग्नि बाल्दछ । मन प्रसन्न हुन्छ । प्रमेह, मूत्रकृच्छ्र, शुक्रसम्बन्धी आठ प्रकारका दोष, छाला चाउरी पर्ने र कपाल फुल्ने जस्ता समस्या तुरुन्त नाश गर्दछ । यसले बुढो भएपनि मानिसलाई जवानसरह आनन्दित बनाउँदछ । पटकपटकको ग्राम्यधर्मबाट पनि सन्तुष्ट हुँदैन । रक्तस्राव, पित्तविकार, रगतमासी (रक्तातिसार) तथा वात र पित्तका अन्य रोगहरू पनि ठिक गर्दछ । तीन महिनासम्म यो ओखती लगातार प्रयोग गर्नाले क्षयरोग निको हुन्छ । तीन महिनासम्म प्रयोग गर्नाले सय वटी स्त्रीका साथ रमण गर्न सक्दछ । छ महिना प्रयोग गरे बँदेल जस्तै बलियो हुन्छ । न कुनै रोग लाग्दछ न त बुढ्यौलीले नै सताउँदछ । एक वर्षसम्म यो ओखती खाए सात वटै धातु परिपूर्ण हुन्छन् । यसको प्रयोगले महा बलशाली, महा उत्साही, बलियो शरीर र बलिया इन्द्रियको भई ग्राम्यधर्मबाट तथा खानपिनबाट नअघाउने बन्दछ ।

(घ) **चक्रदत्त, भैषज्य रत्नावली :**

चूर्णं विदार्याः सुकृतं तद्रसेनैव भावितम् । सर्पिःक्षौद्रयुतं भुक्त्वा शतं गच्छेन्नरोऽङ्गनाः ॥

विदारीकन्दको धूलो त्यसैको रसमा सात पटक राम्ररी भिजाएर घिउ र दूधसँग मिसाई खाने गर्नाले मानिस सैयौं स्त्रीसँग पनि मैथुन गर्न सक्षम हुन्छ ।

(ङ) **चक्रदत्त, भैषज्य रत्नावली, योग रत्नाकर :**

विदारिकन्दचूर्णं तु घृतेन पयसा नरः । उदुम्बरसमं खादन्वृद्धोऽपि तरुणायते ॥

बिरालेलहरोको जराको लेदो डुम्रीको फल जति (एक कर्ष वा दुई तोला) मात्रामा घिउ मिसाई दूधसँग पिउने गर्नाले वृद्ध पनि जवान जस्तै हुन पुग्दछ । (कसैले बिरालेलहरो र डुम्री बराबर मिसाएर भन्ने अर्थ लगाएको पाइन्छ) ।

(च) **चक्रदत्त, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :**

चूर्णं विदार्य्याः सुकृतं स्वरसेनैव भावितम् । सर्पिः क्षौद्रयुतं लीढ्वा दशगच्छेन्नरोऽङ्गनाः ॥

विदारीकन्दको धूलो विदारीकन्दकै रसमा भिजाएर घिउ र मह मिसाई खानाले मानिस दश पटक स्त्रीसँग सहवास गर्न सक्षम हुन्छ ।

विदारीकन्दकल्कश्च घृतेन पयसा नरः । उदुम्बरसमं खादेद्वृद्धोऽपि तरुणायते ॥

विदारीकन्दको धूलो वा लेदो बनाई एक तोला घिउ र दूधसँग खाने गर्नाले वृद्ध पनि जवान हुने गर्दछ ।

(छ) **चक्रदत्त, सुश्रुत संहिता :**

विदारिमूलकल्कं तु श्रृतेन पयसा नरः॥ उदुम्बरसमं पीत्वा वृद्धोऽपि तरुणायते ।

बिरालेलहरोको जराको लेदो डुम्रीको फल जति मात्रामा तताएको दूधसँग पिउने गर्नाले वृद्ध पनि जवान जस्तै हुन पुग्दछ ।

माषान् विदारीमपि सोच्चटां च क्षीरे गवां क्षौद्र घृतोपपन्नाम् ।
पीत्वा नरः शर्करया सुयुक्तां कुलिङ्गवद्धृष्यति सर्वरात्रम्॥

मास, बिरालेलहरो र रातीगेडी (सेतो भनिएको) गाईको दूधमा पकाएर मह, घिउ र मिस्री मिसएर पिउनाले मानिस रातभर भँगरो जस्तो उत्तेजित भइरहन्छ ।

(ज) **भैषज्य रत्नावली :**

विदारीकन्दचूर्णं च घृतेन पयसा पिबेत् । उडुम्बररसेनैव वृद्धोऽपि तरुणायते॥

विदारीकन्दको धूलो गाईको घिउ, गाईको दूध र डुम्रीको रसमा मिसाएर पिउने गर्नाले वृद्ध पुरुष पनि (यौनक्षमताका लागि) जवान हुन्छ ।

(झ) **सुश्रुत संहिता :**

विदार्याः सुकृतं चूर्णं स्वरसेनैव भावितम् । सर्पिर्मधुयुतं लीढ्वा दश स्त्रीरधिगच्छति॥

बिरालेलहरोको गानुको राम्ररी बनाइएको धूलो यसैको रसमा (सात पटक) भिजाएर घिउ र महसँग मिसाई चाट्ने गर्नाले मानिस दश वटी स्त्रीसँग मैथुन गर्न सक्ने बन्दछ ।

(ञ) **हारीत संहिता :**

विदारिकागोक्षुरमूषकानां धात्रीफलं स्यात्सहसैन्धवानाम् ।
समानि चैतानि च मागधीनां युक्तं सिताढ्यं पयसा पिबेच्च॥

विदारीकन्द, ओदानेकाँडो, मुसाकाने लहरो, अमला, सिँधेनुन र पिप्ला बराबर मात्रामा लिई मिस्री मिसाएर दूधसँग खानू । (यसले वीर्यक्षय भई हुने नपुंसकता ठिक गर्दछ) ।

यवक्षारविदारीञ्च माषचूर्णं तथा यवान् । मरिचानां सिताढ्यञ्च घृतानाञ्च प्रपोलिकाम्॥
पाचयेद्भक्षयेत्प्रातः पयःपानं तथोपरि । वीर्यञ्च कुरुते पुंसां वनिता रमते भृशम्॥

जवाखर, विदारीकन्द, मासको धुलो, जौ, मरिच, मिस्री र घिउ मिसाई बारा वा पुरी पकाउनू । यो बारालाई बिहान बिहान खाई यसपछि दूध पिउने गरेमा पुरुषको वीर्यवृद्धि भई स्त्रीसँग सुखपूर्वक रमण गर्न सक्दछ ।

विदारिकन्दांशुमती बृहत्यौ काकोलिका भीरु पुनर्नवे द्वे ।
शृङ्गाटकं मागधिका बला च चूर्णं सिताढ्यं सितया प्रयोज्यम्॥
जीर्णे पयः पायसमेव योज्यं करोति पुंसां बलमेवमोजः ।
स्त्रीणां सहस्रं भजतेऽपि षण्ढो मासद्वयेप्रस्तुतमेव शस्तम्॥

बिरालेलहरोको गानु, वनगहत, कण्टकारी, बिहीँ, काकोली, कुरिलो, सेतो पुनर्नवा, रातो पुनर्नवा, सिँगडा, पिप्ला र बलुको धूलो मिश्री मिसाएर दूधसँग खाने गर्नाले पुरुषको बल र वीर्य बढ्दछ । यो ओखती दुई महिनासम्म खानाले नपुंसक पुरुष पनि हजारौं स्त्रीहरूसँग रमण गर्न सक्दछ ।

वाजीकरणमा बोकाको राजखानीको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, चक्रदत्त, योग रत्नाकर, रसरत्न समुच्चय, रस रत्नाकर, रावण संहिता :

बस्ताण्डसिद्धे पयसि (गोदुग्धे) भावितानसकृत्तिलान् ।
यः खादेत्ससितान् गच्छेत्स स्त्रीशतमपूर्ववत् ॥

बोकाको राजखानी दूधमा पकाई त्यसमा पटक पटक ढड्याइएको तिलमा चिनी वा मिश्री मिसाई जसले खान्छ उसले सय वटी स्त्रीसँग सहवास गर्न सक्दछ ।

रसरत्न समुच्चयमा बताइएको विधि : बोकाको राजखानीलाई पानीमा पिसेर जति हुन्छ त्यसको सोह्र गुना बढी दूधमा हालेर पकाउनू । पकाउँदै जाँदा जब दूध घटेर आठ भागको एक भाग बाँकी हुन्छ तब त्यसमा रातमा कालो तिल भिजाएर बिहान सुकाउनू । यसरी पच्चीस पटक गरेपछि जसले उक्त कालोतिलमा मिश्री मिसाएर खाने गर्दछ उसले सैयौं स्त्रीलाई भोग गर्नसक्ने अपूर्व शक्ति प्राप्त गर्दछ ।

(ख) अष्टाङ्ग सङ्ग्रह, चक्रदत्त, भैषज्य रत्नावली, रस रत्नाकर, वङ्गसेन आयुर्वेद :

पिप्पलीलवणोपेतौ बस्ताण्डौ क्षीरसर्पिषा । साधितौ भक्षयेद्यस्तु स गच्छेत्प्रमदाशतम् ॥

जसले बोकाको दुवै राजखानी दूधमा पकाएर घिउमा भुटी पिप्लाको धूलो र सिँधेनुन मिसाएर खाने गर्दछ उ सय वटी स्त्रीलाई पनि भोग गर्न सक्षम हुन्छ ।

(ग) कामसूत्र, वात्स्यायन :

मेषवस्तमुष्कसिद्धस्य पयसः सशर्करस्य पानं वृषत्वयोगः ॥

भेडो वा बोकाको राजखानी दूधमा पकाएर मिश्रीको धूलो हाली पिउनाले बल र वीर्य बढ्दछ ।

(ग) भावप्रकाश संहिता :

पिप्पलीलवणोपेते बस्ताण्डे घृतसाधिते ।
कच्छपस्याथवा खादेत्तत्तु वाजीकरं भृशम् ॥

बोकाको राजखानी अथवा कछुवाको फुल घिउमा भुटेर त्यसमा पिप्ला र सिँधेनुनको धूलो हालेर खाने गरिएमा पुरुष घोडाजस्तै मैथुन गर्न समर्थ हुने गर्दछ ।

(घ) वैद्यरहस्य :

बस्ताण्ड सर्पिषभृष्टः कणासैन्धवमिश्रितः । भक्षयेत्सततं यस्तु रमते सोङ्गना शतम् ॥

बोकाको राजखानी घिउमा भुटेर पिप्ला र सिँधेनुन मिसाएर खानेले सयवटी स्त्रीसँग रमण गर्न सक्षम हुन्छ ।

(ङ) सुश्रुत संहिता :

बस्ताण्डसिद्धे पयसि भावितानसकृत्तिलान् ॥
शिशुमारवसापक्वाः शष्कुल्यस्तैस्तिलैः कृताः ।
यः खादेत् स पुमान् गच्छेत् स्त्रीणां शतमपूर्ववत् ॥

बोको राजखानी हालेर पकाइएको दूधमा तिललाई अनेक पटक भिजाएर दूधसँगै पिउनू । यही तिलले बनाएको पुरीलाई सौँसको बोसोमा पकाएर खानू । यसरी जुन् पुरुष खान्छ, उ सयवटी स्त्रीसँग पहिलोपटक गरेजसरी नै रमण गर्न सक्दछ ।
(द्रव्यादष्टगुणं क्षीरं क्षीरात्तोयं चतुर्गुणम् । क्षीरावशेषः कर्त्तव्यः क्षीरपाके स्वयं विधिः ।)

पिप्पलीलवणोपेते बस्ताण्डे क्षीरसर्पिषि । साधिते भक्षयेद्यस्तु स गच्छेत् प्रमदाशतम् ॥

दूधबाट सोझै निकालिएको घिउमा पिप्ला, सिँधेनुन र बोकाको राजखानी पकाएर जुन पुरुष खान्छ, उ एक शय स्त्रीहरूसँग रमण गर्न सक्दछ ।

पिप्पलीलवणोपेते बस्ताण्डे घृतसाधिते ॥ शिशुमारस्य वा खादेत्ते तु वाजीकरे भृशम् ।

घिउमा तारेको बोकाको राजखानी वा सौँसको फूलमा पिप्ला र सिँधेनुन हालेर खानाले अति नै वीर्यवृद्धि हुन्छ ।

वाजीकरणमा भलायोको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

भल्लातकैश्चतुर्भिस्तु दुग्धस्यार्द्धाढकं पचेत्॥ पीतं करोति वृषतां सुजीर्णस्यापि देहिनः ।

चार दाना भलायो आधा आढक दूधमा हालेर पकाउनू । यो दूध पिउनाले कमजोर शरीर हुने व्यक्ति पनि वीर्यशाली हुन्छ ।

वाजीकरणमा मदिराको प्रयोग

(क) काश्यप संहिता :

... वृष्यं रतिवैशद्यकारकम् । युक्तोपसेवितं मद्यं सात्त्विकानां विशेषतः ।

सात्त्विक व्यक्तिले जुक्ति लगाएर (विधिपूर्वक) पिउने मदिरा वीर्यवर्धक र सहवास-सुख प्रदायक हुन्छ ।

वाजीकरणमा मरुइलहरो आदिको प्रयोग

(क) अष्टाङ्ग सङ्ग्रह :

मधूलिका माषपर्णी सिता शृङ्गाटकं यवाः । स्वगुप्तामूलयष्ट्याह्वविदारीक्षुरकाः समाः ॥
सप्रियालाः कृतं चूर्णं पृथङ्मध्वाज्यषड्गुणम् ।
पादाभ्यामस्पृशन्भूमिं लिहन्काल्यमतः पिचुम् ॥
लभते वलमुत्साहं स्त्रीश्च याति कुलिङ्गवत् ।

मरुई लहरो, मासलहरी वा वनमास, चिनी, सिँगडा, जौ, काउछोको जरा, जेठीमधु, विदारीकन्द, ठूलो रामशर र चिरौंजी समान मात्रामा मिसाएर धूलो बनाउनू । यो सबैको छ छ गुना बढी मह र घिउ मिसाउनू । यो ओखती बिहान बिहान भुइँमा गोडा नटेक्दै एक एक पल खाने गर्नू । यसले बल र जाँगर दिन्छ । उ सहवासका मामिलामा भँगेरो जस्तै हुन्छ ।

महाखण्डकूष्माण्डावलह

(क) भावप्रकाश संहिता :

रक्तपित्ताधिकारोक्तः खण्डकूष्माण्डको महान्। रक्तपित्तादिरोगघ्नो महावाजीकरः स्मृतः॥

रक्तपित्ताधिकार खण्डमा बताइएको महाखण्डकूष्माण्ड नामक अवलेहले रक्तपित्त आदि रोग नाश गर्दछ र अति नै वाजीकारक हुन्छ।

वाजीकरणमा माछामासुको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

पिष्ट्वा वराहमांसानि दत्वा मरिचसैन्धवे । कोलवद्गुटिकाः कृत्वा तप्ते सर्पिषि वर्त्तयेत्॥
वर्त्तनस्तम्भितास्ताश्च प्रक्षेप्याः कौक्कुटे रसे । घृताढ्ये गन्धपिशुने दधिदाडिमसारिके॥
यथा न भिन्द्याद्गुटिकास्तथा तं साधयेद्रसम् । तं पिबन्भक्षयंस्ताश्च बली बालेयवद्व्रजेत्॥
मांसानि बलयुक्तानि तथान्यान्यपि कल्पयेत् ।

बनेलको मासु पिसी मरिच र सिँधेनुन मिसाएर बयरका जत्रा गोली बनाउनू । यी गोलीलाई तातो घिउमा डुबाउनू । जब यो अलिअलि कडा बन्दछ तब यी गोलीलाई कुखुराको मासुको रसमा हाल्नू । यो मासुको रसमा घिउको मात्रा बढी हुनुपर्दछ । अनि यसमा दहीको तर र दारिमको रस मिसाउनू । केही समयपछि यी गोली रससँग दिनहुँ खाने गर्नू । यो ओखती खाने गर्नाले मानिस सहवासको मामिलामा गधा जस्तै बन्न पुग्दछ । यो ओखती बनाउने क्रममा कुखुरा बाहेकका अन्य बलिया पशुपंक्षीको मासुको रस पनि प्रयोग गर्न सकिन्छ ।

माषानङ्कुरितान्शुद्धान् निस्तुषान्साजहाफलान्॥ घृताढ्ये माहिषरसे दधिदाडिमसारिके ।
प्रक्षिप्य साधयेद्युक्त्या धान्यजीरकनागरैः॥ पीतो भुक्तश्च स रसः कुरुते शुक्रमक्षयम् ।

सफा र शुद्ध टुसाएका मास तथा बोक्रा केलाइएका काउसोका बीज पिसी मुछी गोली बनाए तात्तातो र घिउ धेरै हालिएको राँगाको मासुको रसमा दहीको तर र दारिमको रससहित हाल्नू । यसमा धनियाँ, जीरा र सुठो पनि हाल्नू । केही समयपछि यी गोली झिक्दै सोही रससँग दिनहुँ खाने गर्नू । यसले वीर्यलाई नाश हुन दिँदैन ।

हंसबर्हिणदक्षाण्डान् भृष्टांस्तप्तेन सर्पिषा॥ सुरानुपानान् यः खादेत् स तृप्तस्तर्प्पयेत्स्त्रियः ।

हाँस, मयुर र कुखुराको फुल तातो घिउमा भुटेर खाई त्यसपछि मदिरा पिउने मानिसले स्त्रीलाई सन्तुष्ट पार्न सक्दछ ।

आर्द्राणि मत्स्यमांसानिशफरीर्वा सुभर्जिताः॥ तप्ते सर्पिषि यः खादेत् स गच्छेत् स्त्रीषु न क्षयम् ।

सुकुटी वा सिद्रा वा शफरी जातको माछा घिउमा भुटेर खाने मानिस सहवासको मामिलामा कहिल्यै पनि स्त्रसँग पराजित हुँदैन ।

घृतभृष्टान् रसे छागे रोहितान् फलसारिके॥ अनुपीतरसान् सिद्धानपत्यार्थी प्रयोजयेत् ।

जसलाई सन्तानको चाहना छ उसले रोहित जातको माछा घिउमा तारेर खाई फलफूलको रस मिसाइएको बोकाको मासुको रस पिउने गर्नू ।

घृतं माषान् सबस्ताण्डान् फलाम्ले मांहेष रसे॥ स्वादो वा साधयेत् पूतं तद्रसं भजयेत् घृते । ईषल्लवणितं युक्तं धान्यजीरकनागरैः॥ पीतः स वृष्यो बल्यश्च बृंहणश्च परं रसः ।

घिउ, मास, बोकाको राजखानी, फलफूलको रस र राँगाको मासु मिसाउनू । यो मिश्रणलाई घिउमा भुट्नू । त्यसमा थोरै नुन, धनियाँको धूलो, जीराको धूलो र सुठोको धूलो हाल्नू । यो रस पिउनाले मानिस अति नै वीर्यशाली, बलियो र पुष्ट हुन्छ ।

चटकांस्तैत्तिरे तद्वत्तित्तिरीन् कौक्कुटे रसे॥ कल्पयेच्छिखिनो हांसे हंसान् वा शिखिजे रसे । तृप्तिं चटकमांसानां गत्वा योनु पयः पिबेत्॥ प्रभूतकालसंरुद्धाः सन्तर्पयति योषितः ।

यसैगरी भँगेराको मासु तित्रोको मासुको रसमा, तित्रोको मासु कुखुरोको मासुको रसमा , मयुरको मासु हाँसको मासुको रसमा वा हाँसको मासु मयुरको मासुको रसमा पनि प्रयोग गर्न सकिन्छ । भँगेराको मासु टन्न खाई त्यसको केही समयपछि दूध पिउने मानिसले लामो अन्तराल पछि पनि स्त्रीलाई सन्तुष्ट पार्न सक्दछ ।

घृताढ्यं कुक्कुटं शूल्यं शीतं खादेत् समाक्षिकम्॥ पिबेच्चानन्तरं क्षीरं य इच्छेच्छुक्रमक्षयम् ।

जसलाई आफ्नो वीर्य क्षय नहोस् भन्ने चाहना छ उसले घिउ दलेको कुखुरोको सेकुवा सेलाएपछि मह दलेर खानू र त्यसपछि दूध पिउने गर्नू ।

(ख) कामसूत्र, वात्स्यायन :

चटकाण्डरसभावितैस्तण्डुलैः पायसं सिद्धं मधुसर्पिर्भ्यां प्लापितं यावदर्थमिति समानं पूर्वेण ।

भँगेराको फुलको रसमा भिजाएर राखिएको चामल हालेर खीर पकाउनू । त्यो खीरमा असमान मात्रामा घिउ र मह हालेर खानाले पुरुषमा अनन्त स्त्रीसँग सहवास गर्ने शक्ति आउँदछ ।

चटकाण्डरसभावितानपगतत्वचस्तिलाञ् श्रृङ्गाटककसेरुकस्वयंगुप्ताफलानि गोधूममाषचूर्णं सशर्करेण पयसा सर्पिषा च पक्वं संयावं यावदर्थं प्राशित्वा-इति समानं पूर्वेण ।

कालो तिल भिजाएर त्यसको बोक्रा अलग्याउनू । त्यसपछि यसलाई भँगेराको फुलको रसमा भिजाउनू । त्यसपछि सिँगडा, कसेरु र काउसोको बीजको धूलो बनाउनू । गहुँको पिठो र मासको दालको पिठो मिसाएर तथा मिश्री, घिउ र दूध हाली तयार पारिएको संयाव नामको परिकार दिनहुँ खानाले पुरुषमा बल र वीर्य धेरै बढ्दछ ।

(ग) काश्यप संहिता :

मज्जावसे विशेषात्...वृष्यसंमते चैव । संशुष्क...शुक्रा ... वसां पिबेयुः...धातुकामाः॥

मासो तथा बोसोमा सामान्यतः वीर्य बढाउने गुण हुन्छ । जसको वीर्य सुकेको वा कम भएको छ र जो धातु बढाउन चाहन्छ उसले नियमानुसार बोसो पगालेर पिउनू ।

(घ) **चक्रदत्त, भैषज्य रत्नावली :**

आर्द्राणि मत्स्यमांसानि शफरीर्वा सुभर्जिताः । तप्ते सर्पिषि यः खादेत्स गच्छेत्स्त्रीषु न क्षयम् ॥

जो पुरुष ताजा मासु वा माछा अथवा सफरी जातको माछा घिउमा भुटेर खान्छ उसको स्त्रीसँग सहवास गर्दा (गरिरहे) पनि वीर्य क्षय हुँदैन ।

(ङ) **चरक संहिता :**

न ना स्वपिति रात्रिषु नित्यस्तब्धेन शेफसा । तृप्तः कुक्कुटमांसानां भृष्टानां नक्ररेतसि ॥

घडियाल गोही (नक्र) को वीर्यमा भुटिएको लोकल कुखुरा (कुक्कुट) को मासु खाने गरिए पुरुषको कामेच्छा रातभर शान्त हुँदैन ।

निःस्रव्य मत्स्याण्डरसं भृष्टं सर्पिषि भक्षयेत् । हंसबर्हिणदक्षाणां चैवमण्डानि भक्षयेत् ॥

माछाको फुलको रस निचोरेर वाजीकरणका लागि घिउमा भुटेर खानू । यसरी नै हाँस, मुजुर र कुखुराको फुललाई पनि यसैगरी घिउमा भुटेर प्रयोग गर्नुपर्दछ । यी वीर्य एवं यौन क्षमता वर्धक हुन्छन् ।

चटकांस्तित्तिरिरसे तित्तिरीन् कौक्कुटे रसे । कुक्कुटान् बार्हिणरसे हांसे बार्हिणमेव च ॥
नवसर्पिषि सन्तप्तान् फलाम्लान् कारयेद्रसान् । मधुरान्वा यथासात्म्यं गन्धाढ्यान् बलवर्धना ॥

भँगेराको मासु तित्रोको मासुको रसमा, तित्रोको मासु कुखुराको मासुको रसमा, कुखुराको मासु मयुरको मासुको रसमा र मयुरको मासु हाँसको मासुको रसमा हालेर पकाउनू । यी चार थरी रस तातो घिउमा भुट्नू । त्यसपछि कागती, अनार आदिको रस हालेर अमिलो बनाउनू । अथवा शरीरलाई जस्तो उपयुक्त छ त्यस्तै गुलियो नै रहन दिनू । यो रसले बल बढाउँदछ ।

चटकानां सहंसानां दक्षाणां शिखिनां तथा । शिशुमारस्य नक्रस्य भिषक् शुक्राणि संहरेत् ॥
गव्यं सर्पिर्वराहस्य कुलिङ्गस्य वसामपि । षष्टिकानां च चूर्णानि चूर्णं गोधूमकस्य च ॥
एभिः पूपलिकाः कार्याः शष्कुल्यो वर्तिकास्तथा । पूपाधानाश्च विविधा भक्ष्याश्चान्ये पृथग्विधाः ॥
एषां प्रयोगाद्भक्ष्याणां स्तब्धेनापूर्णरेतसा । शेफसा वाजिवद्याति यावदिच्छं स्त्रियो नरः ॥

वैद्यले भँगेरा, हाँस, कुखुरो, मयुर र शिशुमार जातका गोहीको वीर्य जम्मा गर्नू । गाईको घिउ, बनेलको बासो, भँगेराको बोसो, सठिया चामलको पिठो र गहुँको पिठो समेत यसमा मिसाई विधिपूर्वक पुरी, बारा, मालपुवा आदि पकाउनू र त्यसको प्रयोग गराउनू । यसको प्रयोग गर्नाले मानिस वीर्यशाली

भइ घोडाजसरी पूर्णरूपमा उत्तेजित हुन्छ र चाहे अनुसार सहवासमा सलग्न हुन सक्षम हुन्छ । (वीर्य सङ्कलन गर्न नसकिने अवस्थामा तिनको फुलको प्रयोग गर्न सकिन्छ) ।

तप्ते सर्पिषि नक्राण्डं ताम्रचूडाण्डमिश्रितम् । युक्तं षष्टिकचूर्णेन सर्पिषाऽभिनवेन च ॥
पक्त्वा पूपलिकाः खादेद्वारुणीमण्डपो नरः । य इच्छेदश्ववद्गन्तुं प्रसेक्तुं गजवच्च यः ॥

जो व्यक्ति घोडाजस्तै सहवास क्षमता र हात्तीको जत्ति नै धेरै वीर्य चाहन्छ उसले गोहीविशेषको फुल, कुखुराको फुल, सठिया चामलको पिठो र ताजा घिउ मिसाएर तातो घिउमा पुरी पकाउनू र खाने गर्नू । यसपछि वारुणी नामक मदिराको मण्ड पिउने गर्नू ।

घृतभृष्टान् रसे छागे रोहितान् फलसारिके । अनुपीतरसान् सिद्धानपत्यार्थी प्रयोजयेत् ॥

रहु माछाका घिउमा तारी अनार आदि फलफूलको रस हालेर पकाइएको बोकाको मासुको रसमा हाली पकाउनू । तब सन्तान चाहने पुरुषले माछाको मासु खाई त्यो रस पिउने गर्नू ।

कुट्टितं मत्स्यमांसानां हिङ्गुसैन्धवधान्यकैः । युक्तं गोधूमचूर्णेन घृते पूपलिकाः पचेत् ॥
माहिषे च रसे मत्स्यान् स्निग्धाम्ललवणान् पचेत् । रसे चानुगते मांसं पोथयेत्तत्र चावपेत् ॥
मरिचं जीरकं धान्यमल्पं हिङ्गु नवं घृतम् । माषपूपलिकानां तद्गर्भार्थमुपकल्पयेत् ॥
एतौ पूपलिकायोगौ बृंहणौ बलवर्धनौ । हर्षसौभाग्यजननौ परं शुक्राभिवर्धनौ ॥

रहु माछाको कीमामा हिङ, सिँधेनुन र धनियाँ उचित मात्रामा हाल्नू । यो कीमा गहुँको पिठोमा मुछी विधिपूर्वक घिउमा बारा वा फुरौला पकाउनू । अथवा गहुँको पिठो पानीमा मुछी मःमः पकाएर जसरी कीमा हालेर पकाउनू । घिउ, अनारदाना र सिँधेनुन मिसाइएको माछा राँगको मासुको रसमा पकाउनू । मासुको रस सुकेपछि माछा निकालेर कीमा बनाउनू । त्यसमा कालो मरिच, जीरा, धनिया, अलिकति हिङ र ताजा घिउ मिसाउनू । मुछेको मासको पिठोमा यही माछाको कीमा पोको पारेर घिउमा तार्नू । यी दुई फुरौलन पौष्टिक, पुरुषलाई उत्तेजित पार्ने र स्त्रीमा सौभाग्य उत्पन्न गर्ने र अति नै वीर्यवर्धक हुन्छन् ।

(च) रसरत्न समुच्चय :

योषागर्भरजः सूतं मधुना सह लेपयेत् । अवश्यं द्रावयेन्नारीं शुष्ककाष्ठोपमामपि ॥

समय नहुँदै पतन भएको गर्भलाई सुकाएर बनाइएको धूलोमा बराबर पारो मिसाएर महमा पिसी पुरुषले आफ्नो जननेन्द्रियमा दल्नाले मानिस सुकेको काठ जस्ती स्त्रीलाई पनि अवश्य पगाल्न सक्दछ ।

(छ) सुश्रुत संहिता :

कुलीरकूर्मनक्राणामण्डान्येवं तु भक्षयेत् ॥ महिषर्षभबस्तानां पिबेच्छुक्राणि वा नरः ।

गँगटो, कछुवा, वा घांडयाल गोहां (नक्र ?) को फुल पानं यसरां नं (बोकाको राजखानां खाएजसरां) खानू । अथवा मानिसले राँगो, साँढे वा बोकाको वीर्य पिउनू ।

नक्रमूषिकमण्डूकचटकाण्डकृतं घृतम्॥
पादाभ्यङ्गेन कुरुते बलं भूमिं तु न स्पृशेत्। यावत् स्पृशति नो भूमिं तावद्गच्छेन्निरन्तरम्॥

गोही (नक्र ?) मुसा, भ्यागुतो र भँगेराको फुल हालेर पकाइएको घिउ पैंतालामा दली सहवासमा संलग्न हुँदा मानिस भुइँमा पैंताला नटेक्दासम्म स्त्री सेवन गर्नसक्ने बन्दछ ।

वाजीकरणमा मासको प्रयोग

(क) **अग्निपुराण :**

माषपिप्पलिशालीनां यवगोधूमयोस्तथा । चूर्णभागैः समांशैश्च पचेत् पिप्पलिकां शुभाम्॥
तां भक्षयित्वा च पिवेत् शर्करामधुरं पयः । नवश्चटकवज्जम्भेद् दशवारान् स्त्रियं ध्रुवम्॥

मास, पिप्ला, मार्सी धानको चामल, जौ र गहुँको पिठो बराबर मात्रामा मिसाएर मुछी घिउमा पुरी पकाउनू । यो पुरी खाएर शक्खर वा मिश्री मिसाइएको दूध पिउनू । यसो गर्ने मानिस जवान बट्टाई चरो जस्तो भई स्त्रीसँग दशपटक सुत्न सक्दछ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह :**

प्रसृतं माषचूर्णस्य धात्रीस्वरसभावितम् । विदारीरजसो वापि लिहन् मधुघृतद्रुतम्॥
क्षीरानुपश्चटकवद्दशकृत्वो व्रजेत् स्त्रियः ।

एक प्रसृत मासको पिठो वा बिरालेलहरोको गानुको धूलो अमलाको रसमा ढड्याएर मह र घिउ मिसाई चाट्ने गर्नू । लगत्तै दूध पिउनू । पुरुष भँगेरो जस्तै भई दश पटकसम्म सहवासमा संलग्न हुन सक्दछ ।

भुक्त्वा यो माषसूपेन घृताढ्यं षष्टिकौदनम्॥ पयः पिबति जागर्ति कृत्स्नां रात्रिं स वेगवान् ।

मासको दालको रससँग घिउ हालिएको सठिया चामलको भात खाई दूध पिउने पुरुष रातभर नसुती यौन आनन्द लिन सक्षम हुन्छ ।

माषात्मगुप्ताबीजानामाढकं प्रसृतोन्मितम् । मेदाश्वगन्धर्द्धिवरी वीरा यष्टी द्विजीवकम्॥
शूर्पेऽपां विपचेत्तेन पादशेषेण पाचयेत् । विदारीक्षुरसप्रस्थद्वयेन सदृशेन च॥
सर्वैः क्षीरेण हविषो नवात् प्रस्थं शृतेऽत्र च । सिताक्षौद्रसिताख्यानां पृथग्दद्याच्चतुष्पलम्॥
पलं कणात् पुरोभक्तं लिहंस्तत्पलपूर्वकम् । तरुणीष्ववतृप्तासुप्रसभं रासभायते॥

मासका गेडा र काउसोका गेडा बराबर मिसाएर एक आढक; मेदा, अश्वगन्धा, सुगन्धवाल, कल्छेलहरो, ऋषभक र जीवक एक एक प्रसृत जम्मा पारी दुई द्रोण (शूर्प) पानीमा हालेर एक चौथाई पानी बाँकी नहुँदासम्म पकाउनू । यसपछि यसमा विदारीकन्दको रस र उखुको रस एक एक प्रस्थ, सबै तरल जति हुन्छ त्यति बराबर दूध, एक प्रस्थ ताजा घिउ हालेर पुनः पकाउनू । सबै पानी सुकेर घिउ मात्र बाँकी भएपछि झिकेर सेलाउनू । अनि त्यसमा चिनी, मह, मिश्री र कनिका (कण) चार पल बेग्लै मिसाउनू । त्यसपछि यसलाई सुरक्षित तरिकाले भण्डारण गर्नू । खाना खानुअघि दिनहुँ सहवासका सन्तोष चाहने स्त्री पुरुषले एक एक पलका दरले खाने गर्नू ।

सूप्यपर्णी द्विकाकोली जीवकर्षभकैः शृतम् । लघुना पञ्चमूलेन द्विकाकोलीयुतेन वा॥

पयोऽतिवृष्यमभ्यस्य वृद्धोऽपि तरुणायते ।

वनमास, कल्छे लहरो, दूधे कल्छे लहरो, जीवक र ऋषभक अथवा लघुपञ्चमूल, कल्छे लहरो र दूधे कल्छे लहरो हालेर पकाइएको दूध खाने गर्नाले मानिस अति वीर्यशाली हुन्छ, बूढो पनि जवानजस्तै हुन्छ ।

माषात्मगुप्तागोधूमशालिषष्टिकपैष्टिकान् । शर्कराया विदार्याश्च चूर्णानीक्षुरकस्य च ॥
संयोज्य क्षीरसर्पिर्भ्यां घृते पूपलिकाः पचेत् । पयोनुपानास्ताः शीघ्रं कुर्वन्ति वृषतां परम् ॥

मास, काउसोका गेडा, गहुँ, मार्सी चामल र सठिया चामलको पिठो; चिनी, विदारीकन्दको धूलो, ठूलो रामशरका गेडाको धूलो, दूध र घिउमा हाली पकाउनू । यसपछि यसको पुवा बनाई खाने गर्नू र त्यसपछि दूध पिउनू । यसले तुरुन्त अति नै वीर्य बढाउँदछ ।

चूर्णं माषात्तिलाच्छालेर्विदार्याश्च ससैन्धवम् । रसेन पुण्ड्रकस्येक्षोः प्लुतं वाराहमेदसि ॥
पक्त्वा शष्कुलिकाः खादन्नारोहेत् षष्टिमङ्गनाः ।

मास, तिल, मार्सी चामल, विदारीकन्द र सिँधेनुनको धूलो पुण्ड्रक नामक उखुको रसमा ढड्याएर बनेलको बोसोमा पकाउनू । यसपछि यसको शष्कुलि (रोटी) बनाउनू (पकाउनू) । यो खाने गर्नाले पुरुष साठी वटी स्त्रीसँग पनि रमण गर्न सक्षम हुन्छ ।

शर्करामाषगोधूमतुगाक्षीरीपयोघृतैः । पक्वामुत्कारिकां खादेत् कृकवाकुरसानुपः ॥
मायुरं तैत्तिरं हांसमेवमेव रसं पिबेत् । अनेनाश्व इवोदीर्णो बली लिङ्गं समर्पयेत् ॥

चिनी, मास, गहुँ, वंशलोचन, दूध र घिउ हालेर उत्कारिका नामक परिकार पकाउनू । यो परिकार खाई कुखुरो, मयुर, तित्रो वा हाँसको मासुको रस पिउने गर्नू । यसो गरेपछि घोडाको जस्तो बलियो भएको जननन्द्रिय (स्त्रीलाई) अर्पण गर्नू ।

(ग) आयुर्वेद महोदधि :

नालिकेर नव वारि भावितैः माषचूर्णवटकैर्घृतप्लुतैः ।
भक्षयन् पिबति यो गवां पयो यात्य पूर्वमपि योषितां शतम् ॥

नयाँ (ताजा) नरिवलको पानीमा मासको धुलो (पिठो) भिजाउनू र घिउमा यसको बारा पकाउनू । यो बारा खाएर गाईको दूध पिउनू, उ सयवटी स्त्रीका साथ ग्राम्यधर्ममा संलग्न हुन सक्दछ ।

शुद्धैर्निस्तुष माष शुष्कविदलैः श्रीनालिकेराम्बुभिः
क्लिन्नैर्गोपयसा ततो घनतमैः पिष्टैः सितासंयुतैः ।
दत्त्वा मोचरसं वरीरसयुतं तत्पाणिना मर्द्दितं
कृत्वा वै वटिकां विपाच्य हविषा सम्भक्षेत्सर्पिषा ॥

शुद्ध, बोक्रा नभएको माषको दाललाई नरिवल पानीमा भिजाएर पीठो बनाउनु (पिस्नु) । त्यसपछि गाईको दूध मिसाउनु अनि त्यो बाक्लो लेदोमा मिश्री मिसाउनू । अनि सिमलको खोटो (मोचरस) र कुरिलोको रस (वरीरस) मिसाएर हातले मोल्नू । त्यसपछि यसलाई घिउमा बारा बनाएर पकाउनू र घिउसँगै खानू ।

वृद्धोऽपि प्रमदाशतेन सहसा गच्छेद्युवे वातुरः
तृप्तिं गच्छति नैव नाऽपि लभते लिङ्गं क्वचिन्मन्दताम् ।
तस्यान्तस्य बलक्षयोऽपि न महानुत्साह भङ्गो भवेत्
रेतो नष्टमपि प्रयाति च तथा वृद्धिं बलं जायते ॥

(यो खानाले) बूढो पनि सय वटी स्त्रीका साथ गरिने ग्राम्यधर्ममा जवान सरह हुन्छ । रोगी पनि ग्राम्यधर्मबाट अघाउँदैन । पुरुषको जननेन्द्रिय शिथिल हुँदैन । नष्ट भएको वीर्य बढ्दछ र बलवृद्धि हुन्छ ।

माषक्वाथोन्मिश्रितं गव्यदुग्धं गव्यं सर्पिः शर्क्कराचूर्णमिश्रम् ।
यामे यामे सप्तसप्तैव वारान् स्त्रीव्यापारं याति चातिप्रमोदः ॥

मासको काँढापानीमा गाईको दूध र घिउ फिटेर बनाइएको सूप हरेक तीन तीन घण्टामा दिनको सात पटक पिउनु । यसबाट प्रसन्न भएको पुरुषले स्त्रीलाई प्रसन्न पार्दछ ।

संशोध्य माषविदलादि घृते निवेश्य क्षीरेण पायसमिदं महिषीभवेन ।
सिद्धं घृतेन सहितं बहु शर्क्कराढ्यम् सम्भक्षयेन्निशितरां परिहीनरेताः ॥

माषलाई बोक्रा निकालेर घिउमा पकाउनु र खोलेजस्तो बनाउनु, त्यसपछि भैंसीको दुधको खिर पकाउनु,अनि माषको खोले र खीर मिसाएर कमजोर वीर्य हुने पुरुषले रातमा खानु ।

(घ) कामसूत्र, वात्स्यायन :

माष कमलिनीं पयसा धौतामुष्णेन घृतेन मृदूकृत्योद्धृतां वृद्धवत्सायाः गोः पयः सिद्धं पायसं मधुसर्पिर्भ्यामशित्वाऽनन्ताः स्त्रियो गच्छतीति आचार्याः प्रचक्षते ।

मासको पिठो रातभर दूधमा भिजाएर राखी बिहान पिसेर घिउमा रातो हुने गरी तार्नू । त्यसपछि बाच्छो बढेको गाईको वा बाख्रीको दूधमा हालेर खीर पकाउनू । असमान मात्रामा घिउ र मह हालर खानू । यसले पुरुषलाई अनन्त स्त्रीसँग सहवास गर्ने शक्ति प्राप्त हुन्छ भनी आचार्यहरूले बताएका छन् ।

(ङ) चक्रदत्त :

घृतभृष्टो दुग्धमाषपायसो वृष्य उत्तमः ।

घिउमा भुटेर दूधमा हालेर पकाइएको मासको खीरले अति नै यौनशक्ति बढाउँदछ ।

(च) चरक संहिता :

माषयूषेण यो भुक्त्वा घृताढ्यं षष्टिकौदनम् । पयः पिबति रात्रिं स कृत्स्नां जागर्ति वेगवान्॥

धेरै गाईको घिउ हालेर पकाइएको सठिया चामलको भात मासको यूषसँग खाएर त्यसपछि दूध पिउने पुरुष कामवेगले छटपटाएर रातभर जागा भइरहन्छ ।

माषानङ्कुरिताञ्शुद्धान्निस्तुषान् साजडाफलान् । घृताढ्ये माहिषरसे दधिदाडिमसारिके॥
प्रक्षिपेन्मात्रया युक्तो धान्यजीरकनागरैः । भुक्तः पीतश्च स रसः कुरुते शुक्रमक्षयम्॥

मासलाई भिजाएर उमार्नू । टुसा उम्रिएपछि पखाल्नू र बोक्रा फाल्नू । यो बराबर ताजा काउसोको बीज लिनू । यी दुईलाई घिउ, दही र अनारको रस हालिएको राँगाको मासुको रसमा हालेर पकाउनू । धनियाँ, जिरा र सुठो पनि उचित मात्रामा हाल्नू । जब तयार हुन्छ तब मास र काउसोका बीज चपाई रस पिउने गर्नू । अक्षय वीर्य प्राप्त हुन्छ । यसलाई वृष्यामाहिषरस भनिएके छ

माषाणामात्मगुप्ताया बीजानामाढकं नवम् । जीवकर्षभकौ वीरां मेदामृद्धिं शतावरीम्॥
मधुकं चाश्वगन्धां च साधयेत्कुडवोन्मितान् । रसे तस्मिन् घृतप्रस्थं गव्यं दशगुणं पयः॥
विदारीणां रसप्रस्थं प्रस्थमिक्षुरसस्य च । दत्त्वा मृद्वग्निना साध्यं सिद्धं सर्पिर्निधापयेत्॥
शर्करायास्तुगाक्षीर्याः क्षौद्रस्य च पृथक् पृथक् । भागांश्चतुष्पलांस्तत्र पिप्पल्याश्चावपेत्पलम्॥
पलं पूर्वमतो लीढ्वा ततोऽन्नमुपयोजयेत् । य इच्छेदक्षयं शुक्रं शेफसश्चोत्तमं बलम्॥

नयाँ मास १ आढक, नयाँ काउसोका बीज १ आढक; जीवक, ऋषभक, कल्छेलहरो, मेदा, ऋद्धि, कुरिलो, जेठीमधु र अश्वगन्धा १, १क कुडव; गाईको घिउ २ प्रस्थ, घिउको १० गुना गाईको दूध, विदारीकन्दको रस २ प्रस्थ र उखुको रस २ प्रस्थ मिसाएर विधिपूर्वक सानो आगोमा घिउ पकाउनू । पाकेपछि झिकेर छान्नू । अनि त्यो छानेको घिउमा मिश्रीको धूलो, वंशलोचन र मह ४, ४ पल हाल्नू । पिप्ला १ पल हाल्नू । अरु तातैमा मिसाए पनि मह सेलाएपछि मात्र मिसाउनू । वीर्य क्षय नहोस् र इन्द्रिय उत्तम तरिकाले बलिया बनिरहुन् भनी चाहने पुरुषले यो ओखती हरेक दिन एक एक पल खाएर त्यसपछि खाना खाने गर्नू । (आधुनिक मात्रा एक तोला हो) । यसलाई वाजीकरणघृत भनिएको छ ।

माषात्मगुप्तागोधूमशालिषष्टिकपैष्टिकम् । शर्कराया विदार्याश्च चूर्णमिक्षुरकस्य च॥
संयोज्य मसृणे क्षीरे घृते पूपलिकाः पचेत् । पयोऽनुपानास्ताः शीघ्रं कुर्वन्ति वृषतां परम्॥

मास, काउसोको बीज, गहुँ, मार्सी चामल, सठिया चामल : यी पदार्थको धूलो; मिश्री, विदारीकन्द र तालमखानाको धूलो : यी सबै मिसाएर दुधमा मुछ्नू । त्यसपछि घिउमा तार्नू । यो खाएर पछि दूध पिउनू । यसले चाँडै नै धेरै वृषता गर्दछ । यसलाई माषादिपूपलिका भनिएको छ ।

(छ) भैषज्य रत्नावली :

घृतभृष्टमाषद्विदलं दुग्धसिद्धं च शर्कराविमिश्रम् । भुक्त्वा सदैव कुरुते तरुणीशतमैथुनं पुरुषः ॥

मासको दाललाई गाईको घिउमा भुटी दूधमा पकाएर चिनी मिसाई खाने गर्नाले मानिस लगातार सय वटी स्त्रीसँग मैथुन गर्न समर्थ हुन्छ ।

(ज) वङ्गसेन आयुर्वेद :

माषाणां पलमेकन्तु संयुक्तं मधुसर्पिषा । तं लीढ्वानुपिबेत् क्षीरं तेन वाजी भवेन्नरः ॥

मासको धूलो एक तोलामा मह र घिउ मिसाएर खाई त्यसपछि दूध पिउनाले मानिसको उत्तम वाजीकरण हुन्छ ।

शार्करायास्तुलैकं स्यादेकं गव्यस्य सर्पिषा । पक्त्वा पूपालिकां खादेद्वह्व्यः स्युर्यस्य योषितः ॥

उत्तम खालको मिश्री एक तुला र गाईको घिउ एक तुला लिई मासको धूलो तथा अन्य पुष्टिकारक ओखतीको धूलो मिसाएर पुरी पकाउनू । अथवा केवल उल्लेखित दुई मिश्री र घिउको पुरी पकाउनू । यो पुरी त्यो पुरुषले खानू जसका धेरै वटी श्रीमती छन् ।

(झ) सुश्रुत संहिता :

माषाणां पलमेकं तु संयुक्तं क्षौद्र सर्पिषा ॥ अवलिह्य पयः पीत्वा तेन वाजी भवेन्नरः ।

मास एक पल (करिब ४८ ग्राम) मह र गाईको घिउमा मिसाएर चाटी त्यसपछि गाईको दूध पिउने गर्नू । यसरी खानाले पुरुष वीर्यशाली हुन्छ ।

वाजीकरणमा मिश्री आदिको प्रयोग

(क) चरक संहिता :

सितोपलापलशतं तदर्धं नवसर्पिषः । क्षौद्रपादेन संयुक्तं साधयेज्जलपादिकम् ॥
सान्द्रं गोधूमचूर्णानां पादं स्तीर्णे शिलातले । शुचौ श्लक्ष्णे समुत्कीर्य मर्दनेनोपपादयेत् ॥
शुद्धा उत्कारिकाः कार्याश्चन्द्रमण्डलसन्निभाः । तासां प्रयोगाद् गजवन्नारीः सन्तर्पयेन्नरः ॥

मिश्री १०० पल, ताजा घिउ ५० पल, मह २५ पल र पानी २५ पल मिसाएर विधिपूर्वक घिउ पकाउनू । पहिला १०० पल मिश्रीलाई २५ पल पानीमा हालेर सानो आगोमा पकाउनू । जब मिश्री पूरै पग्लन्छ र चास्नी बाक्लो हुन थाल्दछ तब त्यसमा ताजा घिउ घिउ राम्ररी मिसाउनू । सेलाएपछि मह मिसाउनू । त्यसपछि गहुँको पिठो २५ पल मिसाएर राम्ररी मोल्नू । यसपछि यसलाई एउटा फराकिलो र चिल्लो पत्थरमा फिँजाएर चन्द्रमण्डल जस्ता गोला बारा पकाउनू । यो बारा खाने गर्नाले पुरुष हात्तीजस्तै भएर पत्नीलाई सन्तुष्ट पार्नसक्ने बन्दछ । यसलाई वृष्योत्कारिका भनिएको छ ।

शर्करायास्तुलैका स्यादेका गव्यस्य सर्पिषः । प्रस्थो विदार्याश्चूर्णस्य पिप्पल्याः प्रस्थ एव च ॥
अर्धाढकं तुगाक्षीर्याः क्षौद्रस्याभिनवस्य च । तत्सर्वं मूर्च्छितं तिष्ठेन्मार्तिके घृतभाजने ॥
मात्रामग्निसमां तस्य प्रातः प्रातः प्रयोजयेत् । एष वृष्यः परं योगो बल्यो बृंहण एव च ॥

मिश्री १० सेर, गाईको घिउ १० सेर, विदारीकन्दको धूलो १ प्रस्थ, पिप्लाको धूलो १ प्रस्थ, वंशलोचन आधा आढक, ताजा मह १ आढक मिसाएर घिउ दलेर भिजाइएको माटाको भाँडामा राख्नू । पाचनशक्ति अनुसार बिहान बिहान १-४ तोला खाने गर्नू । यो अति नै वृष्य, बलदायक र पौष्टिक हुन्छ । यसलाई वृष्ययोग भनिएको छ ।

शर्करा माषविदलास्तुगाक्षीरी पयो घृतम् । गोधूमचूर्णषष्ठानि सर्पिष्युत्कारिकां पचेत् ॥
तां नातिपक्वां मृदितां कौक्कुटे मधुरे रसे । सुगन्धे प्रक्षिपेदुष्णे यथा सान्द्रीभवेद्रसः ॥
एष पिण्डरसो वृष्यः पौष्टिको बलवर्धनः । अनेनाश्व इवोदीर्णो बली लिङ्गं समर्पयेत् ॥
शिखितित्तिरिहंसानामेवं पिण्डरसो मतः । बलवर्णस्वरकरः पुमांस्तेन वृषायते ॥

मिश्रीको धूलो, मास, वंशलोचन, दूध, घिउ र चालिएको गहुँको पीठो यथायोग्य परिमाण लिई विधिपूर्वक उत्कारिका बनाएर घिउमा हल्का किसिमले तार्नू । त्यसपछि यसलाई टुक्रा पारी गुलियो तथा अलैँची आदि सुन्धित पदार्थ हालिएको तात्तातो कुखुराको मासुको रसमा हाल्नू । जसले गर्दा त्यो रस बाक्लो होस् । यसलाई पिण्डरस भनिन्छ । यो वृष्य, पौष्टिक र बल बढाउने गुणको हुन्छ । यसको प्रयोग गर्नाले पुरुषले घोडासमान सहवास क्षमता प्राप्त गर्दछ । मयुर, तित्रो र हाँसको मासुको रसमा पनि पिण्डरस बनाउन सकिन्छ र त्यो पनि समान गुणको हुन्छ । यसलाई वाजीकरणपिण्डरसा भनिएको छ ।

वाजीकरणमा मुज आांदको प्रयोग

(क) चरक संहिता :

शरमूलेक्षुमूलानि काण्डेक्षुः सेक्षुवालिका । शतावरी पयस्या च विदारी कण्टकारिका॥
जीवन्ती जीवको मेदा वीरा चर्षभको बला । ऋद्धिर्गोक्षुरकं रास्ना सात्मगुप्ता पुनर्नवा॥
एषां त्रिपलिकान् भागान् माषाणामाढकं नवम् । विपाचयेज्जलद्रोणे चतुर्भागं च शेषयेत्॥

ठूलो जातको मुज घाँस वा ढड्डीको जरा (शरमूल), उखुको जरा (इक्षुमूल), उखुविशेष (काण्डेक्षु) को जरा, करङ्क जातको उखु (इक्षुवालिका) को जरा, कुरिलो, क्षीरकाकोली, विराले लहरोको गानु, कण्टकारी, जिरीको साग ? (जीवन्ती), जीवक, मेदा, काकोली, ऋषभक, बलुको जरा, ऋद्धि, गोखुर, फ्याक्सेकन्द, काउसो र पुनर्नवा : यी सबै तीन तीन पला (एक पलामा करिब ४८ ग्राम हुन्छ) लिनू । एक आढक (करिब ३.७२ किलो) ताजा मास लिनू । यी सबै जम्मा पारी दुई द्रोण (करिब २४.५७ लि.) पानीमा हाली पकाउनू । जब पानी एक चौथाइ बाँकी हुन्छ तब झिकेर छान्नू । कल्कका लागि-

तत्र पेष्याणि मधुकं द्राक्षा फल्गूनि पिप्पली । आत्मगुप्ता मधुकानि खर्जूराणि शतावरी॥
विदार्यामलकेक्षूणां रसस्य च पृथक् पृथक् । सर्पिषश्चाढकं दद्यात्क्षीरद्रोणं च तद्भिषक्॥
साधयेद् घृतशोषं च सुपूतं योजयेत्पुनः । शर्करायास्तुगाक्षीर्याश्चूर्णैः प्रस्थोन्मितैः पृथक्॥
पलैश्चतुर्भिर्मागध्याः पलेन मरिचस्य च । त्वगेलाकेशराणां च चूर्णैरर्धपलोन्मितैः॥

मधुनः कुडवाभ्यां च द्वाभ्यां तत्कारयेद्भिषक् ।
पलिका गुडिकाः स्त्यानास्ता यथाग्नि प्रयोजयेत्॥
एष वृष्यः परो योगो बृंहणो बलवर्धनः । अनेनाश्व इवोदीर्णो लिङ्गमर्पयते स्त्रियाम्॥

जेठीमधु, मुनक्का, डुम्री, पिप्ला, काउसका बीज, महुवा, खजुर र कुरिलो : यी सबै मिलाएर आधा आढक (करिब १.८६ किलो) । बिरालेलहरोको गानोको स्वरस, अमलाको रस, उखुको रस र घिउ दुई-दुई आढक र दूध दुई द्राण मिसाई घृतपाक विधिले पकाउनू । पाकेपछि कपडछान गर्नू । अनि त्यसमा खुँदो र वंशलोचनको धूलो एक एक प्रस्थ; पप्लाको धूलो ४ पल, कालो मरिचको धूलो १ पल, दालचिनीको धूलो आधा पल, सुकुमेलको धूलो चार तोला, नागकेसर ४ तोला, शुद्ध मह ४ कुडव (३२ पल) जम्मा पारी सबै कुरा मिसाउनू । अनि एक एक पलका गोली बनाउनू । यी गोली पाचनशक्ति अनुसार खाने गर्नू । यो मिश्रण अति नै वीर्यवर्धक, पौष्टिक र बलवर्धक हुन्छ । यसको प्रयोग गर्नाले मैथुन क्षमता र पुंस्त्व अति नै बढ्दछ । (आजभोली १-२ तोला खानू) । यसलाई बृंहणीगुडिका भनिएको छ ।

वाजीकरणमा सेतीगेडीको प्रयोग

(क) कामसूत्र, वात्स्यायन :

उच्चटाकन्दश्चव्या यष्टीमधुकं च सशर्करेण पयसा पीत्वा वृषी भवति॥

सेतीगेडीको जरा र जेठीमधुको धूलो मिश्री मिसाइएको दूधसँग पिउने गर्नाले पुरुषको बल र वीर्य बढ्दछ ।

(ख) चक्रदत्त, भैषज्य रत्नावली, सूश्रुत संहिता :

उच्चटाचूर्णमप्येवं क्षीरेणोत्तममुच्यते । शतावर्युच्चटाचूर्णं पेयमेवं सुखार्थिना॥

सेतीगेडी (जरा) को धूलो दूधसँग खानाले वीर्य वृद्धि हुन्छ । कुरिलो र सेतीगेडी (जरा) को धूलो दूधसँग खाने गर्नाले सुख चाहने मानिसको वीर्य वृद्धि हुन्छ ।

वाजीकरणमा रातो पुनर्नवाको प्रयोग

(क) **अष्टाङ्ग सङ्ग्रह :**

वर्षाभूमूलमृद्वीकास्वयङ्गुप्ताफलानि च । सिद्धश्चरणलेपोयं भुवं पद्भ्यां तु न स्पृशेत् ॥

रातो पुनर्नवाको जरा, मुनक्का र काउसोका बीज पिसी मलम बनाएर गोडामा दली भुइँमा नटेकी सहवासमा संलग्न हुइञ्जेलसम्म वीर्यस्खलन हुँदैन ।

वाजीकरणमा विदार्यादि योग

(क) अष्टाङ्ग हृदय :

विदारीपिप्पलीशालिप्रियालेक्षुरकाद्रजः॥ पृथक् स्वगुप्तामूलाच्च कुडवांशं तथा मधु ।
तुलार्धं शर्कराचूर्णात् प्रस्थार्धं नवसर्पिषः॥ सोऽक्षमात्रमतः खादेत् यस्य रामाशतं गृहे ।

विदारीकन्द, पिप्ला, मार्सीधानको चामल, चिरौंजी, तालमखाना र काउसोको जराको धुलो एक-एक कुडव, मह एक कुडव (सोह्र कर्ष), खुँदो पचास पल र गाईको घिउ आठ पल लिनू। घिउमा चामलको पिठो भुटेर अरु कुरा मिसाउनू र पकाउनू। तयार भएपछि त्यसले एक एक कर्ष दिनहुँ खानेगर्नू जसका घरमा सय वटी श्रीमती छन्। (यसलाई विदार्यादि योग भनिन्छ)।

(ख) आयुर्वेद महोदधि :

विदार्यामलकं चैवं यष्टीगोक्षुरकं तथा। भूमिकूष्माण्डकं माषानिस्तुषाः सतिलायवाः॥
गोधूमचूर्णं श्रृङ्गारी बीजं कूष्माण्डकस्य च। मुशलीशालिचूर्णं तु राजिगन्धा च चन्दनम्॥
प्रियालभल्लातकयोर्बीजं द्राक्षासितोत्पलम्। त्वक्क्षीरागरुकर्पूरं समभागं तु कारयेत्॥
सितोपला समंचूर्णं भक्षयेच्च दिने दिने। क्षौद्रेण तत्समायुक्तं पलार्द्धं पलमेव वा॥
अनुपाने हिमं वारि क्षीरं मांसरसोऽथ वा। मद्यमिक्षुरसो वाऽपि द्विकालमपि भक्षयेत्॥
अनेन पुरुषः शुक्रात्पूर्णधातुः प्रजायते। वीर्यवान् बलवांश्चैव स्त्रीषु नित्यं वृषायते॥
तेजोवर्णबलोपेतो दीप्ताग्निर्नित्यहर्षितः। प्रमेहमूत्रकृच्छ्राश्चशुक्रदोषाष्टकं तथा॥
वलिं वै पलितं चैव सद्यो नाशयति ध्रुवम्। अनेनाति जरो जीवेद्युवेव परिहृष्यति॥
प्रमदाभिर्नतृप्येत गच्छन्नपि मुहुर्मुहुः। रक्तस्रावं च पित्तं च रक्तातिसारमेव च॥
वातपित्तकृतान् रोगानन्यानपि निवारयेत्। मासत्रयप्रयोगेण क्षयरोगात्प्रमुच्यते॥
मासत्रय प्रयोगेण गच्छेच्च प्रमदा शतम्। माष षट्क प्रयोगेण स्याद्वराहोपमो दृढः॥
नरोगैर्बाध्यते कैश्चिज्जरया नाभिभूयते। संवत्सरं तु कृत्वैवं पूर्यन्ते सप्तधातवः॥
महाबलो महोत्साहो दृढकायो दृढेन्द्रियः। न तृप्यते च योषिद्भिर्भक्ष्यभोज्यादिभिस्तथा॥

विदारीकन्द (विदारी), अमला, जेठीमधु, गोखुर, भुइँकुभिण्डो, बोक्रा नभएको माष, तिल, जौ, गहुँको पिठो, गुनाभाका र कुभिण्डोका गेडा, मुसलीकन्द, मार्शि चामलको पिठो, राजिगन्धा (?), चन्दन, चिरौंजी र भलायोको गेडा, दाख, मिश्री, वंशलोचन, धूपी र कपूर बराबर मात्रामा लिनू वा मिसाएर धुलो बनाउनू। यो धूलोमा त्यति नै मिश्री मिसाउँदै दिनहुँ खानु। मह मिसाउने हो भने दुई वा चार तोलासम्म खानु। अनुपानमा शीतल पानी वा दूध वा मासुको रस वा मदिरा वा उखुको रस पिउनू। यो बिहान बेलुकी नै खानू। यसो गर्नाले पुरुष पूर्णरूपमा शुक्र वृद्धि भई धातुवान् हुन्छ। वीर्यशाली र बलियो हुन्छ अनि दिनहुँ स्त्रीका साथमा ग्राम्यधर्ममा संलग्न हुन सक्दछ। यसले तेज, वर्ण र बल बढाउँदछ। पाचकाग्नि बाल्दछ। मन प्रसन्न हुन्छ। प्रमेह, मूत्रकृच्छ्र, शुक्रसम्बन्धी आठ प्रकारका

दोष, छाला चाउरी पर्नै र कपाल फुल्ने जस्ता समस्या तुरुन्त नाश गर्दछ । यसले बुढो भएपनि मानिसलाई जवानसरह आनन्दित बनाउँदछ । पटकपटकको ग्राम्यधर्मबाट पनि सन्तुष्ट हुँदैन । रक्तस्राव, पित्तविकार, रगतमासी (रक्तातिसार) तथा वात र पित्तका अन्य रोगहरू पनि ठिक गर्दछ । तीन महिनासम्म यो ओखती लगातार प्रयोग गर्नाले क्षयरोग निको हुन्छ । तीन महिनासम्म प्रयोग गर्नाले सय वटी स्त्रीका साथ रमण गर्न सक्दछ । छ महिना प्रयोग गरे बँदेल जस्तै बलियो हुन्छ । न कुनै रोग लाग्दछ न त बुढ्यौलीले नै सताउँदछ । एक वर्षसम्म यो ओखती खाए सात वटै धातु परिपूर्ण हुन्छन् । यसको प्रयोगले महा बलशाली, महा उत्साही, बलियो शरीर र बलिया इन्द्रियको भई ग्राम्यधर्मबाट तथा खानपिनबाट नअघाउने बन्दछ ।

(ग) कामसूत्र, वात्स्यायन :

तथा विदार्याः क्षीरिकायाः स्वयंगुप्तायाश्च क्षीरेण पानम् ।

बिरालेलहरोको गानु, वंशलोचन र काउसोको बीज : यी ओखतीको धूलो दूधसँग पिउनाले बल र वीर्य बढ्दछ ।

विदारी स्वयंगुप्ता शर्करा मधुसर्पिभ्यां गोधूमचूर्णेन पोलिकां कृत्वा यावदर्थं भक्षित्वानन्ताः स्त्रियो गच्छतीत्याचार्या प्रचक्षते ।

बिरालेलहरोको गानु र काउसोको बीजको धूलोमा गहुँको पिठो, मह र मिश्री मिसाएर घिउमा पुरी पकाउनू । यो पुरी दिनहुँ खाने गर्नाले पुरुषमा यति धेरै बल र वीर्य बढ्दछ कि उ अनन्त स्त्रीहरूसँग समेत सहवास गर्न सक्दछ भनी आचार्यहरूले बताएका छन् ।

वाजीकरणमा शरमूलादि योग

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

शरेक्षुकुशकाशानां विदार्या वीरणस्य च॥ मूलानि कण्टकार्याश्च जीवकर्षभकौ बलाम् ।
मेदे द्वे द्वे च काकोल्यौ शूर्प(सूप्य)पर्ण्यौ शतावरीम्॥ अश्वगन्धामतिबलां आत्मगुप्तां पुनर्नवाम् ।
वीरां पयस्यां जीवन्तीम् ऋद्धिं रास्नां त्रिकण्टकम्॥
मधुकं शालिपर्णीं च भागांस्त्रिपलिकान् पृथक् । माषाणामाढकं चैतद् द्विद्रोणे साधयेदपाम्॥
रसेनाढकशेषेण पचेत्तेन घृताढकम् । दत्त्वा विदारीधात्रीक्षुरसानामाढकाढकम्॥
घृताच्चर्तुगुणं क्षीरं पेष्याणीमानि चाऽऽवपेत् ।
वीरां स्वगुप्तां काकोल्यौ यष्टीं फल्गूनि(द्वि)पिप्पलीन्॥
द्राक्षां विदारीं खर्जूरं मधुकानि शतावरीम् । तत्सिद्धपूतं चूर्णस्य पृथक् प्रस्थेन योजयेत्॥
शर्करायास्तुगायाश्च पिप्पल्याः कुडवेन च । मरिचस्य प्रकुञ्चेन पृथगर्धपलोन्मितैः॥
त्वगेलाकेसरैः श्लक्ष्णैः क्षौद्रद्विकुडवेन च । पलमात्रं ततः खादेत् प्रत्यहं रसदुग्धभुक्॥
तेनाऽऽरोहति वाजीव कुलिङ्गैव हृष्यति ।

मुज, उखु, कुश, काँश र खसखसको जरा; विदारीकन्द, कण्टकारीको जरा, जीवक, ऋषभक, बलुको जरा, मेदा, महामेदा, काकोली र क्षीरकाकोली, बनमास, बनमुगी, कुरिलो अश्वगन्धा, अतिबलाको जरा, काउसोको गेडा, पुनर्नवा, ठूलो कुरिलो, क्षीरविदारी, जीवन्ती, ऋद्धि, फ्याक्सेकन्द, गोखुर, जेठीमधु र बनगहत : यी तीन-तीन पल तथा मास एक आढक लिई दुई द्रोण पानीमा पकाउनू । एक आढक जल बाँकी भएपछि झिकेर छान्नू । यो काँढामा एक आढक घिउ र विदारीकन्दको रस, अमलाको रस र उखुको रस एक-एक आढक मिसाएर त्यसमा चार आढक दूध हाल्नू । अनि कुरिलो, काउसोका गेडा, काकोली, क्षीरकाकोली, जेठीमधु, खस्रेतो, पिप्ला, दाख, विदारीकन्द, खजुर, महुवाको फूल र कुरिलोको धुलो एक प्रस्थ मिसाई पकाउनू । एक चौथाई रस बाँकी भएपछि झिकेर छानी खुँदो र वंशलोचन एक-एक प्रस्थ, पिप्लाको धुलो एक कुडव (चार पल), मरिचको धुलो एक पल, दालचिनी, अलैँची र नागकेसरको धुलो दुई- दुई कर्ष र मह दुई कुडव मिसाउनू । यसरी तयार पारिएको ओखती हरेक दिन एक एक पल खानू । दूध वा मासुको रससँग भोजन गर्नू । यसको सेवन गर्नाले मैथुन शक्ति बढ्दछ र घोडा वा भँगेरा जसरी पटकपटक मैथुनमा सहभागी हुन सक्दछ । (यसलाई शरमूलादि योग भनिन्छ) ।

सिँगडाको प्रयोग

(क) **कामसूत्र, वात्स्यायन :**

श्रृङ्गाटककसेरुकामधूलिकानि क्षीरकाकोल्या सह पिष्टानि सशर्करेण पयसा घृतेन मन्दाग्निनोत्करिकां पक्त्वा यावदर्थं भक्षित्वानन्ताः स्त्रियो गच्छतीत्याचार्याः प्रचक्षते ।

सिँगडा, कसेरु र महुवाको फूललाई क्षीरकाकोलीको कन्दसँग पिसी मिश्री मिसाइएको दूधसँग मिसाई घिउमा सानो आगो बालेर बलुवा पकाउनू । यो हलुवा दिनहुँ खाने गर्नाले बलवीर्य यति बढ्दछ कि पुरुष अनन्त स्त्रीसँग रमण गर्न सक्ने बन्दछ भनेर आचार्यहरूले बताएका छन् ।

वाजीकरणमा सिमलको प्रयोग

(क) भैषज्य रत्नावली :

वृद्धशाल्मलिमूलस्य रसं शर्करया समम् । प्रयोगादस्य सप्ताहाज्जायते रेतसोऽम्बुधिः ॥

पुरानो वा धेरै वर्षको सिमलको जराको रसमा चिनी मिसाएर एक हप्ता खानू पुरुषको शरीरमा पानी बढेजसरी वीर्य बढ्दछ ।

लघुशाल्मलिमूलेन तालमूलीं सुचूर्णिताम् । सर्पिषा पयसा पीत रतौ चटकवद्भेत् ॥

सानो जातको सिमलको जराको धूलो र मुसलीकन्द बराबर मिसाई पिसेर गाईको घिउ र दूधसँग पिउने गर्नाले पुरुषको शरीरमा भँगेराको जस्तो यौनक्षमता बढ्दछ ।

वाजीकरणमा सुनामखी आदिको प्रयोग

(क) अर्कप्रकाश :

स्वर्णमाक्षिकलोहं च पारदञ्च शिलाजतु । पथ्याविडङ्गधत्तूरविजयाजातिपत्रिका ॥
अश्वगन्धा गोक्षुराणामकैर्भाव्यं पृथक् पृथक् । सप्तघस्रं तु वल्लैकं माध्वाजाभ्यां लिहेत्ततः ॥

सुनामखी (उपधातु विशेषको भस्म), फलाम (भस्म), पारो (भस्म), शिलाजित, हर्रो, कालीकाठ, धतुरो, गाँजा र जाइफललाई बेग्लाबेग्लै अश्वगन्धा र गोखरुको रसमा भिजाउनू । त्यसपछि यसको धुलोलाई घिउ र महसँग मिसाएर सात दिनसम्म खानू । यो बाजीकरण (वीर्य वा पुरुषत्व बढाउने) ओखती हो ।

(ख) भावप्रकाश संहिता :

माक्षीकधातुमधुपारदलोहचूर्णं पथ्याशिलाजतुविडङ्गघृतानि लिह्यात् ।
एकाग्रविंशतिदिनानि गदार्दितोऽपि साशीतिकोऽपि रमयेत्प्रमदां युवेव ॥

सुनामखी, मह, पारो, फलामको धूलो, हर्रो, सिलाजित, वायुविडङ्ग र घिउ : यी सबै कुरा मिसाएर एक्काईस दिनसम्म चाट्ने गरेमा रोगी वा अस्सी वर्षको बूढो भएपनि जवान जस्तै भएर स्त्रीसँग रमण गर्न सक्दछ ।

स्त्रीरतिवल्लभपूगपाकः

(क) भावप्रकाश संहिता :

पूगं दक्षिणदेशजं दशपलोन्मानं भृशं कर्तयेत्-
तत्स्विन्नं जलयोगतो मृदुतरं सङ्कुटय चूर्णीकृतम् ।
तच्चूर्णं पटशोधितं वसुगुणे गोशुद्धदुग्धे पचेद्
गव्याज्याञ्जलिसंयुतेऽतिनिबिडे दद्यात्तुलार्द्धं सिताम् ॥
पक्वं तज्ज्वलनात्क्षितिं प्रति नयेत्तस्मिन्पुनः प्रक्षिपेद्-
यद्यत्तत्तदुदाहरामि बहुला दृष्ट्वाऽऽदरात्संहिताः ।
एला नागबला बला सचपला जातीफला लिङ्गिका
जातीपत्रसुपत्रपत्रकयुतं तच्च त्वचा संयुतम् ॥
विश्वावीरणवारिवारिदवरा वांशी वरी वानरी
द्राक्षा सेक्षुरगोक्षुराश्च महती खर्जूरिका क्षीरिका ।
धान्याकं सकशेरुकं समधुकं शृङ्गाटकं जीरकं
पृथ्वीकाऽथ यवानिका वराटिका मांसी मिसी मेथिका ॥
कन्देष्वत्र विदारिकाऽथ मुशली गन्धर्वगन्धा तथा
कर्चूरं करिकेशरं समरिचं चारस्य बीजं नवम् ।
बीजं शाल्मलिसम्भवं करिकणाबीजञ्च राजीवजं
श्वेतं चन्दनमत्र रक्तमपि च श्रीसंज्ञपुष्पैः समम् ॥
सर्वञ्चेति पृथक्पृथक् पलमितं सञ्चूर्ण्य तत्र क्षिपेत्
सूतं बङ्गभुजङ्गलोहगगनं सम्मारितं स्वेच्छया ।
कस्तूरीघनसारचूर्णमपि च प्राप्तं यथा प्रक्षिपेत्
पश्चादस्य तु मोदकान्विरचयेद् बिल्वप्रमाणानथ ॥
तान्भुक्त्वाऽति सदा यथाऽनलबलं भुञ्जीत नाम्लं रसं
पूर्वस्मिन्नशिते गते परिणतिं प्राग्भोजनाद्भक्षयेत् ।
नित्यं स्त्रीरतिवल्लभाख्यकमिमं पूगस्य पाकं भजेत्त्
स स्याद्वीर्यविवृद्धिवृद्धमदनो वाजीव शक्तो रतौ ॥
दीप्ताग्निर्बलवान्वलीविरहितो हृष्टः स पुष्टः सदा
वृद्धो योऽपि युवेव सोऽपि रुचिरः पूर्णेन्दुवत्सुन्दरः ॥

(बहुगुणेऽष्टगुणे । अञ्जलिरर्द्धशरावः । तुलार्द्धं पञ्चाशत्पलानि । यतः-"द्विपञ्चाशत्पलानाम-भिदधति तुलां संहिताः सुश्रुताद्याः" । नागबला (गुलशकरी) । बला (वरिआरा) तस्याः मूलम् । जातीपत्रकं "जाइपत्री" इति लोके । विश्वा "शुण्ठी" इति लोके । वीरणमुशीरं ग्राह्यम् । वारि "सुगन्धवाला" इति लोके । वारिदः मुस्तकः । वरा-त्रिफला । वांशी- वंशलोचना । वरी-शतावरी । वानरी-कपिकच्छुः । इक्षुरः-कोकिलाक्षस्तस्य बीजं ग्राह्यम् । गोक्षुरस्य च बीजम् । महती-महाखर्जूरीका । क्षीरिका-क्षीरी । पृथ्वीका-"कलौंजी" इति लोके । वराटिका "शालूक मेषां कन्दः स्याद्वीजकोशाो वराटिका" । मांसी-जटामांसी । मिसिः-शतपुष्पा ।

गन्धर्वगन्धा-अश्वगन्धा तस्य मूलम् । श्रीसंज्ञम्-लवङ्ग । घनसारः-कपूरः । बिल्वप्रमाणान्-पलप्रमाणान् ।) ।

चालीस तोला दक्षिण देशको उत्तम सुपारी लिई त्यसलाई राम्ररी कोरेर वा काटेर टुक्रा पार्नू । यो टुक्रालाई पानीमा भिजाउनू । जब भिजेर नरम हुन्छ तब पिसी राम्ररी धूलो बनाउनू । यो धूलो कपडाले छान्नू । यो छानिएको धूलोको आठ गुना गाईको शुद्ध दूध, १६ तोला गाईको घिउमा हालेर पकाउनू । बाक्लो हुन थालेपछि त्यसमा २०० तोला मिश्रीको धूलो मिसाउनू । राम्ररी पाकेपछि झिक्नू । त्यसपछि यसमा अलैंची, नागबलु, बलु, पिप्ला, जाइफल, ल्वाङ, जाइपत्री, तेजपात, तालीसपत्र, दालचिनी, उशीर, सुठो, सुगन्धवाल, नागरमोथे, हर्रो, बर्रो, अमला, वंशलोचन, कुरिलो, काउसाका बीज, दाख, तालमखाना, ओदानेकाँडोका बीज, ठूलो जातको छोकडा, तवाखीर ?, धनियाँ, कसेरु, सिँगडा, जेठीमधु, जीरा, कालो जीरा, जङ्गली ज्वानु, कमलको गानुको गुदी, बोझो ?, सुप, मेथी, बिराललहरोको गानु, कालो मुसलीकन्द, अश्वगन्धाको जरा, कचूर, नागकेशर, मरिच, ताजा चिरौंजी, सीमलका बीज, गजपिप्ला, कमलको गानु, सेतोचन्दन, रातोचन्दन र ल्वाङ्गको धूलो चार चार तोला हाल्नू । यसैगरी प्रशोधित पारोभस्म, राङभस्म, सीसाभस्म, लोहभस्म र प्रशोधित अभ्रखभस्म हाल्नू । पाइएमा कस्तूरी र भीमसेनी कपूर पनि हाल्नू । यसपछि फिटेर चार चार तोलाका डल्ला बनाउनू । यो डल्लो आफ्नो पाचनशक्ति हेरी आनन्दले खाने गर्नू । पहिला खाएको खानपिन तब खाना खानुभन्दा अघि यो ओखती खाने गर्नू । यो ओखती खाँदा अमिलो खानु हुँदैन । यो स्त्रीरतिबल्लभ नामको सुपारीपाक हरेक दिन खाने गर्नाले वीर्य बढी कामशक्ति बढ्दछ । मानिस सहवासमा घोडाजस्तै बलियो हुन्छ । पाचनशक्ति बल्दछ, बल बढ्दछ । छाला चाउरी पर्दैन पुष्ट हुन्छ । वृद्ध पुरुष पनि यसको सेवन गर्नाले जवानजस्तै बलियो र पूर्णिमाको चन्द्रमाजस्तै सुन्दर हुन्छ ।

वाजीकरणका अन्य उपाय

(क) **अष्टाङ्ग सङ्ग्रह :**

इष्टाह्येकैकशोप्यर्था हर्षप्रीतिकराः परम् । किं पुनः स्त्रीशरीरे ये सङ्घातेन प्रतिष्ठिताः ॥

इन्द्रियका विषयहरू हरेकले बेग्लाबेग्ले किसिमको सुख र आनन्द दिने गर्दछन् । जब यी सबै थरी विषय सुख महिलाको शरीरबाट एकैपटक प्राप्त हुन्छन्, त्यसबेला आनन्द र सुखको कुनै सीमा नै हुँदैन ।

रुचिभेदेन लोकस्य दैवयोगाच्च योषिताम् । तं तं प्राप्य विवर्द्धन्ते नरं रूपादयो गुणाः ॥

अनेक प्रकारको रुचि भएपनि ईश्वरको कृपाले गर्दा समान गुणको पुरुषसँगको मेलपछि संसारभरका महिलाहरूको सौन्दर्य र गुण अझ बढ्ने गर्दछ ।

तस्माद्या यस्य हृदयं विशतीव वराङ्गना । तुल्यस्वभावा या हारिमृजारूपगुणान्विता ॥
पाशभूतैर्वहन्त्यङ्गैर्लावण्यमिव मूर्तिमत् । आलपन्त्यमृतेनेव या गात्राणि निषिञ्चति ॥
पिबन्तीव च पश्यन्ती स्पृशन्ती लिम्पतीव या । नित्यमुत्सवभूता या या समानमनःशया ॥
नयत्युत्सुकतां चेतो नित्यं सन्निहितापि या । यया वियुक्तो निःस्त्रीकमरतिर्मन्यते जगत् ॥
प्रगल्भा रतिसङ्ग्रामे स्वस्था लज्जामयी च या । बहुशोपि च यां गत्वा तत्पूर्वमिव गच्छति ॥
चरितैर्निर्विकारा या विकारैरिव निर्मिता । कान्तानुवृत्तिपरमा सा स्त्री वृष्यतमा मता ॥

त्यस्ता पत्नी जसको चरित्र र आचरण (गुण) पतिको जस्तै हुन्छ, जसको रुचि माला, स्नान, वस्त्र, श्रृङ्गारपटार पतिको अनुकूल छ; जसको शरीरका अङ्गहरूले डोरीले तानिए जसरी पतिको ध्यानलाई आकर्षित गर्दछ, जो साक्षात् सुन्दरताकी प्रतिमूर्ति हुन्छे, जसको रूपबाट अमृत नै बर्सिरहेको जस्तो देखिन्छ, जसको स्पर्शले पतिलाई परम आनन्द दिन्छ, जसले पतिको मनलाई सधैँ प्रसन्न पार्दछे, जो पतिसँग समान किसिमले सहवासको चाहना गर्दछे, जो पतिको सामिप्यता रुचाउँदछे, जोसँग बिछोड हुँदा पुरुषले सम्पूर्ण संसारलाई नै स्त्री नभएको र उराठ लाग्दो महशूष गर्दछ त्यस्ता स्त्रीले पुरुष (पति) लाई हरदम मोहित पार्दछे । त्यस्ती स्त्री जो सहवास-विधिमा पोख्त छिन्, सहवास कालमा जसको व्यवहार सामान्य हुन्छ, जो सहवास सकिएपछि लजाउने गर्दछे, उसँग पटक पटक सहवासमा संलग्न हुने पतिले पनि नयाँ सहवास-आनन्द प्राप्त गर्दछ । हरदम शान्त भएर पनि सहवासकालमा मनलाई अशान्त बनाउने यस्ती सबै गुणहरू भएकी महिलालाई अति नै कामवासना बढाउने पत्नी भनिन्छ ।

अभ्यङ्गनोद्वर्तनसेकगन्धस्रक्चित्रवस्त्राभरणप्रकाराः ।
सुगन्धिपुष्पोत्करेणुकीर्णा मृदुर्मनोज्ञा विपुला च शय्या ॥
प्राज्ञाः कलाज्ञा वशगा विनीताः प्रियंवदाः प्रीतिकरा वयस्याः ।
विस्रम्भसत्वप्रकृतिक्रियैक्याच्छरीरमात्रेण पृथक्त्वभूताः ॥
कान्ता वनान्ताः परपुष्टघुष्टा रम्याः स्रवन्त्यः सततं स्रवन्त्यः ।

मद्यं मदामोदकरं विशेषाध्दृद्या प्रसन्ना सुरांभः प्रसन्ना ॥
शकाङ्गनागण्डतलाभिपाण्डुताम्बुलपत्रं परिवारशोभि ।
प्रसाधनं स्त्रीमुखपङ्कजानां यदायुधं मूर्तमिवात्मजस्य ॥

तेलको स्नान, मालिस, तातो पानीले गरिने स्नान, सुगन्धित पदार्थको लेपन, अत्तर, माला, माला अनुसार मिल्ने खालका पोशाक, गहना; नरम, मनमोहक, फराकिलो, मिठो बास्ना आउने फूलका पत्तिहरू छरिएको ओछ्यान; बुद्धिमान्, कलाका पारखी, बफादार, आज्ञाकारी, स्वतन्त्र र मायालु लुकाउनु पर्ने लुकाउन सिपालु मित्र वा साथीहरू आत्मविश्वास, मन, स्वभाव र चालचलन एउटै शरीर मात्र बेग्लै भएकी पत्नी, कोइलीको मधुर आवाज र हरदम टन्न पानी बगिरहने नदी भएको जङ्गलको बाहिरी भाग, प्रसन्ना आदिजस्ता छानिएका र सुगन्धित बनाइएका आयुर्वेदीक मदिरा, शक जातका महिलाहरूको गालाजस्तै सेतो-पहेँलो देखिने पानका पात, तथा महिलाहरूले मुखमा हालेर सजाउन मिल्ने काजु, बदाम, पेस्ता, कागती अन्य कुराहरू : यी सबै कामदेवका हतियारहरू हुन् ।

हिमाचलोद्धूनितदुग्धसिन्धुसमुद्भवत्फेनचयावदातम् ।
सौधं सुधाशुभ्रतराः कराश्च चन्द्रस्य कुर्वन्ति परं वृषत्वम् ॥

नदीको फिँजजस्तो अथवा हिमालयबाट हिउँ पग्लेर बगेका दूधजस्ता सेता नदीकाजस्तै सेतो वा सेतो-पहेँलो मिसिएको चूनले पोतिएका सेता घर तथा स्वच्छ र सफा चन्द्रकिरणले पनि मानिसलाई अति नै वीर्यशाली बनाउँदछ ।

बन्धेन पूर्वोपहितेन पुंसः खिन्नस्य वृत्तिः करणान्तरेण ।
संवाहनं स्पर्शसुखैः करैश्च करोत्यपूर्वामिव मन्मथेच्छाम् ॥

पत्नीका कोमल हातको कसिलो अँगालोले र अन्य रतिकेलिले थाकेको पुरुषले पनि पहिले जस्तै योन चाहना पुनः प्राप्त गर्दछ ।

प्रायोगिकाधिकरणोदिताचित्रचेष्टासंशीलनोद्भवदनल्परसार्द्रचित्तः ।
वृष्योपयोगपरिबृंहितदेहधातुर्नारीमनांसि वशमानयति प्रसह्य ॥

वात्स्यायनले लेखेको कामसूत्र अन्तर्गत प्रायोगिकखण्डमा बताइएका विभिन्न रतिकलामा लागी सन्तुष्ट हुने तथा वाजीकरणको नित्य प्रयोग गर्ने पतिले आफ्ना शरीरका धातुहरूलाई नित्य पोषण गर्दै पत्नीलाई मोहित पारी वशमा राख्न सक्दछ ।

तस्मान्नित्यं स्त्रीषु वाञ्छन् प्रियत्वं वृष्यैर्योगैर्जातकामोऽपि कामी ।
सत्वं सात्म्यं देशकालौ च बुध्वा चातुष्षष्टे चेष्टिते व्याप्रियेत ॥

त्यसकारण हरेक दिन पत्नीको माया पाउन र आनन्द लिन चाहने पतिले वाजीकरणको प्रयोग गर्दै पत्नीको मन, आदत, भूगोल र ऋतु समेत विचार गरी वात्स्यायनले कामसूत्रमा बताएका ६४ वटा रतिआसनको प्रयोग गर्नू ।

वलयस्वनसङ्कुलमुष्टिरवद्विगुणीकृतमेखलिकानिनदः ।
चलनूपुरशब्दयुतोऽपि मुहुः शममावहते न रतातिशयः॥

पत्नीका पाखुरामा भएका चुराहरू, हल्लिएर दुई गुना आवाज निकाल्ने छातीमा भएको हार अनि, हल्लिएर पटकपटक मिठो आवाज निकाल्ने नूपुरले पनि सहवासको जति आनन्द प्रदान गर्दैनन् । (अर्थात् यी कुराले पनि आनन्द भने दिन्छन्) ।

(ख) **चक्रदत्त :**

यत्किञ्चिन्मधुरं स्निग्धं जीवनं बृंहणं गुरु । हर्षणं मनसश्चैव सर्वं तद्वृष्यमुच्यते॥

जतिपनि पदार्थ गुलिया, चिल्ला, जीवनदायक, पौष्टिक र ढिला पच्ने तथा मनलाई खुशी पार्ने खालका हुन्छन् ती सबै पदार्थ "वृष्य" हुन्छन् ।

(ग) **चरक संहिता :**

वयोरूपवचोहावैर्या यस्य परमाङ्गना । प्रविशत्याशु हृदयं दैवाद्वा कर्मणोऽपि वा॥
हृदयोत्सवरूपा या या समानमनःशया । समानसत्त्वा या वश्या या यस्य प्रीयते प्रियैः॥
या पाशभूता सर्वेषामिन्द्रियाणां परैर्गुणैः । यया वियुक्तो निःस्त्रीकमरतिर्मन्यते जगत्॥
यस्या ऋते शरीरं ना धत्ते शून्यमिवेन्द्रियः । शोकोद्वेगारतिभयैर्यां दृष्ट्वा नाभिभूयते॥
याति यां प्राप्य विस्रम्भं दृष्ट्वा हृष्यत्यतीव याम् । अपूर्वामिव यां याति नित्यं हर्षातिवेगतः॥
गत्वा गत्वाऽपि बहुशो यां तृप्तिं नैव गच्छति । सा स्त्री वृष्यतमा तस्य नानाभावा हि मानवाः॥

जुन् उत्कृष्ट स्त्री उमेर, रूप, बोली र हाउभाउद्वारा वा दैवयोग वा अरु कुनै कर्मका कारणले जुन पुरुषका मनमा चाँडै प्रवेश गर्दछे; जुन् स्त्रीले मनमा आनन्द सञ्चार गर्दछे, जुन स्त्रीको कामेच्छा पुरुषको समान हुन्छ, जसको मन र पुरुषको मन समान हुन्छ, जुन स्त्री पुरुषका अधीनमा रहन्छे, जुन् स्त्री पुरुषलाई मनपर्ने कुरा मन पराउँदछे, जुन स्त्री सबै इन्द्रियका उत्कृष्ट गुणले पुरुषको मनलाई आफूतिर डोरीले तानेझैं आफूतिर तान्दछे, जसको वियोगमा पुरुष केही कुरामा पनि मन नलगाउने बनी संसारलाई नै स्त्रीहीन मान्न थाल्दछ, जुन स्त्री नहुँदा पुरुष आफ्नो शरीरका इन्द्रियहरू शून्य भएको ठान्दछ; जुन स्त्रीलाई देखेर पुरुष शोक, उद्वेग, अरति, भय आदिका वशमा पर्दैन वा भुल्दछ; जसलाई पाएपछि पुरुष विश्वास गर्दछ, जुन स्त्रीलाई देखेर पुरुष अति खुशी हुन्छ, जुन् स्त्रीलाई पाएपछि पुरुष उत्तेजित भएर हरेक पटक पहिलो चोटी भोग गरेजसरी दिनहुँ भोग गर्न सक्षम हुन्छ, जसलाई पटक पटक भोग गर्दापनि पुरुष तृप्त हुँदैन, त्यस्ती त्यो पुरुषका लागि वृष्यतमा हुन्छे । पुरुषको अनेक थरी स्वभाव हुन्छ । कसैलाई कुन त कसैलाई कुन विषय प्यारो हुन्छ । यसकारण कुनै पुरुषलाई एकथरी त कुनै पुरुषलाई अर्कोथरी स्त्री मनपर्ने गर्दछ । प्रियाको प्राप्तिमा नै स्त्रीमा रहेका अनेकथरी भावको प्राप्ति हुन्छ, नत्र हुँदैन ।

कृतैककृत्याः सिद्धार्था ये चान्योऽन्यानुवर्तिनः । कलासु कुशलास्तुल्याः सत्त्वेन वयसा च ये॥

कुलमाहात्म्यदाक्षिण्यशीलशौचसमन्विताः । ये कामानित्या ये हृष्टा ये विशोका गतव्यथाः ॥
ये तुल्यशीला ये भक्ता ये प्रिया ये प्रियंवदाः । तैर्नरः सह विश्रब्धः सुवयस्यैर्वृषायते ॥

एउटै कर्म गर्ने, जसको प्रयोजन एकअर्कोसँग मिसिएर सिद्ध हुने गर्दछ, जो परस्पर एकअर्को अनुसार कार्य गर्दछ, गाउन बजाउन आदि कलामा कुशल, मन र उमेर समान भएका, उच्च कुलमा जन्मिएका, एकअर्काप्रति उदार, शील र पवित्रताले युक्त, हरेक दिन कामुक हुने, सधैं प्रसन्न रहने, शोक नगर्ने, कुनै किसिमको दुःख नभएका, उस्तै स्वभावका, एकअर्कोलाई चाहने, प्रिय र मिठो बोल्ने : यस्ता विश्वासिला मित्रसँग बस्दै गर्दा मानिस वीर्य र पुरुषत्वले सम्पन्न हुन्छ ।

अभ्यङ्गोत्सादनस्नानगन्धमाल्यविभूषणैः । गृहशय्यासनसुखैर्वासोभिरहतैः प्रियैः ॥
विहङ्गानां रुतैरिष्टैः स्त्रीणां चाभरणस्वनैः । संवाहनैर्वरस्त्रीणामिष्टानां च वृषायते ॥

मालिस, बुकुवा, स्नान, चन्दन आदि सुगन्ध, माला, गहना, सुखदायक घर, सुखदायक ओछ्यान, सुखदायक आसन, मनपर्ने र नयाँ लुगा, चराहरूको मिठो आवाज, स्त्रीहरूले लगाएका गहनाको आवाज र स्त्रीहरूले गर्ने शरीर मालिस आदिले पुरुषमा पुरुषत्व उत्पन्न हुने गर्दछ ।

मत्तद्विरेफाचरिताः सपद्माः सलिलाशयाः । जात्युत्पलसुगन्धीनि शीतगर्भगृहाणि च ॥
नद्यः फेनोत्तरीयाश्च गिरयो नीलसानवः । उन्नतिर्नीलमेघानां, रम्यचन्द्रोदया निशाः ॥
वायवः सुखसंस्पर्शाः कुमुदाकरगन्धिनः । रतिभोगक्षमा रात्र्यः सङ्कोचागुरुवल्लभाः ॥
सुखाः सहायाः परपुष्टघुष्टाः फुल्ला वनान्ता विशदान्नपानाः ।
गान्धर्वशब्दाश्च सुगन्धयोगाः सत्त्वं विशालं निरुपद्रवं च ॥
सिद्धार्थता चाभिनवश्च कामः स्त्री चायुधं सर्वमिहात्मजस्य ।
वयो नवं जातमदश्च कालो हर्षस्य योनिः परमा नराणाम् ॥

मदले उन्मत्त भमराहरूको आवाज गुञ्जिरहने कमल भएको जलाशय, चमेली र कमलका सुगन्धले सुगन्धित भइरहने शीतलगृह र गर्भगृह, पानीको धार वा छाल जुधेर फिँज निस्किरहने नदी, हरिया रूखविरुवाले भरिएको पर्वत, निलो रङको बादल उठिरहेको आकाश, जुन लागेको सुन्दर रात, रातमा फुल्ने कमलको समूहको बास्ना बोकेर बहिरहेको सुखदायक वायु, सहवासका लागि योग्य रातहरू, कुङ्कुम केशर र अगर दलेका अति प्रिय स्त्रीहरू, सुखप्रद सहायक, कोइलिको आवाज गुञ्जिरहने उपपन वा बगैंचा, स्वच्छ सफा र मनमोहक खानपिन, गायन र वाद्यवादन, सुगन्धित पदार्थ, शोक लोभ आदि उपद्रव नभएको मन, उद्देश्यको सफलता, नयाँ नयाँ चाहना र अनुकूलकी स्त्री : यी कामदेवका हतियार हुन् । भर्खरको जवानी तथा शरीरमा मद उत्पन्न गराउने वसन्त आदि ऋतु,ले मानिसमा हर्ष (सहवासको भावना) उत्पन्न गर्दछ ।

(घ) **भैषज्य रत्नावली :**

भोजनानि विचित्राणि पानानि विविधानि च । गीतं श्रोत्राभिरामाश्च वाचः स्पर्शसुखास्तथा ॥
कामिनी सान्द्रतिलका कामिनी नवयौवना । गीतं श्रोत्रमनाज्ञं च ताम्बूलं मदिराः स्रजः ॥
गन्धा मनोज्ञरूपाणि चित्राण्युपवनानि च । मनसश्चाप्रतीघातो वाजीकुर्वन्ति मानवम् ॥

तृप्तिदायक र बलदायक अनेक प्रकारका खानपिन, कर्णप्रिय गीत, स्त्रीका मिठा वचन, स्त्रीको सुखदायक स्पर्श, तिलक लगाउने नवजवान, स्त्रीसँगको मैथुन, मनोहर र कर्णप्रिय गायन, पान चपाई, मदिरा पान, सुगन्धी माला लगाउने कार्य, मनोरम र तालतालका फूल फुलिरहेको बगैँचाको भ्रमण तथा मनको खेद नाशगर्ने खालका साधन : यी सबै कुरा मानिसको वाजीकरणका लागि प्रयोग गर्नुपर्दछ ।

वीर्यस्तम्भन

(क) **अर्कप्रकाश :**

स्वच्छवल्कं वबूलस्य निम्बूरस विभावितम् ।
श्यामं (सायं) वेदाङ्गुलं दुग्धै क्षाल्यं दुग्धं पिबेत्ततः ॥ बीर्यस्तम्भो भवेल्लेपात्....।

बबुलको उत्तम खालको बोक्रा कागतीको रसमा भिजाउनू । त्यसपछि चार अमलको टुक्रा निकाली दूधमा डुबाएर पिउनू (अथवा चार अमलको कपडा त्यहाँ चोपी दूधमा निचोरेर खानू) यो खानाले ग्राम्यधर्ममा शीघ्रपतन हुँदैन ।

वब्बलर्क सलवणं पीत्वा तद्वेगरोधनात्॥

बबुलको अर्कमा नुन मिसाएर खाए ग्राम्यधर्ममा शीघ्रपतन हुँदैन । (रतजभस्मले वीर्यलाई चाँडै पतन हुनबाट रोक्दछ ।) ।

(ख) **आयुर्वेद महोदधि :**

कालिन्दीसुफलोदरे विनिहितं हेमं घनारोचनं कृष्णोन्मत्तकबीजतारसहितं शुक्लं शरापुङ्खजम् ।

ईषत्सूतक मिश्रितं वटिकृतं वक्त्राम्बुजे धारयेत्
शुक्रस्तम्भमिदं दधाति वनिता मोहाय पाशाङ्कुशः॥

कालिन्दी (रातो निशोथ), सुफला (केरा, ऐरेलु, खमारी, कुभिण्डो मध्ये के हो ?) को फल भित्र (गुदीमा) सुन, मोथे, वंशलोचन, कालो धतुराका गेडा, चाँदी, रातो साकिनु (शरापुङ्ख)को सेतो फूल, र थोरै पारो हाली मिसाएर गोली बनाई मुखमा लिइ रहनाले वीर्य झर्दैन (शुक्रस्तम्भ-शब्दको वास्तविक अर्थ धेरै दिनको ब्रह्मचर्य व्रतले गर्दा हुने नपुंसकता हो । तर, यहाँ सो अर्थ मिल्दैन) हुन्छ र स्त्रीलाई मोहित पार्ने अचुक डोरी (पाशाङ्कुश) हुन्छ । यसपछि कठोर र पुष्ट कुच भएकी एवं अनेक प्रकारका कामकला जान्ने पत्नीसँग उ ग्राम्यधर्ममा संलग्न हुन सक्दछ, वीर्यदान गर्दै रतिसुख प्राप्त गर्न सक्दछ । यस्ता पुरुषको जननेन्द्रिय सुदृढ र नयाँ हुन जान्छ ।

(ग) **चक्रदत्त :**

आजं तूष्ट्रीक्षीरं गव्यघृतं चरणयुगललेपेन ।
स्तम्भयति पुरुषबीजं योगोऽयं यामिनीं सकलाम्॥

बाख्रीको दूध, उँटको दूध र गाईको घिउ मिसाएर गोडामा दली सहवासमा संलग्न हुँदा रातभर वीर्यपतन हुँदैन ।

(घ) **चक्रदत्त, भैषज्य रत्नावलीः**

नीलोत्पलसितपङ्कजकेशरमधुशर्करावलिप्तेन । सुरते सुचिरं रमते दृढलिङ्गो नाभिविवरेण ॥

नीलकमल, सेतो कमलको केसर, मह र मिश्री मिसाएर पिसी नाइटो माथि दलेर ग्राम्यधर्ममा संलग्न हुँदा लामो समयसम्म पनि वीर्यस्खलन हुँदैन । जननेन्द्रिय पनि अति बलियो हुन्छ ।

सिद्धं कुसुम्भतैलं भूमिलताचुर्णमिश्रितं कुरुते । चरणभ्यङ्गेन रतौ वीर्यस्तम्भाद्दृढं लिङ्गम् ॥

कुसुमका फूलको तेल र गँडेउला (भूमिलता, हिन्दी विश्वकोश) को धूलो मिसाएर तेल पकाउनू । यो तेल गोडामा दलेर ग्राम्यधर्ममा संलग्न हुँदा वीर्यस्तम्भन हुन्छ र जननेन्द्रियय पनि बलियो हुन्छ ।

गोरेकोन्नतश्रृङ्गंत्वगूभवचूर्णेन धुपितं वस्त्रम् । परिधाय भजति ललनां नैकाण्डो भवति हर्षार्त्तः ॥

गाईको सिङको माख्लो छाला निकालेर धूलो बनाई आगोमा डढाउनू । त्यसबाट निस्कने धुवाँमा सुँघाएर लगाइएको कपडाले आनन्दसँग ग्राम्यधर्ममा संलग्न हुनू । वीर्यस्तम्भन हुन्छ ।

(ङ) **चक्रदत्त, रस रत्नाकर :**

मेदसा क्षौद्रयुक्तेन वराहस्य प्रलेपितम् । सम्यग्लिङ्गं रतान्तेऽपि स्तब्धताञ्च न मुञ्चति ॥

बनेलको बोसो महमा मिसाएर लेप दल्नाले सहवासको अन्तमा पनि पुरुषको जननेन्द्रिय शान्त हुँदैन ।

सप्ताहं छागाण्डरसे स्थितं करभवारुणीमूलम् । गाढोद्वर्त्तनविधिना लिङ्गस्तम्भं तथा कुरुते ॥

इन्द्रेनी लहरोको जरालाई बोकाको राजखानीको रसमा मिसाएर एक हप्ता रहन दिई वुकुवा दले जसरी दल्नाले जननेन्द्रिय स्तम्भन हुन्छ ।

बीजं बृहत्करञ्जस्य कृतमन्तः स पारदम् । हेम्ना सुवेष्टितं नस्यं वदने बीजधृङ्मतम् ॥

ठूलो कुबेराक्षको फल भित्र पारोभस्म राखी सुनले बेरेर मुखमा लिनाले वीर्यस्तम्भन हुन्छ ।

(च) **चरक संहिता :**

तृप्तिं चटकमांसानां गत्वा योऽनुपिबेत् पयः । न तस्य लिङ्गशैथिल्यं स्यान्न शुक्रक्षयो निशि ॥

जो पुरुष भँगेराको मासु पेटभरी खाएर त्यसपछि दूध पिउँदछ, उसको जननेन्द्रिय शिथिल हुँदैन, रातभर वीर्यस्खलन हुँदैन, यो वीर्यस्तम्भक हुन्छ ।

आर्द्राणि मत्स्यमांसानि भृष्टाश्च शफरीश्च वा । तप्ते सर्पिषि यः खादेत्स गच्छत्स्त्रीषु न क्षयम् ॥

माछा (विशेषतः रोहित) को ताजा मासु अथवा शफरी माछा घिउमा भुटेर खानाले सहवासकालमा शुक्र (चाँडो) स्खलन हुँदैन ।

(छ) **भावप्रकाश संहिता, भैषज्य रत्नावली :**

आकारकरभः शुण्ठी लवङ्ग कुङ्कुमं कणा । जातीफलं जातिपुष्पं चन्दनं कार्षिकं पृथक् ॥
चूर्णयेदहिफेनं तु तत्र दद्यात्पलोन्मितम् । सर्वमेकीकृतं माषमात्रं क्षौद्रेण भक्षयेत् ॥
शुक्रस्तम्भकरं पुंसामिदमानन्दकारकम् । नारीणां प्रीतिजननं सेवेत निशि कामुकः ॥

अकरकरा (Spanish pellitory, Pellitory Root), सुठो, ल्वाङ, केशर, पिप्ला, जाइफल, चमेलीको फूल, र रक्तचन्दन : यी हरेक ओखती एक एक कर्ष (१२, १२ ग्राम) र अफिम एक पल (४८ ग्राम) लिनू । सबैलाई मिसाएर कुटी राम्ररी धूलो बनाउनू । कामुक पुरुषले यो धूलो हरेक रात एक एक मासा (एक एक ग्राम) महमा मिसाएर खानू । यो धूलो अति नै वीर्यस्तम्भन गर्ने तथा पुरुष र स्त्रीको प्रेम र आनन्द बढाउने गुणको हुन्छ ।

(ज) **भैषज्य रत्नावली :**

शूरणं तुलसीमूलं ताम्बूलैः सह पेषयेत् । न मुञ्चति नरो वीर्यमेकैकेन न संशयः ॥

ओल वा तुलसीको जराको धूलो पानको साधा पातमा हालेर खानाले ग्राम्यधर्ममा संलग्न हुँदा चाँडो वीर्यस्खलन हुँदैन ।

कृष्णमार्जार सव्याघ्रिसम्भवास्थि रतोद्यमे । दक्षिणे ध्रियते येन तस्य वीर्यस्य न च्युति ॥

कालो बिरालोको देब्रे गोडाको हाड दाहिने अङ्गमा धारण गरी ग्राम्यधर्ममा संलग्न हुँदा शीघ्रपतन हुँदैन ।

चटकाण्डं तु सङ्गृह्य नवनीतेन पेषयेत् । तेन लेपयतः पादौ शुक्रस्तम्भः प्रजायते ॥
यावन्न स्पशृते भूमिं तावद्वीर्यं न मुञ्चति ॥

भँगेराको फूल नौनीमा पिसेर दुवै गोडामा दल्नाले वीर्यस्तम्भन हुन्छ । ग्राम्यधर्ममा संलग्न हुने पुरुष जबसम्म जमिन छुँदैन तबसम्म उसको वीर्य स्खलन हुँदैन ।

उन्मुखगोश्रृङ्गोद्भवलेपो योगजध्वजभङ्गहरः॥

गाईको अग्लो सिङको धूलोको लेप दल्नाले योगध्वजभङ्ग नाश हुन्छ ।

(झ) **रसरत्न समुच्चय :**

शुद्धं गन्धं वाजिगन्धां च यष्टीं शैलेयं वा सूतभस्माऽजगन्धाम् ।
मध्वाज्याभ्यां शाल्मली सत्त्वयुक्तां शम्बूकैर्वा भुज्यते वाज्यमिश्रैः॥

शुद्ध गन्धक, अश्वगन्धा, जेठीमधु, सिलाजित, रससिन्दूर, वनतुलसीको मञ्जरी र सिमलको खोटो बराबर लिई मह र घिउ मिसाएर उचित मात्रामा खाने गर्नू । अथवा यो धूलोमा सिपीको भस्म र घिउ मिसाएर सेवन गर्नू । यसले वीर्यस्तम्भन हुन्छ र शरीर पनि पुष्ट हुन्छ ।

सिन्दूरमधुनो लेपं लिङ्गस्य कुरुते यदि । अत्यर्थं रमते नारीं द्रावयेद्वशमानयेत्॥

सिन्दूरलाई महमा मिसाएर पुरुषले आफ्नो जननेन्द्रियमा दली सहवासमा अति संलग्न हुँदा पनि वीर्यस्तम्भन हुन्छ र उसले पत्नीलाई पगाली आफ्नो वशमा पार्ने गर्दछ ।

कृकवाकूग्रपिच्छं तु मुद्रिकाकारकं कृतम् । ऊर्णनाभेः सुजालेन वेष्टयित्वाऽथ धारयेत्॥
वामहस्तकनिष्ठायां नरो वीर्यं न मुञ्चति॥

मयुर वा कुखुरोको तिखो पुच्छरलाई औंठी जस्तो बनाएर त्यसलाई माकुराको जालोले बेरी देब्रे हातको कान्छी औंलामा लगाई ग्राम्यधर्ममा संलग्न हुने पुरुषको चाँडो वीर्यस्खलन हुँदैन ।

कर्पूरं टङ्कणं सूतं मुनिपुष्परसं मधु । मर्दयित्वा लिपेत्तेन लेपो यावत्तु तिष्ठति॥

कपूर, स्वाग, पारोभस्म, अगस्ति फूलको रस र मह मिसाएर पिसी लेप बनाएर पुरुषले ग्राम्यधर्ममा संलग्न हुनुपूर्व आफ्नो जननेन्द्रियमा दल्नू । जबसम्म लेप रहन्छ तबसम्म वीर्य स्खलन हुँदैन ।

लिङ्ग तु पुण्डरीकस्यचूर्णीकृत्य प्रयोजयेत् । मधुना तिलकं कृत्वा रेतस्तम्भं करोत्यलम्॥

सेतो कमलको फूलका मोटा मोटा पत्ती सुकाएर कुटी धूलो बनाउनू । यो धूलो महमा मिसाएर पिसी पुरुषले आफ्नो जननेन्द्रियमा दल्नू र ग्राम्धयधर्ममा संलग्न हुनू । धेरैसमय वीर्यस्खलन हुँदैन ।

कर्पूरं रससंयुक्तं सौभाग्यं रससंयुतम् । लेपाय क्रियते नित्यं नाम्ना मदनजीवनः॥

कपूर र पारोभस्म अथवा स्वाग र पारोभस्म मिसाएर पुरुषले आफ्नो जननेन्द्रियमा दल्नू । मदनजीवन नामले प्रसिद्ध यो रसले नित्य कामदेवलाई जागा राख्दछ अर्थात् वीर्यलाई चाँडै पतन हुनबाट रोक्दछ र पत्नीलाई सहवासकालमा पगाल्दछ ।

(ञ) **रस-रत्नाकर, सिद्धनित्यनाथ :**

सिद्धं कुसुम्भतैलं भूमिलताचूर्णमिश्रितं कुरुते । चरणाभ्यङ्गे पुंसां बीजस्तम्भं दृढं लिङ्गम्॥

पकाएको कुसुमको तेलमा गँडेउलाका धूलो मिसाएर दुवै गोडामा दल्नाले सहवासकालमा पुरुषको वीर्यस्तम्भन हुन्छ र जननेन्द्रिय पनि बलियो हुन्छ ।

कर्पूरगोपाङ्गनीरलेपात्स्त्रीणां परं स्रावणमेव पुंसाम् ।
पिष्ट्वास्थितास्तम्भनमेवलिङ्गे वदन्ति वैद्या इति चित्रमेतत्॥

कपूर, अनन्तमूलका बीज, र शुद्ध पारोभस्म बराबर जम्मा पारी अनन्तमूलकै रसमा मिसाएर त्यसले जननेन्द्रिय धुनाले पुरुषको वीर्यस्तम्भन हुन्छ । यो लगाउनाले स्त्रीको जननेन्द्रिय पनि द्रवीभूत हुने गर्दछ ।

नीलोत्पलपतिपङ्कजकेशरमधुशर्करावलिप्तेन । सुरते सुचिरं रमते दृढलिङ्गं नाभिविवरेण॥
नीलोत्पलसितसरसिजयोः केशरम् । एभिर्नाभिं लिप्त्वा बीजानां धारणाच्चिरं रमत्॥

नीलकमल र सेतो कमलको केसर पिसी मह र चिनीमा मिसाएर नाइटोको प्वालमा लेप दल्नाले अनेक पटक सहवास गर्ने शक्ति हुन्छ र पुरुषको जननेन्द्रिय पनि बलियो हुन्छ ।

श्वेतकोकिल नेत्राङ्घ्रि भुजे शिरसि वा धृतः । शाखोट बीजं त्वैलं वा तिलकाद्वीजधारणम्॥
(श्वेतकोकिलका श्वेतकुलियाख्यस्य मूलकम् ।)

सेतो तालमखनाको जरा गोडामा वा पाखुरामा वा टाउकामा बाँध्नाले अथवा खाक्सीको बीजको तेल वा तराइतिर मोध भनिने लोधविशेषको बीजको तेल धारण गर्नाले वीर्यस्तम्भन हुन्छ ।

श्वेतक्षुद्रा जटा बिम्वी मार्जारास्थि च्युतास्थिरा॥
करोति नियतं तद्धि बीजस्तम्भं दृढध्वजम् । श्वेतक्षुद्रा श्वेतबृहती स्थिरा शालपर्ण्यपि॥

सेतो कण्टकारीको जरा, गोलकाँक्री (बिम्वी), बिरालोको हाडको धूलो र साकिनु मिसाएर पिसी लेप दल्नाले वीर्यस्तम्भन हुन्छ ।

एककरञ्जोदर कृत स धवल शरपुङ्ख पारदो नियतम् । धारयति बीजवेगं पुंसा वदनार्पितो यावत्॥

पारोभस्म र साकिनुको धूलो मिसाएर कुबेराक्षको फलभित्र हाली जबसम्म मुखमा लिइरहिन्छ तबसम्म वीर्यपतन हुँदैन ।

महासुगान्धिकामूलं कटांस्थं बीजधृङ्मतम्॥

सर्पगन्धा वा चाँदमरुवाको जरा कम्मरमा बाँध्नाले वीर्यस्तम्भन हुन्छ ।

श्वेतार्कमूलवर्त्या वराहमेदः प्रदिग्धयादीपः । स्तब्धं पुरुष वराङ्गं धारयति बीजं शर्वरीं सकलाम्॥

सेतो आँकको भुवाको बत्ती बनाएर बनेलको बोसोमा मिसाई बालेर राख्नाले रातभर वीर्यस्तम्भन हुन्छ ।

डूण्डुभोनामयः सर्पः कृष्णवर्णस्तमाहरेत् । तस्यास्थि च कटौ बद्ध्वा नरो वीर्यं न मुञ्चति॥

डुण्डुभी नामको कालो सर्पको हाड कम्मरमा बाँध्नाले वीर्यस्तम्भन हुन्छ ।

चरणयुग लेपेन स्तम्भयति पुरुषबीजं योगोऽयं यामिनीं सकलाम् । आजं वज्रीक्षीरं लज्जालुमूलं पिष्ट्वा चरणयुग लेपेन सुतेरिव तोयवेगं धारयति पुरुषबीजम्॥

बाख्रीको दूध, सिउँडीको दूध र गाईको घिउ मिसाएर दुवै गोडामा दल्नाले लामो समयसम्म वीर्यस्तम्भन हुन्छ । बाख्रीको दूध, सिउँडीको दूध र लज्जावती झार मिसाएर पिसी दुवै गोडामा दल्नाले लामो समयसम्म वीर्यस्तम्भन हुन्छ ।

नागवल्लीदलद्रावैः सप्ताहं शुद्धसूतकम् । मर्दयेद्रावयेदम्लैश्चतुर्निष्क प्रमाणतः॥
विषतुण्डगतं सूतं विषेणाऽपि निरोधयेत् । ततः सूकरमांसस्य गर्भे क्षिप्त्वा तु शोधयेत्॥
सन्ध्याकाले बलिं दत्त्वा कुक्कुटं बलिसंयुतम् । ततश्चुल्ल्यामयः पात्रे तैले धुस्तूरजे पचेत्॥
क्षिप्त्वा वंशानले पाच्यं तादृशं मांसपिष्टकम् । सन्ध्यामारभ्य मन्दाग्नौर्यावत्सूर्योदयो भवेत्॥
हठाज्जागरणं कुर्यादन्यथा नैव सिध्यति । प्रातरुत्थाय गुटिकां क्षीरभाण्डो विनिक्षिपेत्॥
क्षीरं सा पिबति क्षिप्रं प्रजायते प्रत्ययो महान् । रतिकाले मुखेधार्या गुटिका वीर्यधारिणी॥
क्षीरं पीत्वा रमेन्नारीं यथा कामसुखार्थिनः । मुखस्था गुटिका यावत्तावद्वीर्यस्य रोधिनी॥

चार निष्क शुद्ध पारो नागरपानको रसमा ढड्याएर पुनः अम्लवर्गमा ढड्याउनू । त्यसपछि विषतुण्डमा राखी विषले बन्द गर्नू । अनि बनेलको मासुभित्र राखी शुद्ध पार्नू । त्यसपछि साँझमा कुखुरो मारेर त्यसको मासुसँग फलामको भाँडामा धतुरोको तेल हालेर पकाउनू । अनि बाँसका मन्द आगोमा साँझ हुँदा पकाउन थाल्नू । बेलैमा जागा भएर हेर्दै बिहान सम्म पकाउनू । त्यसपछि गोली बनाएर दूधमा डुबाउनू । जब यसले दूध सोस्दछ तब प्रयोग गर्नू । सहवासकालमा जबसम्म यो गोली मुखमा रहन्छ तबसम्म वीर्यस्तम्भन भइ नै रहन्छ ।

अफेनजातीफलयोः प्रत्येकं रक्तिका त्रयम् । कर्पूरस्य च रक्त्येका सप्तच्छदसुमस्य च॥
पञ्चरक्ति प्रमाणन्तु ग्राह्यमिन्द्राशनस्य च । मासकञ्च चतुर्ग्राह्यं मधुना लेह उत्तमः॥
धार्यं कदापिनो वीर्यं रमेत्स्त्रीणां शतानि च॥

अफीम र जाइफल तीन तीन रत्ती, कपूर एक रत्ती, छतिवनको फूल पाँच रत्ती र भाङ चार मासा मिसाएर पिसी महमा मिसाएर गोली बनाउनू । सय वटी स्त्रीसँग रमण गरेपनि जबसम्म गोली मुखमा हुन्छ तबसम्म वीर्यस्तम्भन हुन्छ ।

पुरुष जननेन्द्रिय वृद्धिका उपाय

(क) उड्डीश तन्त्र, रावण-शिव संवादात्मक :

लघुसूक्ष्मेन लिङ्गेन नैव तुष्यन्ति योषितः । तस्मात्तत्प्रीतये वक्ष्ये स्थूलीकरणमुत्तमम् ॥

पुरुषको छोटो र मसिनो जननेन्द्रियबाट स्त्री सन्तुष्ट हुँदैनन् यसैले तिनले आफ्ना स्त्री सन्तुष्ट पार्न जननेन्द्रियलाई मोटो र लामो बनाउनु पर्दछ ।

कुष्ठस्य मातङ्गबलाबलानां, वचाश्वगन्धा गजपीप्पलीनाम् ।
तुरङ्गशात्रोर्नवनीतयोगाल्लेपेन लिङ्गोमुसलत्वमेति ॥

कूट, पिप्ला, दुवै थरी बलु, बोझो, अश्वगन्धा, गजपिप्ला र करवीरलाई नौनी हालेर पिसी लेप लगाए पुरुषको जननेन्द्रिय मुसल जस्तै मोटो र लामो हुन्छ ।

सलौ(लो)ध्रकाश्मीरतुरङ्गगन्धा, मातङ्गगन्धापरिपाचितेन ।
तैलेन वृद्धि खलु याति लिङ्गं, वराङ्गनालोकमनोहरं तत् ॥

लोध, केसर, अश्वगन्धा, पिप्ला र शालपर्णी बराबर मात्रामा लिई सर्सिउँको तेलमा पकाएर लेप बनाई मालिस गर्नाले पुरुषको जननेन्द्रिय स्त्रीका लागि सुखदायक हुनेगरी बढ्दछ ।

हयारिपल्लीनवनीतमध्ये वचाबलाभागरसामयैश्च ।
लेपेन लिङ्गं सहसैव पुंसां लोहोपमं स्यादितिदृष्टमेतत् ॥

भैंसीको नौनीमा बोझो, बलु र पारो (भस्म) मिसाएर लेप बनाई दल्नाले पुरुषको जननेन्द्रिय तुरुन्त फलाम जस्तो कडा बन्दछ ।

भल्लातकास्थिजलशूकमथाब्जपत्रमन्तर्विमर्द्यमतिमान्सहसैन्धवेन ।
एतद्विरूढवृहतीफलतोयपिष्टमालेपनं तुरगवद्विमलीकृतेऽङ्गे ॥

भलायोको गुदी, सिवाँली (पानी झ्याउ) र कमलको पातलाई पोली सिँधिनुन मिसाएर बिहीँको पानीमा पिस्नू र लेप बनाउनू । यो लेप दल्नाले पुरुषको जननेन्द्रिय घोडाको जस्तो लामो र कडा बन्दछ ।

वाराहवयसा लिङ्गं मधुना सह लेपयेत् । स्थूलं दृढं च दीर्घं च मासाल्लिङ्गं प्रजायते ॥

सुँगुरको बोसोलाई महमा मिसाएर एक महिनासम्म दल्नाले पुरुषको जननेन्द्रिय मोटो, बलियो र लामो हुन्छ ।

अश्वगन्धावरी कुष्ठ मांसी सिंहीफलान्वितम् । चतुर्गुणेन दुग्धेन तिलतैलं विपाचयेत् ॥
स्तनलिङ्गकर्णपाणिवर्धनं भक्षणादितः । तद्वच्च मुसली साज्यालेपाल्लिङ्गस्य दार्ढ्यकृत् ॥
पिप्पली लवणक्षीरसितालेपोऽपि दीर्घकृत् ।

अश्वगन्धा, कुरिलो, कूट, जटामसी र कण्टकारीको फललाई चौबर दूध र तिलको तेलमा पकाएर यसको लेप दल्नाले तथा यो खानाले स्तन, पुरुष जननेन्द्रिय, कान आदि बढ्दछन् अर्थात् मोटो हुन्छन् । यसैगरी मुसलीकन्दको धुलो घिउमा पकाएर दल्नाले जननेन्द्रिय बलियो हुन्छ । पिप्ला, सिँधेनुन र मिश्रीलाई दूधमा मिसाएर लेप बनाई दल्नाले पनि पुरुषको जननेन्द्रिय लामो हुन्छ ।

मांसीं वा(वी)क्षफलं कुष्ठमश्वगन्धां शतावरीम् ॥ तैले पक्त्वा प्रलेपेत लिङ्गस्थौल्यं भवेद्ध्रुवम् ।

जटामसी, बर्रो, कूट, अश्वगन्धा र कुरिलोलाई तेलमा पकाएर लेप बनाई दल्नाले निश्चय नै पुरुषको जननेन्द्रिय मोटो हुन्छ ।

सूतको ह्यश्वगन्धा च रजनी गजपिप्पली ॥
सिता युक्ता जलैः पिष्ट्वा मासैकं लेपयेत्तदा । अद्भुतं वर्द्धयेल्लिङ्गं योनिकर्णस्तनानि च ॥

पारो (भस्म), अश्वगन्धा, हलेदो, गजपिप्ला र मिश्रीलाई मिसाएर पानीमा पिसी लेप बनाएर दल्ने गरेमा एक महिनामा पुरुषको जननेन्द्रिय, स्त्रीको जननेन्द्रिय, कान र दूध अचम्मसँग बढ्दछ ।

(ख) **चक्रदत्त :**

भल्लातकबृहतीफलदाडिमफलवल्कसाधितं कुरुते ।
लिङ्गं मर्दनविधिना कटुतैलं वाजिलिङ्गाभम् ॥

भलायो, बिहीँको फल, अनारको फलको बोक्रा हाली विधिपूर्वक पकाइएको सर्सिउँको तेलले मालिस गर्नाले पुरुषको जननेन्द्रिय घोडाको जस्तै मोटो हुन्छ ।

कनकरसमसृणवर्तितहयगन्धामूलविश्वपर्युषितम् ।
माहिषमिह नवनीतं गतबीजे कनकफलमध्ये ॥
गोमयगाढोद्वर्तितपूर्वं पश्चादनेन सम्लिप्तम् । भवति हयलिङ्गसदृशं लिङ्गं कठिनाङ्गनादयितम् ॥

धतुरोको फलको बीज निकाली त्यो खोक्रो फलमा मसिनो पारी पिसिएको धतुरोको रस, अश्वगन्धको जरा, सुठो र भैँसीको नौनी हालेर भर्नू । एक दिनरात राखेपछि पहिले जननेन्द्रियमा गाई गोबर दली त्यसपछि यसको लेप दलू । यसो गर्नाले जननेन्द्रिय घोडाको जस्तो मोटो भई पुरुषको स्त्रीको प्रिय हुन पुग्दछ ।

अश्वगन्धावरीकुष्ठमांसीसिंहीफलान्वितम् । चतुर्गुणेन दुग्धेन तिलतैलं विपाचयेत् ॥

स्तनांलिङ्गकणपाांलवधनं म्रक्ष्णाांदंदम्॥

अश्वगन्धा, कुरिलो, कूट, जटामसी र कण्टकारीको फलको धूलो चौबर दूध हाली पकाइएको तिलको तेलले मालिस गर्नाले स्तन, जननेन्द्रिय र कानको लोती बढ्दछ ।

भल्लातकबृहतीफलनलिनीदलसिन्धुजलशूकैः ।
माहिषनवनीतेन च करम्बितैः सप्तदिनमुषितैः॥
मूलेन हयगन्धाया माहिषमलमर्दितपूर्वमथ । लिप्तं भवति लघुकृतरासभलिङ्गं ध्रुवं पुंसाम्॥

भलायो, बिहीँको फल, कमलका पत्ती, सिँधेनुन र शूक (जलजन्तुविशेष) पिसी भैँसीको नौनीमा पिसी सात दिन राखेर पहिले जननेन्द्रियमा भैँसीको गोबर दली त्यसपछि अश्वगन्धाको जरा पिसेर लेप दल्नु पर्दछ । यसो गर्नाले मानिसको जननेन्द्रिय गधाको भन्दापनि मोटो हुन पुग्दछ ।

(ग) भावप्रकाश संहिता :

अश्वगन्धावरीकुष्ठं मांसीसिंहीफलान्वितम् । चतुर्गुणेन दुग्धेन तिलतैलं विपाचयेत्॥
तत्तैलं मेढ्रवक्षोजकर्णपालिविवर्द्धनम्॥

अश्वगन्धा, कुरिलो, कूट, जटामसी र बिहीँ हालेर यसको चौबर तिलको तेल र तेलको चौबर दूधमा हालेर विधिपूर्वक पकाइएको तेललाई “अश्वगन्धादि तैल” भनिन्छ । यो तेल दलेर मालिलस गर्नाले पुरुषको जननेन्द्रिय, स्तन र कानको लोती बढाउँदछ ।

(घ) भैषज्य रत्नावली :

अश्वगन्धा वरीकुष्ठं मांसी सिंहीफलान्वितम् । चतुर्गुणेन दुग्धेन तिलतैलं विपाचयेत्॥
स्तनलिङ्गकर्णपालिवर्द्धनं म्रक्षणादिदम्॥

अश्वगन्धा, कुरिलो, कूट, जटामसी र बिहीँको फल बराबर मिसाएर यसको चौबर दूधमा एक सेर तिलको तेल समेत हाली विधिपूर्वक पकाउनू । तेल मात्र बाँकी भएपछि झिक्नू । यो तेलले मालिस गर्ने गर्नाले स्तन, पुरुषको जननेन्द्रिय र कानको लोती बढ्दछ ।

नोटः बताइए पनि कुनै पनि जीवजन्तु मिसिएको विषालु लेप प्रयोग नगर्नू ।

सहवासमा तन्त्र, मन्त्र एवं ओखतीको प्रयोग

(क) अर्कप्रकाश :

सद्यो मृतस्य ग्रीवार्कं क्लिन्नवस्त्र करीरके । दृढीकृतन्तु कीलेन शय्यायां परिधारयेत्॥
युक्तावेतौ प्रजायेतां तदा नारी नरौभृशम् । वंशाद्वस्त्रस्य मोक्षेण मुक्तिः स्याच्च तदा तयोः ॥

भर्खर मरेका मानिसको जिभ्रोको आलो रगत निकाली कपडा भिजाउनू । यसमा बाँसको किला ठोक्नू । यसलाई सहवासमा संलग्न भएका मानिसका ओछ्यानमा कतै राखी दिनू । तब सहवासमा संलग्न हुने स्त्री पुरुष जोडिएका जोडियै हुने छन् । कपडाबाट बाँसको किला निकालेपछि ती छुट्टिन्छन् ।

समुद्रगामिनी नदी तदीयतीरमृत्तिकाम् । श्वकेशमस्यरेतसा सुरञ्जयेत्ततो नरः ॥
एतस्य वटिकां कृत्वा कोलमात्रां ददेतयः । सर्वाऽमनानाम्बन्धन्स्तु मोक्षोऽस्यार्कस्य पानतः ॥

समुद्रसम्म जाने नदी किनाराको माटो र कुकुरको रौं लिनू । अनि त्यही कुकुरको सहवासकालमा झरेको वीर्य र कुकुर्नीको रजमा त्यो रौं भिजाएर माटो मिसाउनू । यसका ससाना बयर जत्रा गोलि बनाउनू । यो गोलि जसलाई खान दिइन्छ त्यसको सहवास आसन खुल्दैन । पछि यसैको अर्क पिएपछि मुक्ति मिल्दछ ।

न कुर्वन्ति गुणांस्तेऽपि प्रायः कुत्सित शोधिताः । कुर्वन्ति दोषां भुक्तास्ते सिन्दूरं यदि भक्षयेद्॥
अशुद्धं वाऽथ शुद्धं वा विना मन्त्र गुरूक्तिभिः ॥ विना तेन भवेच्छीघ्रं स्वरभङ्गोमृतिस्तथा ।
राक्षसी मस्तके लग्नं दृष्ट्वा शप्तो हनूमता ॥ आदिवाराह कल्पे तु कृता तस्य च निष्कृतिः ।
तेनैव वानरेन्द्रेण श्रृणु मन्त्रं यथोदितम्॥ तार सिन्दूर पायेति सिस्थाने सम्प्रयोजयेत् ।
सिन्दूरं हलको देव चालयेति पदं वदेत्॥ री तु प्रोक्ता खलभली जी तथा कलवलीति च ।
मन्त्रः शावरमन्त्राणां शिखामणिरयं स्मृतः ॥ गुरुतो वेश्वरोपास्याद्गृहीत्वा मन्त्रमुत्तमम् ।
तं जपित्वा सहस्रं तु तद्दशांशं तु होमयेत्॥ सिन्दूरं तैलवटकैः पूजयेत्करवीरकैः ।
दूर्वाभिर्मार्जनं कार्यं पायसैर्ब्रह्मभोजनम्॥ ततः सिद्धो भवेन्मन्त्रं शम्बरासुरभाषितः ।
अनेना मन्त्र्य सिन्दूरं षण्मासं यं तु भक्षयेत्॥ विमुक्तः क्रोधलोभाभ्यां तृष्णापाशात्तथैव च ।
युक्तस्स नियमैश्शान्त्यादिभिश्चापि जितेन्द्रियः ॥ ब्रह्मचर्यपरस्यास्य बिन्दुरूर्ध्वा प्रजायते ।
महारात्रौ तु यो नग्नो जपेन्मन्त्रमनुत्तमम्॥ क्रियते येन सुधिया जपता मन्त्रमुत्तमम् ।
वानराणां च सप्तानां प्रसरं तिलकाह्वयम्॥ मोहयेत्सकलं विश्वं रणे जयति निश्चितम् ।
ललाटे तिलकं यावत्तावदीशः स एव हि ॥

जुन् धातु उत्तम तरिकाले शुद्ध गरिएको छैन ती प्रायः गुणकारी हुँदैनन् । यस्ता धातुले दोष उत्पन्न गर्दछन् । जसले शुद्ध वा अशुद्ध सिन्दूर गुरूले बताएका मन्त्र नपढी खान्छ उसलाई तुरुन्त स्वर बस्ने रोग हुन्छ, मृत्यु समेत हुन सक्दछ । एक ताका राक्षसनी निधारमा सिन्दूर लगाएको देखेर हनुमानले श्राप दिएका दिए । तर उनै हनुमानले आदि वाराह कल्पमा यसबाट पार हुने उपाय पनि बताएका

थिए । जुन् मन्त्र उनले बताएका थिए त्यो मन्त्र सुन । "ॐ तार सिन्दूरया खलभालत्वकल चालन् कालवली सिन्दूर हलकादेव चालय" । यो शावरमन्त्रको शिखामणि मन्त्र हो । गुरुबाट वा शिवका कुनै उपासकबाट यो उत्तम मन्त्र दीक्षा लिई एक हजार पटक जप गर्नू । यसपछि एक सय पटक यो मन्त्रले होम गर्नू । सिन्दूरलाई तेलमा पकाइएका पातला रोटी र करवीरको फूलले पूजा गर्नू । दूबोले पुछ्नू । ब्राह्मणहरूलाई खिर खुवाउनू । त्यसपछि यो शम्बरासुरले बताएको मन्त्र सिद्ध हुन्छ । यसपछि यो मन्त्रले मन्त्री छ महिनासम्म सिन्दूर जसले खान्छ, त्यो मानिस काम, क्रोध र लोभको बन्धनबाट मुक्त भई इन्द्रिय नियन्त्रक वा विजितेन्द्रिय हुन पुग्दछ । ब्रह्मचर्यमा रहेको मानिसले यो सिन्दूर खाए उसको वीर्य माथितिर सर्दछ अर्थात वीर्य पतन हुँदैन । महारात्रीमा नाङ्गै भई जसले यो उत्तम मन्त्र जप गर्दछ, अनि यो मन्त्र जप्दै सात वटा बाँदरका निधारमा यो सिन्दूरको टिका लगाउँदछ, अनि आफू टिका लगाउँदछ, उसले विश्वलाई नै मोहित पार्दछ, युद्धमा विजय प्राप्त गर्दछ । उसका निधारका जबसम्म यस्तो सिन्दूरको टिका हुन्छ तबसम्म उ संसारकै मालिक भएर बस्दछ ।

नोट : यी तान्त्रिक प्रयोग जानकारीका लागि मात्र दिइएको हो । प्रयोग नगर्नू ।

॥ समाप्त ॥